◆ **सम्पादकीय**
- वास्तविक शक्ति जहाँ छ ... - २
◆ **आवरण**
- अबको गति : दिशाहीनताबाट मुक्ति - **प्रदीप नेपाल** - ३
◆ **दस्तावेज**
- साझा सहमतिलाई लिएरै अघि बढ्नुपर्छ - ५
◆ **पार्टी जीवन**
- आन्तरिक व्यवस्थापनसम्बन्धी कार्यभार - ९
◆ **अन्तर्राष्ट्रिय सम्बन्ध**
- जापानी कम्युनिष्ट पार्टीको महाधिवेशनमा सहभागिता- **झलनाथ खनाल** - ११
◆ **विश्व**
- समयकी नेतृ पोर्टिया सिम्पसन- मिलर - १४
◆ **सरोकार**
- शाही आयोगसम्बन्धी फैसलाले गरेको दिशानिर्देश- **टीकाराम भट्टराई** - १५
◆ **टिप्पणी**
- दसौं बैठकका निर्णय र अन्तरनिहित पक्षहरू - **राजेन्द्र गौतम** - १७
◆ **बहस**
- नि:सर्त संविधानसभा किन र कसरी ? - **छविचन्द्र ढकाल** - १९
◆ **व्यक्तित्व**
- मार्क्सवादी सिनेकलाकार भेनेसा रेडग्रेभ - **अग्निशिखा** - २१
◆ **चिनारी**
- कम्युनिष्ट आन्दोलनका अग्रणी योद्धा - **कमला पराजुली** - २३
◆ **आन्दोलन**
- लोकतान्त्रिक आन्दोलनको अङ्ग - **विन्दा पाण्डे** - २५
◆ **साहित्य/संस्कृति**
- सत्ता संस्कृति र त्यसविरुद्धको सङ्घर्ष -**अमर गिरी** - २७
◆ **प्रश्नोत्तर**
- मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर - **गोपीरमण उपाध्याय** - २८
◆ **कथा**
- देशद्रोहीकी आमा - **म्याक्सिम गोर्की** - २९
◆ **संस्मरण**
- आधा घण्टाका जीवन-गुरु - **मोदनाथ प्रश्रित** - ३१

# वास्तविक शक्ति जहाँ छ ...

*कतिलाई लागेको होला आन्दोलन सुस्तायो । तर, आन्दोलन सुस्ताएको छैन । त्यसलाई बहिष्कृत नगरनिर्वाचन र स्वीकृत स्ववियुनिर्वाचनका परिणाममा देख्न सकिन्छ ।*

*आन्दोलन कुनै कक्षा होइन, जो प्रत्येक दिन प्रार्थना मैदानमा उभिएर सरस्वती वन्दनापछि आरम्भ गरियोस् । त्यो त एउटा प्रक्रिया हो, जनतालाई यो अथवा त्यो रूपमा आफ्ना मागहरूमा सहभागी गराइरहने ।*

*आन्दोलन कुनै एउटा सरल रेखा होइन, सिसाकलमले कोरिने । त्यो हो समय र परिस्थितिका तरङ्गहरूसँगै यताउता हुँदै अघि बढिरहने ।*

*यसपटकको जनआन्दोलन अगाडि बढिरहेकै छ । पोहोर सालको गतिविधिसँग तुलना गरेरै यो निष्कर्ष निकालिएको हो । पोहोर यतिबेला मानिसहरू सडकमा निस्किन डराउँथे, अहिले हजारौँको सङ्ख्यामा मानिसहरू सडकमा उत्रिइरहेका छन् लगातार ।*

*यो सङ्ख्या पनि थोरै भइरहेको छ निरङ्कुश सत्तालाई पराजित गर्नाका लागि । त्यसैले समयले अधिक सहभागिता, अधिक सक्रियताको माग राखेको छ ।*

*आन्दोलनलाई जनताको बीचमा पुऱ्याउन अझै सकिएको छैन भन्ने सत्यलाई हामी सबैले बोध गर्नुपर्दछ । हामीले आमउपभोक्ताका मागहरूलाई अझै पनि आन्दोलनको मुख्य रेखाचित्रमा समेटेका छैनौँ । अनिकाल लागेको छ, मानिसहरू खान नपाएर मरिरहेका छन् । अन्न खान नपाएर मात्र होइन, जङ्गलका गिट्ठा-भ्याकुर खान नपाएर पनि मानिस मरिरहेका छन् । बढेको मट्टीतेलको मूल्यबाट उम्किने कुनै बाटो छैन जनतासँग । न उनीहरू किन्न सक्छन्, न मट्टीतेल किन्न नसकेर अन्धकारमै जीवन बिताउन सक्छन् ।*

*अलमलिएकै नारा भए पनि जनताले राजनीतिक मुद्दामा केन्द्रित भएको वर्तमान आन्दोलनलाई साथ दिएका छन् । तर, राजनीतिक दलहरूले जनताका ज्वलन्त मागहरूलाई आफ्ना प्रमुख मुद्दामा सामेल गरेका छैनन् । भोकविरुद्धको आन्दोलन, अँध्यारोविरुद्धको आन्दोलन अहिले जनतालाई समेट्ने आन्दोलनका रूपहरू हुन् । तिनलाई कसरी सात दल, नागरिक समाज र सङ्घसंस्थाका मागहरूसँग जोड्न सकिन्छ भनेर तत्काल छलफल थाल्नुपर्छ ।*

*माओवादीसँगको समझदारी र उनीहरूका गतिविधिले शान्तिपूर्ण आन्दोलनमा पारेको नकारात्मक प्रभावका बारेमा पनि दलहरूले सुस्पष्ट धारणा अघि सार्नुपर्दछ । सात दल मात्रै होइन, माओवादीले पनि आन्दोलनको शान्तिपूर्ण रूप नै अवलम्बन गर्नुपर्दछ । कुनै पनि दलले बन्दुकको बलमा संविधानसभाको चुनाव स्वीकारेका होइनन् भन्ने सत्यबोध माओवादीहरूले पनि गर्नुपर्छ । शान्ति हाम्रो अभीष्ट हो र बन्दुकबाट अबको विश्वमा शान्ति आउँदैन भन्ने हाम्रो दृढ विश्वास हो, अभिमत हो । राजाप्रतिको सात दलको विरोध खालि सत्ता हत्याएको भन्नेमा मात्र होइन । मूलरूपमा राजाको बन्दुकमाथिको भरोसाको विरोध हो यो । राजाले बन्दुकको बलमा आयोजना गरेको र गर्ने चुनाव बहिष्कार गर्नु भनेको माओवादीको बन्दुकको बलको पनि बहिष्कार हो ।*

*जनता अब दास भइरहन सक्दैनन् । सेवक नहुने राजनीतिलाई जनताले अब स्वीकार पनि गर्दैनन् । यो सत्यबोध जसरी राजालाई हुनु जरुरी छ, त्यसैगरी माओवादीले पनि यो सत्यलाई जस्ताको तस्तै स्वीकार्नुपर्छ ।*

*निकास बन्दुकमा छैन, निकास जनताको अधिकारसम्पन्नतामा मात्र छ ।*

# अबको गति : दिशाहीनताबाट मुक्ति

**' प्रदीप नेपाल**

**फागुन महिनाका राजनीतिक घटना**

फागुन महिना, असंवैधानिक शाही आयोगको खारेजी, राजाको फागुन ७ गतेको सन्देश, पोखरा दर्शनभेटको नाटक, धाराशायी हुनै आँटेको अर्थतन्त्र, अमेरिकी राष्ट्रपति बुसको नेपाली प्रजातन्त्रसम्बन्धी टिप्पणी, अमेरिकी राजदूत मोरियार्टीको अनावश्यकको दौडधुप, प्रजातान्त्रिक काङ्ग्रेसका सभापति शेरबहादुरको अलमलिएको राजनीतिक टिप्पणीजस्ता टीका-टिप्पणीभित्र रुमल्लिइरह्यो । नेपाली राजनीतिका सन्दर्भमा यो एक महिना पनि बेकाममै खेर गयो ।

फागुन महिनाको सुरुआतमै संविधानसमक्ष नेपालका राजा ज्ञानेन्द्रको पराजय भयो । सर्वोच्च अदालतले शाही आयोगलाई अवैधानिकताको कसीमा घोटेर खारेज गरेपछि राजाले ‘माघ १९’ पछि गरेका सम्पूर्ण काम-कारबाही, नीतिगत एवम् कार्यकारी निर्णयहरू असवैधानिक प्रमाणित भएका छन् । सर्वोच्च अदालतको यो फैसलाले राजाको मन्त्रिपरिषद्, राजाले खोसेर लिएको कार्यकारी अधिकार र जनताको सार्वभौमतालाई रक्षा गर्ने काम गर्‍यो नै, यसले राजाले चाहेको खण्डमा सहज अवतरणको मार्ग पनि प्रस्ट देखाइदिने काम गर्‍यो । राजामा थोरै पनि प्रजातन्त्रप्रतिको सम्मान हुन्थ्यो भने राजाले फागुन २ गते नै आफू अध्यक्ष रहेको मन्त्रिपरिषद्को विघटन गर्नुपर्थ्यो र आन्दोलनरत दलहरूलाई अन्तरिम सरकारको गठन गर्न आह्वान गर्नुपर्थ्यो ।

संविधानको रक्षक भएको दाबी गर्ने राजाले सर्वोच्च अदालतको आदेशको अपहेलना गर्दै उल्टै आफ्नो निरङ्कुशतालाई सिरानी हालेर फागुन ७ गते शाही सन्देश जारी गर्ने काम भयो । राष्ट्रिय समस्यालाई सम्बोधन गर्ने काम सम्पूर्ण हिसाबले अप्रभावी रहेको उक्त सन्देश आफ्नै कारण महत्त्वहीन बन्न पुग्यो । सरकार र राज्य, दुवैको प्रमुख भएका राजामा मुलुकको धरातलीय यथार्थको पटक्कै ज्ञान रहेनछ भन्ने सत्यको सार्वजनिक जानकारी गराउने उक्त वक्तव्यले नेपाली जनताको आन्दोलनलाई रौँबराबरको प्रभाव पनि पारेन । सामान्य मानिसहरू बेस्सरी डराएका थिए, एकाध दिनका लागि । लौ राजाले वार्ताको आह्वान गरे भन्ने ढोल पनि नपिटाइएको होइन, मन्त्रिपरिषद्का शाखा सदस्यहरूबाट । तर, सातै राजनीतिक दलका नेताहरूले त्यो नक्कली वार्ता आह्वानलाई एक कानले सुने, अर्को कानको प्वालबाट बाहिर उडाइदिए ।

त्यसैले फागुन ७ गतेको राजाको पाइलो पनि बेकामे प्रमाणित भयो । आमनेपाली जनतामा हुर्किइरहेको लोकतान्त्रिक चेतका कारण उत्पन्न सजगताले राजाको पछिल्लो उल्टो कामको प्रभावलाई २४ घण्टा पनि टिकिखान दिएन ।

राजाको निजी रोडम्याप अमेरिकी राष्ट्रपतिबाट पहिरै ल्याएर पुर्ने काम भयो । नेपालका राजा निकैपछिसम्म पनि अमेरिकी टेकोपुँडोप्रति आशावादी थिए । अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीका अस्थिर वक्तव्यहरूले राजालाई राम्रो टेवा दिएको थियो । तर, फागुन महिनाको सुरुमा अमेरिकी उपविदेशमन्त्री र महिनाको मध्यमा स्वयम् अमेरिकी राष्ट्रपतिको नेपालमा प्रजातन्त्र छैन भन्ने निष्कर्षपूर्ण वक्तव्यले राजालाई रन्थन्याएको छ । यसबीचमा चीन र जापानका नीतिहरूमा देखापरेका परिवर्तनहरूले पनि राजाको रोडम्यापलाई कमजोर पार्ने नै काम गरेका छन् ।

फागुन महिनाको काम नलाग्ने निकृष्ट प्रयत्न भनेको आन्दोलनकारी शक्तिमा विभाजन पैदा गराउने दक्षिणपन्थी गठबन्धनको प्रयत्न थियो । विभाजित भएका दुई काङ्ग्रेसहरू आफ्नै प्रक्रियाअन्तर्गत मिल्नु राम्रो हो, नेपाली राजनीतिमा त्यो वर्तमानको आवश्यकता पनि हो । तर, कृत्रिम ढङ्गले त्यसलाई एउटा बनाउन खोज्नु, त्यो गठबन्धनमा राप्रपा र जनशक्तिलाई समेत समावेश गर्ने प्रयत्न हुनु अहिलेको नेपाली राजनीतिको नकारात्मक गुरुको परिचय देखाउनु हो । फागुनका पछिल्ला दिनमा दुइटा गठबन्धनकारी मोर्चाको विशेष चर्चा चलेको छ । एउटा राष्ट्रको मल्खु बेची खाने राजावादी चरमदक्षिणपन्थी मोर्चा र अर्को आन्दोलनरत सात दलको नेतृत्वमा संयुक्त प्रजातान्त्रिक मोर्चा । राजावादी मोर्चाको निर्माण हुने र त्यसले नेपाली राजनीतिमा कुनै अर्थपूर्ण प्रभाव राख्ने कुरालाई अहिले कल्पनाको खाजा बनाइदिऊँ । तर, बन्नै पर्नुपर्ने राष्ट्रिय प्रजातान्त्रिक मोर्चालृ गएको महिनामा सफलता पाउन सकेन । यसलाई हामीले नेपाली राजनीतिको दुःखद पाटो मान्नैपर्छ ।

राजनीतिक नेताहरूमा रहेको अन्योल र अस्पष्टताले आन्दोलनमा द्विविधा अनि कहिलेकाहीँ निराशा नै पैदा गर्छ । एक सातासम्म प्रजातान्त्रिक काङ्ग्रेसका शेरबहादुर देउवाका अलमलिएका अभिव्यक्तिहरूले मुलुकको राजनीतिमा तनाव पैदा गर्‍यो । बाहिर मात्र होइन, उहाँको बोलीका कारण स्वयम् उहाँको पार्टीभित्रै समस्या पैदा भयो । यो नकारात्मक गतिलाई त सात आन्दोलनकारी दलका नेताहरूले सामसुम पारे । तर, नचाहिने कुरा बोलेर स्वयम् शेरबहादुर देउवाले आफूलाई सन्देहको घेरामा फसाउनुभयो ।

**नारामा रहेको अन्योलमाथिको छलफल**

हाम्रो पार्टीको केन्द्रीय कमिटीको नवौँ बैठकले मुलुकको चालू आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने निर्णय गरेको थियो । हामीले आफ्नो आन्दोलनलाई सम्पूर्ण हिसावले शान्तिपूर्ण र अहिंसात्मक बनाउने प्रतिबद्धता जाहेर गरेका थियौँ र त्यसलाई आफ्नो व्यवहारमा उतारेका पनि थियौँ । हाम्रो राजनीतिक निर्णय तथा हाम्रो आन्दोलनको रूप समयोचित र सही थियो । तर, त्यो सही काम समयमै सात आन्दोलनरत दलको साझा माग बन्न सकेन । त्यसैले गएका केही महिनामा माग र नाराका सन्दर्भमा हामीले सञ्चालन गरिरहेको आन्दोलन अन्योलपूर्ण देखियो । नारामा रहेको यो अन्योलले विशेष गरेर लोकतान्त्रिक आन्दोलनका नागरिकहरूलाई दलप्रति नै अस्पष्ट पार्ने काम गर्‍यो । फेरि एकचोटि आन्दोलनरत दलहरूलाई जनताको निगरानीमा उभ्यायो ।

जनताले दलका प्रत्येक काम, नीति र निर्णयप्रति चासो राख्नु अत्यन्तै राम्रो र आवश्यक कुरा हो । अहिले दलहरूप्रति सोझिएको प्रश्न हो- हामी सम्पूर्णतामा लोकतन्त्रउन्मुख हुँदैछौँ या हामी राजालाई संवैधानिक संस्थाकै रूपमा स्वीकार गर्न गइरहेका छौँ ? निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रप्राप्तिको एउटा व्याख्या के हो ? भन्ने प्रश्नको उत्तर खोजिरहेको छ देशले । राजनीतिमा वार्ता हुँदै हुँदैन भन्ने उल्टो कुरा त कसैले सोचेका छैनन् तर वार्ताको आधार के हो ? यो पनि जिज्ञासुहरूको एउटा प्रश्न हो ।

यद्यपि, सात राजनीतिक दलहरू गम्भीर छलफलमा लागेका छन् यतिबेला । तर पनि राजनीतिक अग्रगमनका लागि हामीले मुलुकलाई लोकतान्त्रिक दिशामा अघि बढाउने कामलाई निरन्तरता दिइरहनुपर्छ । यो हाम्रो प्रचारात्मक नारा भइरहनुपर्छ । यो नारा उठाउने हामी सबैले के पनि बुझ्नुपर्छ भने- आमजनता चेतनशील नभई मुलुकमा गणतन्त्र आउँदैन, गणतन्त्र फस्टाउँदैन । त्यसैले लोकतान्त्रिक गणतन्त्रको दिशालाई मुलुकभरि प्रचारको मुद्दा बनाइरहनुपर्छ ।

लोकतान्त्रिक गणतन्त्रको प्राप्ति हुन्छ कि हुँदैन ? यो प्रश्नको कुनै अर्थै छैन । यसको उत्तर राजनीतिक दलका नेता र कार्यकर्ताहरूको दृढतामा समेटिएको छ । जनतालाई जगाउन सकेको खण्डमा नेपालमा लोकतान्त्रिक गणतन्त्र अवश्यम्भावी

छ । तर, लोकतान्त्रिक गणतन्त्र एकाध जुलुसले ल्याउने होइन, त्यसका लागि निरन्तर, अथक सङ्घर्षको मानसिकता सबै दलहरूमा हुनुपर्छ ।

जहाँसम्म वार्ताको कुरा हो, त्यसको एउटा आधार दिनुपर्छ पार्टीले भन्ने जनचाहना गलत होइन । कोसँग वार्ता गर्ने भन्ने प्रश्नको निराकरण भइसकेको छ । दलहरू सरकारसँग वार्ता गर्दैनन् । दलहरूले वार्ता गर्ने भनेको राजासँग हो । नेपालमा राजा र मन्त्रिपरिषद् एकअर्कामा गुजुल्टिएको छ । प्रजातान्त्रिक शासनप्रणालीमा राजा नै प्रधानमन्त्री हुने चलन हुँदै हुँदैन । अहिलेको नेपालमा त्यसैले संवैधानिक राजा छैनन् । अहिले मन्त्रिपरिषद्को अध्यक्षका रूपमा उनको वैधानिकता हस्तान्तरित भएको छ । यस्तो बेढङ्गे स्थितिमा दलहरूले राजासँग वार्ता गर्ने कुरै आउँदैन ।

राजा र दलबीच वार्ता होस्, सबै संवैधानिक शक्तिहरू एक होऊन् भन्ने कामना गर्नेहरूले बुझ्नुपर्छ- राजा र दल दुवैले संवैधानिक हुनुपर्छ अनि मात्र वार्ता राजनीतिक वार्ता सम्भव हुन्छ । अहिले राजाको संवैधानिकता समाप्त भएको छ । त्यसैले पहिले राजाले आफूलाई संवैधानिक बनाउनुपर्छ । राजा संवैधानिक हुनु भनेको ०४७ सालको संविधानको पूर्ण क्रियाशीलता हो । अर्थात् जनताको सार्वभौमसत्ता, मन्त्रिपरिषद्को कार्यकारी अधिकार, सरकारी कामकाजमा राजाको हस्तक्षेपको सम्पूर्ण समाप्ति नै राजा र दलका बीचमा वार्ता हुने न्यूनतम आधार हो । यो आधार खडा गर्न राजाले पहिले आफूले नेतृत्व प्रदान गरिरहेको मन्त्रिपरिषद् भङ्ग गर्नुपर्छ, विघटित प्रतिनिधिसभा प्रभावी रहेको सर्वदलीय अन्तरिम सरकार गठन गर्नुपर्छ । त्यही सरकारले राजा र माओवादीसँग शान्तिवार्ता आरम्भ गर्छ र राजनीतिलाई सकारात्मक निकास दिन्छ ।

**माओवादी समस्याको निराकरण**

फागुन महिनाभरि नेकपा माओवादी पनि राजनीतिमा छाइरहयो । तर, यसपालिको त्यसको छवाइ प्रगतिसूचक रहेको देखिएन । त्यसको हिंसात्मक आक्रामकताले शान्तिपूर्ण आन्दोलनमाथि नकारात्मक असर पुऱ्यायो । राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा बलियो बन्दै गइरहेको त्यसको शान्तिप्रतिको प्रतिवद्धतालाई पछिल्ला घटनाहरूले कमजोर मात्रै पारेका छैनन्, तिनले माओवादी पार्टीको आधारभूत चरित्रमै आतङ्कवादीको बिल्ला लगाउन राज्यपक्षलाई मद्दत पुऱ्याएका छन् ।

सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीको विरोध गर्नेलाई सीधै शान्तिविरोधी भन्ने टीको लाइदिए हुन्छ । १२ बुँदे समझदारीको सार भनेको हिंसात्मक सङ्घर्षमा लागिरहेको माओवादी पक्षलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा समाहित गराउनु हो, हिंसाका कारण असफल राष्ट्र बनिसकेको नेपाल राष्ट्रलाई जोगाउने अन्तिम प्रयत्न हो । माओवादीको व्यवहार सुध्रिएको छैन भने सुधार्न लगाउनु सबै शान्तिप्रेमीहरूको दायित्व हो । राजाको कित्ताबाट गरिएको जस्तो चुड्के टिप्पणी अनि १२ बुँदे समझदारीप्रतिको नकारात्मक अभिव्यक्तिले हिंसाजनित माओवादी समस्याको समाधान हुँदैन ।

यथार्थमा सात दल र माओवादीका बीचमा भएको शान्ति, बहुलवाद, प्रजातन्त्र, मौलिक हक, मानवअधिकार समेटिएको १२ बुँदे समझदारी भोलि राजाले समेत सम्मान गर्नुपर्ने समझदारी हो । नेपालमा शान्ति चाहिन्छ भन्ने जो-कोहीले पनि १२ बुँदे समझदारीलाई स्वीकार गर्नैपर्छ । माओवादी शक्तिलाई तिरस्कार गरेर नेपाली राजनीतिका कुनै पनि समस्या समाधान हुँदैनन् भने बन्दुकको बलमा माओवादीलाई सखापै पार्छु भन्ने कल्पना पनि अब नेपालमा कसैले गर्नुहुँदैन ।

अहिले सात राजनीतिक दल र माओवादीका बीचमा समझदारी भएको छ । त्यस्तै समझदारी अन्यान्य सङ्गठनहरूसँग पनि हुनुपर्छ । राष्ट्रिय गोलमेच सम्मेलनमा पुग्नुअगाडि नै सबैका बीचमा यस्ता समझदारी बन्दै गए भने उक्त गोलमेच सम्मेलन सहज हुनेछ, त्यसका निर्णयहरू सबैका लागि सहज मान्य हुनेछन् ।

■

# 'राजबन्दी रिहा गर'- आन्दोलन

काठमाडौँ । असंवैधानिक शाही सरकारले नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललाई महिनौँसम्म स्थानहद गरेको विरोधमा र सबै राजबन्दीहरूको रिहाइको मागसहित नेकपा (एमाले) केन्द्रीय सम्पर्क विभागले फागुन २७ देखि चैत ८ गतेसम्म धर्नासहित आन्दोलनको कार्यक्रम निर्धारण गरेको छ ।

निर्धारित कार्यक्रमअनुसार फागुन २९ गते केन्द्रीय सम्पर्क विभाग, प्ररायुसंघ र अनेरास्ववियुको संयुक्त जुलुस प्रदर्शन तीनकुनेमा र चैत ४ गते माइतीघरको मण्डलामा केन्द्रीय सम्पर्क विभागको शान्तिपूर्ण धर्ना कार्यक्रम रहेको छ ।

यसैगरी, फागुन २७ गते मेची/कोशी अञ्चल सम्पर्क मञ्च र मातहतका जिल्ला सम्पर्क मञ्चहरूको, चैत ३ गते नारायणी अञ्चल सम्पर्क मञ्च र मातहतका जिल्ला सम्पर्क मञ्चहरूको, चैत ५ गते सगरमाथा/सेती/महाकाली/कर्णाली अञ्चल सम्पर्क मञ्च र मातहतका जिल्ला सम्पर्क मञ्चहरूको, चैत ६ गते बागमती अञ्चल सम्पर्क मञ्च र मातहतका जिल्ला सम्पर्क मञ्चहरूको, चैत ७ गते गण्डकी/धौलागिरी अञ्चल सम्पर्क मञ्च र मातहतका जिल्ला सम्पर्क मञ्चहरूको र चैत ८ गते लुम्बिनी, भेरी, राप्ती अञ्चल सम्पर्क मञ्चहरू र मातहतका जिल्ला सम्पर्क मञ्चहरूको मनोहरा पुलमा धर्ना कार्यक्रम राखिएको छ ।

स्मरणीय छ, गत माघ ६ गतेदेखि नै एमाले महासचिव माधवकुमार नेपाल स्थान हदमा राखिनुभएको छ भने अन्य पार्टीका नेताहरू रामचन्द्र पौडेल, नरहरि आचार्य, गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, प्रदीप गिरी, प्रकाशशरण महत, प्रेम सुवाल, हृदयेश त्रिपाठीलगायत नागरिक समाजका देवेन्द्रराज पाण्डे, मथुराप्रसाद श्रेष्ठ, श्याम श्रेष्ठ र मानवअधिकारवादी कृष्ण पहाडी बन्दी अवस्थामा रहनुभएको छ ।

# साझा सहमतिलाई लिएरै अघि बढ्नुपर्छ

**नवौं बैठकको महत्त्व**

पार्टी केन्द्रीय कमिटीको नवौं बैठक लोकतान्त्रिक आन्दोलनको इतिहासमा एउटा महत्त्वपूर्ण घटना थियो । उक्त बैठकले वर्तमान आन्दोलनलाई शान्तिपूर्ण रूपले लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउने निर्णय गरेको थियो । नवौं बैठकले लिएको उपरोक्त निर्णय समयोचित र सही थियो भन्ने कुरा त्यसयताका घटनाक्रमले पुष्टि गरेका छन् । समयक्रममा नवौं बैठकका निर्णयहरूको महत्त्व अझै बढ्न गएको छ र तिनलाई नयाँ उचाइमा उठाउँदै आन्दोलनको आधारलाई अझ ज्यादा विस्तार र सुदृढ तुल्याउनुपर्दछ ।

हामी यतिबेला सात राजनीतिक दलद्वारा सञ्चालित संयुक्त जनआन्दोलनमा छौं । हाम्रो आन्दोलनलाई सफल बनाउन सात दलबीचको समझदारी र एकता अझै बलियो बनाउनुपर्छ । सात दलबीचको सहमतिलाई सुदृढ पार्दै, एकतालाई अझ उन्नत बनाउँदै अघि बढ्नुपर्छ । आन्दोलनलाई प्रभावकारी बनाउन आन्दोलनको माग र नारालाई अद्यावधिक गर्नुपर्ने आवाज उठिरहेको छ । आन्दोलनकारी शक्तिहरूको ठूलो सङ्ख्या र आमजनसमुदाय निरङ्कुश राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई आन्दोलनको लक्ष्य बनाउनुपर्दछ भन्ने पक्षमा छन् । लोकतान्त्रिक गणतन्त्रको माग र नारा यतिबेला राष्ट्रव्यापी रूपमा जनताको माग बन्दै गइरहेको छ । युवा, विद्यार्थी, बुद्धिजीवी र नागरिक समाज खुलेर गणतन्त्रको पक्षमा देखापरेका छन् । राजतन्त्रले बारम्बार दिएको धोकाले पनि जनमानस गणतन्त्रको पक्षमा देखापरेको छ । लोकतान्त्रिक गणतन्त्रको पक्षमा निर्माण भएको यो उन्नत चेतना हामीले नवौं बैठकबाट गरेको निर्णयको महत्त्वपूर्ण परिणाम हो । आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशातर्फ लैजाने कुरालाई लक्ष्य बनाउन हामीले निरन्तर प्रयत्न गर्नुपर्छ । तर्कपूर्ण ढङ्गले सहयात्री राजनीतिक दलहरूको विश्वास जित्नुपर्दछ र उनीहरूलाई लोकतान्त्रिक गणतन्त्रको मान्यतामा सहमत हुन आग्रह गर्नुपर्दछ । हामीले यस्तो आग्रह गरे पनि यसले सबैको सहमति प्राप्त नगरुन्जेल सात दलको बीचमा जे साझा सहमति भएको छ, त्यसैलाई लिएर अघि बढ्नुपर्दछ ।

हाम्रो पार्टीको नवौं बैठकको लोकतान्त्रिक गणतन्त्रसम्बन्धी निर्णयको सन्दर्भमा नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस ( प्रजातान्त्रिक) ले भिन्नभिन्न समयमा लिएका संवैधानिक राजतन्त्र निरपेक्ष नीति दुवै काङ्ग्रेसको अन्तरपार्टी जीवनका निम्ति मात्र होइन, वर्तमान संयुक्त जनआन्दोलनलाई पूर्ण लोकतन्त्रउन्मुख गराउन पनि महत्त्वपूर्ण रहेको छ । सात राजनीतिक दल र नेकपा (माओवादी) बीच कायम १२ बुँदे समझदारीले निरङ्कुश राजतन्त्रका विरुद्ध प्रहार केन्द्रित गर्न, १० वर्षदेखि चलेको हिंसात्मक द्वन्द्वलाई अग्रगामी राजनीति निकाससहित शान्तिपूर्ण रूपले समाधान गर्न, स्वयम् नेकपा (माओवादी) लाई प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीमा प्रतिबद्ध गराउन र सात राजनीतिक दललाई पनि अग्रगामी राजनीतिक निकासमा प्रवेश गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ । हामीले यो समझदारीलाई निरन्तरता दिन र व्यवहारमा राम्ररी कार्यान्वयन गर्न प्रयत्न गर्नुपर्दछ ।

**मुलुकको वर्तमान अवस्था–राजनीतिक परिस्थिति**

सात पार्टीको नेतृत्वमा सञ्चालित संयुक्त जनआन्दोलनले बृहत् स्वरूप ग्रहण गरिरहेको छ र यसमा तीव्रता पनि देखा परिरहेको छ । शान्तिपूर्ण जनआन्दोलन दमन गर्न राज्य पहिलाभन्दा बढी हिंस्रक भएर उत्रेको छ । त्यसैगरी, जनआन्दोलनको पक्षमा जनमत पहिलेभन्दा बढेर गएको छ । निरङ्कुश राजतन्त्रका विरुद्ध नागरिक समाज, बौद्धिक जगत्, विभिन्न वर्ग, पेसा र व्यवसायका सङ्घसंस्थाहरू र गैरसरकारी सङ्गठनहरू खुलेर उत्रन थालेका छन् । आन्दोलनमा युवा, विद्यार्थी, पत्रकार, कानुन व्यवसायी, बुद्धिजीवी, नागरिक समाज तथा मानवअधिकारवादी सङ्गठनहरूको भूमिका उल्लेखनीय रहेको छ । यी सबै आन्दोलनहरू कुनै न कुनै रूपमा राजनीतिक आन्दोलनसँग आवद्ध बन्दै गइरहेका छन् । आन्दोलनका दौरानमा देखापरेका यी विशेषताहरूलाई पनि लोकतन्त्रप्राप्तिको मूल आन्दोलनसँग एकीकृत गर्नु आजको आवश्यकता भएको छ ।

यसबीचका मुख्य राजनीतिक घटनाक्रमका रूपमा दुवै काङ्ग्रेस पार्टीहरू संवैधानिक राजतन्त्र निरपेक्ष हुनु, सात प्रमुख राजनीतिक पार्टी र नेकपा (माओवादी) बीच १२ बुँदे समझदारी कायम हुनु, सात पार्टीद्वारा सञ्चालित आन्दोलन व्यापक र विस्तारित हुँदै जानु, माओवादीहरूका नीति र विचारमा केही सकारात्मक परिवर्तन आउनु, नगरनिर्वाचन बहिष्कार आन्दोलन सफल हुनु, विभिन्न पेसा तथा तप्काका समुदायहरू स्वतस्फूर्त रूपमा पनि आन्दोलनमा उत्रिनु र निरङ्कुश राजतन्त्रको हथकण्डाका रूपमा स्थापित शाही आयोग सर्वोच्च अदालतको फैसलाद्वारा खारेज हुनु रहेका छन् । लोकतान्त्रिक आन्दोलनको पक्षमा अन्तर्राष्ट्रिय समर्थनमा अरू वृद्धि र स्पष्टता आएको छ ।

आन्दोलनरत राजनीतिक पार्टीहरूले आन्तरिक पार्टी परिचालनबाट शक्ति आर्जन गर्दै पुस २८ गते जनकपुर र माघ ८ गते काठमाडौंमा गरेका विरोध प्रदर्शनहरूमा व्यापक नेपाली जनताको सहभागिता रहेको जनआन्दोलनका उदाहरणहरू थिए । यी प्रदर्शनहरू र यिनका आसपासमा आयोजित थप प्रदर्शनहरूले नेपाली जनता अब निरङ्कुश राजतन्त्रका विरुद्ध निर्णायक सङ्घर्षका निम्ति तयार छन् भन्ने सन्देश दियो ।

निरङ्कुश राजतन्त्रको प्रतिशोधपूर्ण र दमनकारी हथकण्डाका रूपमा स्थापित शाही आयोग खारेजसम्बन्धी यही फागुन १ गते भएको सर्वोच्च अदालतको फैसला संविधानविद् र कानुन व्यवसायीद्वारा सञ्चालित कानुनी सङ्घर्षको ज्वलन्त उदाहरणका

रूपमा अगाडि आएको छ । यो फैसलाले राजाले सत्ता लिएको घटना असवैधानिक हो भनेर आन्दोलनरत राजनीतिक दलहरूले लिँदै आएको अडानलाई सही सावित गरेको छ । ०५९ असोज १८ तथा ०६१ माघ १९ का शाही घोषणाका मूल आधारहरूलाई यो फैसलाले असंवैधानिक भन्दै भत्काइदिएको छ र शान्तिपूर्ण संयुक्त आन्दोलनको औचित्यलाई स्थापित गरिदिएको छ । यो फैसला भ्रष्टाचार निवारणसम्बन्धी कथित शाही आयोगको खारेजीको मात्र घटना होइन, संवैधानिक समस्या समाधान सम्बन्धमा सर्वोच्च अदालतबाट निरङ्कुश राजतन्त्रका विरुद्ध दिइएको अत्यन्त महत्त्वपूर्ण संवैधानिक निर्णय पनि हो । यसबाट जनताको सार्वभौमसत्ता खोसेर, संविधान मिचेर र जनताको प्रजातन्त्र मासेर निरङ्कुश बनेका राजा ज्ञानेन्द्रको संवैधानिक पराजय भएको छ भने लोकतन्त्रका निम्ति सञ्चालित वर्तमान जनआन्दोलनले एउटा जित हासिल गरेको छ ।

यही फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा राजा ज्ञानेन्द्रले देशवासीका नाममा जारी गरेको सन्देशमा शान्ति, प्रजातन्त्र र संवादका गुलिया कुरा गरे पनि सारतत्त्वमा उनी ०६१ माघ १९ कै प्रतिगामी योजनामा अघि बढ्न चाहन्छन् भन्ने कुरा छर्लङ्ग भएको छ । यस्तो अवस्थामा सात राजनीतिक दल र आमजनसमुदायले राजाको फोस्रो आश्वासनका पछाडि कुद्ने र वार्ताको भुलभुलैयामा फस्ने होइन, निरङ्कुश राजतन्त्रको अन्त्य, संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको आन्दोलनमा अझ दृढताका साथ अघि बढ्नुपर्दछ ।

**बिग्रँदो आर्थिक अवस्था**

राजाको हुकुमी शासनले मुलुकको राजनीति मात्र होइन, अर्थतन्त्र पनि बर्वादीको अवस्थामा पुऱ्याएको छ । व्याप्त भ्रष्टाचार, आकाशिँदो मूल्यवृद्धि, बढ्दो साधारण खर्च, न्यून विकास खर्च, न्यून आर्थिक वृद्धि, कम राजस्व सङ्कलन, घट्दो बैदेशिक सहायता एवम् वैदेशिक लगानी, उच्च व्यापार घाटा आदि राजाको हुकुमी शासनको एक वर्षमा देखिएका मुख्य आर्थिक प्रवृत्तिहरू हुन ।

यस वर्ष वैदेशिक व्यापारमा तीव्र गिरावट आएको छ । अन्तर्राष्ट्रिय बजारमा तयारी पोसाकको कोटा खारेज भएपछि यसको निर्यात ५० प्रतिशतले घटेको छ । मुलुकको व्यापार घाटा गत वर्षको तुलनामा ५१ प्रतिशतले बढेको छ । भारतसँगको पारवहन सन्धि अन्योलको अवस्थामा रहेको छ । भारतले नेपालको निर्यातलाई दिने विशेष सुविधा पुनरालोकन गर्न सक्ने आशङ्काले लगानी र व्यापार दुवै शिथिल हुन पुगेका छन् ।

राज्यको वित्तीय स्थितिमा पनि गम्भीर असन्तुलन पैदा भएको छ । चालू वर्षमा ८१ अर्ब राजस्व सङ्कलन गर्ने अनुमान गरिएकोमा ७२ अर्ब रुपियाँभन्दा बढी सङ्कलन हुन नसक्ने स्थिति देखिएको छ । विगत छ महिनाको अवधिमा ३१ अर्ब ५८ करोड रुपियाँ मात्र राजस्व उठ्न सकेको छ । नगद वैदेशिक ऋण यस वर्ष एक अर्ब ६८ करोड रुपियाँ मात्र प्राप्त भएको देखिन्छ । विश्वबैंक, मुद्राकोष र एसियाली विकास बैंकले दिने भनिएको नगद ऋण स्थगित भएकाले सरकारको वित्तीय स्थिति ज्यादै कमजोर हुन पुगेको छ । त्यसमाथि निश्चित व्यापारी वर्गको हितलाई ध्यानमा राखी भन्सारदरमा गरिएको कटौतीबाट राजस्वको दीर्घकालीन आधार नै ध्वस्त हुन पुगेको छ । चालू वर्षको छ महिनामा साधारणतर्फको खर्चमा १५ प्रतिशतले वृद्धि भएको छ । विकास खर्च भने करिब चार अर्ब रुपियाँमा सीमित रहेको छ । यस वर्षको राजस्वले राजा, राजपरिवार, सुरक्षा र प्रशासनको खर्च धान्न नसकिने कुरा स्पष्ट भएको छ ।

अफ्रिकी तथा अन्य मुलुकको सयरमा ठूलो दलबलसहित निस्केका राजाले राज्यकोषको २० करोड रुपियाँभन्दा बढी रकम खर्च गरेका छन् । यसबाहेक आफू र आफ्ना परिवारको घुमफिरका लागि पटक-पटक राज्यकोषबाट मनपरी खर्च गरिरहेका छन् । यसै अवधिमा जनताद्वारा पूर्ण रूपमा बहिष्कृत नगरनिर्वाचनका लागि २० करोड रुपियाँभन्दा बढी खर्च गरिएको छ । सञ्चारको मण्डलेकरणका लागि दुई करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ । निरङ्कुशतन्त्रलाई अरू कठोर बनाउन र राजनेताहरूको थुनछेक र बन्दीगृह सञ्चालनका लागि मात्रै एक करोड ११ लाख रुपियाँ थप खर्च गरिएको छ । करोडौं रुपियाँ राजपरिषद्को सम्मेलन, पूर्वपञ्च भेला, नगरपालिका उम्मेदवारको सुरक्षा, ऱ्याली र सवारीको तयारीमा उडाइएका छन् ।

दरबारिया, मन्त्रीगण, भ्रष्ट प्रशासक एवम् सुरक्षा अधिकारी र मनोनीत स्थानीय निकायका पदाधिकारीले राजाको छत्रछायाँमा अख्तियारको व्यापक दुरूपयोग गरिरहेका छन् । राजाको संरक्षणमा तस्करी, कालाबजारी तथा घूसखोरीले निर्वाध छुट पाइरहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशित गरेको प्रतिवेदनअनुसार नेपाल भ्रष्टाचार गर्ने मुलुकको श्रेणीमा गत वर्ष ९० औं स्थानमा रहेकोमा यस वर्ष एक सय १७ औं स्थानमा उक्लिएको छ । यी सबै तथ्यहरू राजाको प्रत्यक्ष शासनमा निरन्तर ओरालो लागिरहेको अर्थतन्त्रका केही उदाहरणहरू मात्र हुन् ।

**अन्तर्राष्ट्रिय परिस्थिति र राष्ट्रिय राजनीतिमा त्यसको प्रभाव**

यतिबेला विश्व एकध्रुवीय अवस्थाबाट बहुध्रुवीय संरचनातिर सङ्क्रमण हुँदै गइरहेको छ । निरन्तर तीव्रता लिइरहेको भूमण्डलीकरणले उपरोक्त प्रवृत्तिलाई अझ बढी बल प्रदान गरिरहेको छ । २० औं शताब्दीमा प्राप्त गरेको वर्चस्वलाई बचाउन अमेरिका हरेक प्रकारले लागिरहेको भए पनि २१ औं शताब्दी बेग्लै सम्भावनासाथ विकसित भइरहेको छ । यो विकासक्रमले विश्वमा महाद्वीपीकरण र क्षेत्रीयकरणका प्रक्रियालाई समेत तीव्रता प्रदान गरेको छ । त्यही क्रममा यतिबेला एसिया ब्यूँझिदैछ र त्यसको विकास अरू सबै महाद्वीप र क्षेत्रहरूको भन्दा तीव्रता र व्यापकताका साथ अघि बढ्दैछ । यो वर्तमान शताब्दीको उदीयमान प्रवृत्ति हो । आउने दिनमा यो प्रवृत्ति झन्झन् शक्तिशाली र प्रभावकारी बन्दै जानु अनिवार्य छ । चीन र भारतको विकासमा आइरहेको तीव्रता र विस्तार यो प्रक्रियाकै अभिन्न अङ्ग हो । यसले दक्षिण पूर्वी एसिया, दक्षिण एसिया र पश्चिम एसियामा समेत नयाँ चहलपहल र गति सिर्जना गरेको छ । यस्तो बदलिँदो विश्व परिस्थितिमा आफ्ना हित र स्वार्थअनुरूप पश्चिमी विश्वका शक्तिराष्ट्रहरू पनि आपसी सम्बन्ध र सम्पर्कहरूलाई विस्तार गरिरहेका छन् । यसरी बदलिरहेको एसियाली महाद्वीपको मध्यविन्दु तथा विश्वका दुई उदीयमान शक्तिशाली राष्ट्रहरू चीन र भारतको ठीक बीचमा हाम्रो देश स्थित छ । यो धेरै हिसाबले एउटा महत्त्वपूर्ण अवस्थिति हो । यसकारणले नेपालमा घटिरहेका घटनाक्रमले विश्वलाई आकर्षित गर्नु स्वाभाविक बनेको छ ।

राजाको निरङ्कुश र असंवैधानिक कदमले देशभित्र आमजनतामा मात्र होइन, सुरुदेखि नै देशबाहिर पनि तीव्र प्रतिक्रिया जन्मायो । विश्वका सबै प्रमुख मित्रराष्ट्रहरू एकपछि अर्को गर्दै राजाको हुकुमी शासनको आलोचनामा उत्रिन थाले । त्यस सिलसिलामा अमेरिका, युरोप, भारतजस्ता मुलुक र क्षेत्रले सुरुदेखि नै नेपालमा राजाले चालेका अप्रजातान्त्रिक कदमप्रति विरोध जनाए र नेपाली जनताको लोकतान्त्रिक आन्दोलनलाई निरन्तर समर्थन दिँदै आए । यसरी नै आफ्ना सरसहयोगहरूलाई जारी राख्दै आएको जापानसमेत प्रजातन्त्रको पक्षमा प्रस्ट रूपले बोल्ने अवस्थामा पुगेको छ र उसले आफ्नो सहयोगका बारेमा पुनरावलोकन समेत गर्ने कुरा गरिरहेको छ । नेपालको उत्तरी छिमेकी मुलुक चीन सधैं नेपालका आन्तरिक मामलामा हस्तक्षेप नगर्ने नीतिमा चल्दै आएको छ । राजाको हुकुमी शासन सुरु भएपछिको एक अवधिभरि त्यही अडानका आधारमा चुपचाप रहँदै आएको चीनले पछिल्लो अवधिमा आएर नेपालमा विकसित भइरहेको परिस्थितिप्रति चिन्ता व्यक्त गर्ने, चालू सङ्कट समाधान गर्नका निम्ति सबै पक्षबीच संवाद हुनुपर्ने, मतभेदहरूलाई हटाउँदै साझा आधार पहिल्याउनुपर्ने र राष्ट्रिय सहमतिका आधारमा समस्याको राजनीतिक समाधान निकाल्नुपर्ने विचार अघि सार्न थालेको छ । त्यसरी नै संयुक्त राष्ट्रसङ्घले सुरुदेखि नै प्रजातन्त्रका आधारमा सहमति र शान्ति स्थापना गर्ने दिशामा अघि बढ्न पटक-पटक आग्रह गर्दै आएको छ । त्यसबाहेक एमनेस्टी इन्टरनेसनल, विभिन्न मानवअधिकारवादी संस्थाहरू, शान्तिसँग सम्बन्धित संस्थाहरू, विभिन्न देशका राजनीतिक पार्टीहरू, सांसदहरू, पत्रकारहरू तथा अन्य विभिन्न संस्थाबाट समेत यसबीचमा नेपालको लोकतान्त्रिक आन्दोलनले व्यापक समर्थन प्राप्त गरेको छ ।

**निरङ्कुश राजतन्त्रका विरुद्ध संयुक्त जनआन्दोलन**

०५९ असोज १८ देखि राजा ज्ञानेन्द्रले संविधान कुल्चेर सुरु गरेको प्रतिगामी कदमलाई ०६१ माघ १९ देखि अरू सुदृढ पारेको तथ्यलाई जनसमक्ष प्रस्तुत गर्दै राजाको प्रतिगामी कदमको विरोध गर्न हाम्रो पार्टीका तर्फबाट ठूलठूला सभाहरू सम्पन्न भए । स्वेच्छाचारी सरकारले शाही सेनाको समेत दुरूपयोग गरी अनेकौं बाधा-व्यवधान पुऱ्याउँदा पुऱ्याउँदै पनि लोकतान्त्रिक जागरण अभियानअन्तर्गत हाम्रो पार्टीको आयोजनामा विशाल प्रदर्शन र जनसभाहरू सम्पन्न हुन सके । ०६२ मङ्सिर ४ गते बुटवलबाट सुरु भएको विशाल प्रदर्शनको सिलसिला पोखरा, जनकपुर, काठमाडौं, विराटनगर, बागलुङ, नेपालगन्ज, महेन्द्रनगर, वीरगन्ज, दाङ, हेटौँडा र चितवनसम्म जारी रह्यो । यी सभाहरूले पार्टीका पक्षमा जनता छैनन् भन्नेहरूलाई दह्रो झापड दियो भने हाम्रो अवस्थाबारे अन्योलमा रहेका देशी-विदेशी मित्रहरू, मानवअधिकारकर्मीहरू, 'माघ १९' को कदमलाई सकारात्मक ढङ्गले हेर्दै पार्टीलाई नकरात्मक ढङ्गले बुझ्ने बुद्धिजीवी, व्यापारी, अन्तर्राष्ट्रिय जनमतलाई समेत जनता निरङ्कुशताविरुद्ध आन्दोलनरत पार्टीहरूको पक्षमा छन् भन्ने प्रस्ट उत्तर दियो । हाम्रो आयोजनामा भएका सभाहरूले अरू पार्टीहरूलाई पनि सडकमा सशक्तताका साथ उत्रन प्रेरित गऱ्यो ।

कालीकोट, सिन्धुलीलगायतका कतिपय जिल्लाहरूमा शाही सेना र रामेछाप आदि कतिपय जिल्लामा माओवादीले हाम्रो अभियान सञ्चालनमा बाधा हाल्ने काम पनि गरे ।

माओवादीले युद्धविराम गरिरहेका बेलामा वार्ताद्वारा समस्या समाधान गर्न पार्टी, नागरिक समाज, मानवअधिकारकर्मी, अन्तर्राष्ट्रिय समुदाय हरेकले आह्वान गर्दा पनि राज्यपक्षले त्यसलाई सम्बोधन गर्ने, लचिलो हुने वा आफ्नो हठ छोडेर राजनीतिक समाधानमा लाग्ने कुनै सङ्केत पनि गरेन । वार्ताद्वारा समस्या समाधन गर्ने त कता हो कता उल्टै कुबेलाको राग अलाप्दै नगरपालिका निर्वाचनको तिथि घोषणा गऱ्यो । यो परिस्थितिमा आन्दोलनरत दलले कथित नगरपालिकाको निर्वाचनलाई सशक्त बहिष्कार गरी पूर्ण असफल गराउन सडकमा उत्रनुभन्दा अर्को विकल्प थिएन ।

निर्वाचन बहिष्कारको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय कमिटीहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले ४३ जिल्लाका ५८ वटै नगरपालिकामा पार्टीका जिम्मेवार कमरेडहरू ९४ जनालाई केन्द्रीय उत्प्रेरकका रूपमा खटाई पठाउने काम भयो । केही ठाउँबाहेक प्रायः सबै ठाउँमा उत्प्रेरकहरूले आफ्नो जिम्मेवारी पूरा गर्नुभयो ।

**नगरनिर्वाचन**

बहिष्कार आन्दोलनलाई प्रभावकारी बनाउन माघ ७ गते काठमाडौंको वसन्तपुरमा सातवटै दलको संयुक्त प्रदर्शनको आयोजना गर्ने तयारी व्यापक रूपले भएको थियो । पुस २८ गतेको जनकपुरमा सात दलको सभामा तीन लाखभन्दा बढी जनताको सहभागिता भएको देखेर आत्तिएको निरङ्कुश राजाको स्वेच्छाचारी सरकारले थानकोटमा माओवादीले गरेको हमलालाई निहुँ बनाउँदै माघ ७ गतेको सभा गर्न नदिन कायरतापूर्वक कर्फ्यु लगाई कार्यक्रमलाई रोक लगायो । यो कर्फ्यु लगाउनुपूर्व ६ गते बिहानै सातवटै दलका नेता-कार्यकर्ता, नागरिक समाजका अगुवा र मानवअधिकारकर्मीहरूलाई घरघरबाटै गिरफ्तार गरी बन्दी बनाइयो । त्यसपछि निर्वाचन बहिष्कारको प्रचार जतिजति सशक्त बन्दै गयो, त्यति नै राजनीतिक कार्यकर्ताको गिरफ्तारी बढ्यो । देशभरिमा झन्डै तीन हजार नेता-कार्यकर्तालाई गिरफ्तार गरेर बन्दी बनाइयो भने दाङ, मोरङ, काठमाडौं, चितवन, सुर्खेत, सङ्खुवासभा, भोजपुर, धनुषा, झापा, कैलाली, दोलखा, महेन्द्रनगर आदि ठाउँमा गोली प्रहारसमेत भयो । आन्दोलनकारीलाई सीधै गोली हान्न आदेश दिएर निरङ्कुश शाही सत्ताले आफ्नो उन्माद र बर्बरता प्रदर्शित गऱ्यो ।

**आगामी कार्यभार**

परिस्थितिको समग्र विश्लेषणबाट हाम्रा सामु सम्भावना र चुनौतीहरू दुवै छन् भन्ने देखिन्छ । हामीले सम्भावनाहरूलाई उपयोग गर्न र चुनौतीहरूको सामना गर्न सक्नुपर्दछ । यस दृष्टिले हेर्दा हाम्रासामु निम्न कामहरू आगामी दिनका ज्वलन्त कार्यभारका रूपमा उपस्थित भएका छन् :

**(क) संयुक्त जनआन्दोलनसम्बन्धी केन्द्रीय कार्यभार**

आन्दोलन नै अहिलेको मुख्य कार्यभार हो । यसलाई केन्द्रविन्दुमा राखेर नै हामीले अरू कामहरू गर्नुपर्छ । यतिबेला हामी मुलुकलाई निरङ्कुश राजतन्त्रको कालरात्रिबाट मुक्त गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने महान् आन्दोलनमा सरिक छौं । यो

आन्दोलनलाई नयाँ उचाइमा उठाउन र सफल तुल्याउन गर्नुपर्ने केही निश्चित कामहरू पनि छन् । तिनलाई निम्नानुसार अगाडि सार्न सकिन्छ :

(१) **आन्दोलनको मागलाई अद्यावधिक गर्ने**

सही नीति, सही विचार र व्यावहारिक योजना आन्दोलन सफलताको सबैभन्दा महत्त्वपूर्ण पूर्वसर्त हो । सही नीति र विचारले शक्ति निर्माण गर्दछ र शक्तिको योजनाबद्ध परिचालनले आन्दोलनलाई सफलतातर्फ लैजान्छ । हामी सात पार्टीद्वारा घोषित संयुक्त जनआन्दोलनमा सामेल छौँ । यो आन्दोलनलाई तीव्र रूपमा विकास नगरी यसमा विजय हासिल हुनेछैन । त्यसै हुनाले हामीले चालू आन्दोलनका सन्दर्भमा सात राजनीतिक दलले अघि सारेका नीति र विचारहरूलाई परिस्थितिको माग र आन्दोलनको आवश्यकताअनुरूप अद्यावधिक गर्न जरुरी छ । निरङ्कुश राजतन्त्रको अन्त्य र संविधानसभामार्फत पूर्ण प्रजातन्त्र स्थापना गर्ने कुरालाई प्रमुखताका साथ अघि बढाउनुपर्दछ । लोकतान्त्रिक गणतन्त्रको दिशातर्फ चालू आन्दोलनलाई अघि बढाउने दृढ प्रयत्न गर्नु जरुरी छ । तर, यसलाई साझा माग बनाउन सकिएन भने पनि सात दलद्वारा घोषित उद्देश्य प्राप्तिका लागि सशक्त आन्दोलन उठाउन चुक्नुहुन्न । संयुक्त जनआन्दोलनलाई नै अहिलेको केन्द्रीय कार्यभार बनाएर अघि बढ्नुपर्छ ।

**शान्ति र लोकतन्त्रका निम्ति राष्ट्रिय संयुक्त मोर्चा निर्माण** : चालू संयुक्त जनआन्दोलन सात पार्टीद्वारा नेतृत्व गरिएको भए पनि सात राजनीतिक पार्टीहरूको मात्र आन्दोलन होइन । यो आन्दोलन सबै वर्ग, पेसा, व्यवसाय, जाति, भाषा, लिङ्ग, क्षेत्र र समुदायका जनताको संयुक्त जनआन्दोलन हो । त्यसअनुरूप व्यवस्थित गर्न सके मात्र यसले तुलनात्मक रूपमा छोटो अवधिमा सफलता प्राप्त गर्ने सम्भावना रहन्छ । यदि हामीले आन्दोलनको दायरालाई यस रूपमा व्यापक र विस्तृत तुल्याउन चाहन्छौँ र आन्दोलनको निसानालाई त्यसै गरी केन्द्रित गर्न चाहन्छौँ भने तदनुरूपको नीति पनि अवलम्बन गर्न सक्नुपर्दछ । आमजनता अट्नसक्ने र आमजनताले स्वीकार्न सक्ने तदनुरूपको सङ्गठनात्मक संयन्त्र निर्माण गर्न तथा माग र नारालाई पनि तदनुरूप नै व्यवस्थित गर्न सक्नुपर्दछ । यसका लागि हामीले सात राजनीतिक दल र उनीहरू निकटका जनसङ्गठनहरू, वर्गीय, पेसागत वा सामुदायिक सङ्गठनहरू, विभिन्न रूप र चरित्रका उपभोक्ताका सङ्गठनहरू, जाति, भाषा र क्षेत्रीय हितका सङ्गठनहरू, मानवअधिकार र नागरिकअधिकारका सङगठनहरू, गैरसरकारी संस्थाहरू, प्रवासी नेपालीका सङ्गठनहरूलगायत लोकतन्त्र पक्षधर सम्पूर्ण नेपाली जनताका सङ्गठनहरूको प्रतिनिधित्व र सहभागिता रहने गरी शान्ति र लोकतन्त्रका लागि राष्ट्रिय संयुक्त मोर्चा निर्माण गर्नुपर्दछ । उक्त मोर्चाले जनताका हरेक हिस्साको माग र चाहनालाई सूत्रबद्ध गर्नुपर्दछ । ती माग र चाहनालाई भोलि बन्ने लोकतान्त्रिक सरकारले कार्यान्वयन गर्ने प्रतिबद्धतासहित नागरिक अधिकारको बडापत्रका रूपमा उक्त मोर्चाका तर्फबाट सार्वजनिक गर्नुपर्दछ । अबको आन्दोलनमा निरङ्कुश राजतन्त्रको विरोधमा रहेका सबै राजनीतिक पार्टी, शक्ति र समुदायलाई यहाँसम्म कि धार्मिक समुदायलाई समेत एकताबद्ध गर्नुपर्दछ र साँचो अर्थमा संयुक्त जनआन्दोलनको सिर्जना गर्नुपर्दछ । फेरि पनि यो जनआन्दोलन शान्तिपूर्ण र अहिंसात्मक हुनेछ भन्ने कुरामा आन्दोलनका सहयात्री पार्टी, शक्ति र समुदायलाई प्रस्ट पार्नुपर्दछ । लोकतन्त्र स्थापना गर्ने आन्दोलनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय संयुक्त मोर्चा निर्माणका लागि आन्दोलनरत सात राजनीतिक दलसँग हामीले छलफल अघि बढाउनुपर्छ । यी काममा देखाउने सक्रियता र गतिशीलताले नै पार्टीको भूमिकालाई वृद्धि गर्नेछ । तर, यस्तो मोर्चा निर्माण गरिरहँदा राजनीतिक दलको भूमिका र पहललाई कमजोर पार्न खोज्ने प्रवृत्तिसँग भने होसियार रहनुपर्दछ ।

**लोकतन्त्र र शान्ति स्थापना आजको आवश्यकता** : विगत १० वर्षदेखिको माओवादी युद्ध र राज्यको प्रतियुद्धका कारण सिङ्गो मुलुक चौतर्फी रूपमा जटिल अवस्थातर्फ धकेलिइरहेको छ । मुलुकमा लोकतन्त्रको स्थापना गर्दै समग्र समस्या समाधान गर्ने गरी यो युद्धको अन्त्य आवश्यक भएको छ । यसैका निम्ति सात राजनीतिक पार्टी र नेकपा (माओवादी) का बीच १२ बुँदे समझदारी पनि भएको छ । यो समझदारीलाई अझ परिष्कृत र उन्नत बनाउँदै अघि बढ्नुपर्दछ । यसका लागि यो समझदारीमा उल्लेख गरिएका कुराहरूको नेकपा (माओवादी) ले व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्दछ । विगत चार महिना नेकपा (माओवादी) ले एकतर्फी युद्धविराम गऱ्यो र जनताको सहानुभूति पनि प्राप्त गऱ्यो । अहिले पनि नेपाली जनता युद्ध र प्रतियुद्धबाट मुक्ति चाहन्छन् । अघिल्लो युद्धविराम भाँड्न वर्तमान प्रतिगामी शाही सरकार आफैँ लाग्यो । बहुसङ्ख्यक जनता स्थायी शान्ति स्थापना भएको देख्न चाहन्छन् । यस चाहनालाई सात पार्टीले प्रतिनिधित्व गर्नुपर्दछ । सात पार्टीमध्ये एउटा जिम्मेवार घटकका नाताले हाम्रो पार्टीले अग्रगामी राजनीतिक निकाससहित युद्धलाई अन्त्य गर्ने काममा अग्रगामी भूमिका खेल्न सक्नुपर्दछ ।

**आन्दोलनलाई अझ व्यापक र उन्नत बनाउने सम्बन्धमा** : हाम्रो संयुक्त जनआन्दोलनको पछिल्लो कडी कथित नगरनिर्वाचनको बहिष्कार थियो । अब हामीले योजनाबद्ध ढङ्गले आन्दोलनकारी शक्तिलाई परिचालित गर्नुपर्दछ र हिजोका भन्दा अझ उन्नतस्तरका आन्दोलनका कार्यक्रमहरू घोषणा गर्नुपर्दछ । अबको आन्दोलन मोफसलका सहरी केन्द्र वा राजमार्गहरूमा ठूलठूला जनप्रदर्शन गर्ने, राजधानीमा विशाल जनप्रदर्शन गर्ने र राज्यले केही पनि गर्न नसक्ने गरी प्रभावकारी ढङ्गले असहयोग आन्दोलनमा उत्रनुपर्दछ । अब हामीले आन्दोलनलाई नयाँ उचाइमा उठाउनुबाहेक अर्को विकल्प छैन । निरङ्कुशताविरुद्धको आन्दोलन र केवल आन्दोलन मात्र अहिलेको मूल कार्यभार हो । यसअनुरूप हाम्रो आन्दोलन जहाँ आइपुगेको छ, त्यहीँबाट अगाडि बढ्ने व्यावहारिक योजना निर्माण गर्नुपर्दछ । निर्धारित आन्दोलनलाई केन्द्रविन्दु बनाएर त्यसको तयारीको कार्यलाई नै एक प्रकारको आन्दोलनको रूप दिनुपर्दछ । आन्दोलनको तयारीका निमित्त पार्टीको भेला राख्ने, कार्यकर्ताहरूलाई प्रशिक्षित गर्ने, टोल र वडाहरूमा समेत घनिभूत रूपमा जनभेलाहरू गरी आन्दोलनको व्यापक तयारी गर्नुपर्दछ । आन्दोलनप्रति शिथिलता देखाउने, वार्ता र सम्झौताका कुरा अनावश्यक ढङ्गले चर्चा गर्दै हिँड्ने, आन्दोलनको नेतृत्व गर्नबाट पछि हट्नेजस्ता कुराहरूको खण्डन गर्नुपर्दछ । अहिले प्रतिगामी सरकार आन्दोलनबाट हाम्रो ध्यान अन्यत्र मोड्नका लागि परामर्श, संवाद र सहमतिका नयाँ जाल फ्याँक्न खोज्दैछ । हामीले यस्ता कुनै पनि भ्रमजालमा नपरी निरङ्कुश राजतन्त्रविरोधी आन्दोलनलाई उच्चस्तरमा उठाउन सम्पूर्ण शक्ति केन्द्रित गर्नुपर्दछ ।

*(नेकपा (एमाले) केन्द्रीय कमिटीको दसौँ बैठकद्वारा पारित राजनीतिक प्रतिवेदनको महत्त्वपूर्ण अंश)*

# आन्तरिक व्यवस्थापनसम्बन्धी कार्यभार

(१) **सदस्यता नवीकरण र सङ्गठन व्यवस्थापन** : सही विचार, नीति र योजना आन्दोलनको सबैभन्दा महत्त्वपूर्ण आधार हो भने सुदृढ सङ्गठन र व्यापक जनाधार आन्दोलनको दोस्रो महत्त्वपूर्ण पूर्वाधार हो । सही विचार, नीति र योजना त छ तर सुदृढ सङ्गठन र व्यापक जनाधार छैन भने आन्दोलनले सफलता प्राप्त गर्न सक्तैन । त्यसरी नै सही नीतिमा आधारित सुदृढ सङ्गठनको योजनाबद्ध परिचालनबिना जनाधार विस्तार गर्न सकिँदैन । त्यसैले आन्दोलनको पूर्वाधारलाई सुदृढ तुल्याउनका लागि सङ्गठनलाई सुदृढ तुल्याउन र जनाधार विस्तार गर्न आवश्यक छ । यसका लागि सदस्यता नवीकरण र सङ्गठनात्मक व्यवस्थापनलाई महत्त्वपूर्ण कार्यसूचीका रूपमा ग्रहण गर्न जरुरी छ । आन्दोलनको सेवाका लागि सदस्यता नवीकरण र सङ्गठनात्मक व्यवस्थापनमा लाग्न अनिवार्य छ ।

**क**. हामी मुलुकमा र पार्टीमा समेत विधिको शासनको पक्षमा छौँ । पार्टीमा स्थापित र स्वीकृत विधिका दृष्टिले जुन जिल्लामा तोकिएको समयभित्र सङ्गठित सदस्यता नवीकरणको काम हुन सकेको छैन, ती जिल्लाका सङ्गठित सदस्य र पार्टी कमिटीहरूको हैसियत वैधानिक हुन सक्तैन भन्ने कुरामा ध्यान दिएर काम गर्नुपर्दछ ।

**ख**. प्रतिकूल परिस्थिति र आन्दोलनमा केन्द्रित भएर लागिपर्नाको कारणले गर्दा सदस्यता नवीकरणको कार्य हुन सकेन भनेर चित्त बुझाउन वा सदस्यता नवीकरणमा भएको विलम्बलाई स्वाभाविक मान्न सकिँदैन । किन कुनै अञ्चल र जिल्लामा उस्तै परिस्थिति र उस्तै जिम्मेवारीका बीचमा पनि नवीकरण हुन सक्छ र किन कुनैमा हुन सक्तैन ? यसको स्वाभाविक उत्तर हो, जहाँ सदस्यता नवीकरणको कामलाई प्राथमिक र आधारभूत महत्त्वको काम ठानियो, ती ठाउँमा नवीकरण कार्य सम्पन्न हुन सकेको छ । जहाँ यो कामलाई दोस्रो दर्जाको वा तपसिलको काम ठानियो, ती ठाउँमा नवीकरण हुन सकेन । हरेक कमिटीले यो कुरामा ध्यान पुऱ्याउनुपर्छ ।

**ग**. आन्दोलन र सङ्गठन एकअर्काका विरोधी वा निषेधाकारी तत्त्व होइनन् । बरु ती एकअर्काका घनिष्ट, अभिभाज्य र पूरक अङ्ग हुन् । सङ्गठन सुदृढ नभई आन्दोलन उठ्न सक्तैन र आन्दोलन नभई सङ्गठनले लक्ष्य प्राप्त गर्न सक्तैन । हामी अहिले प्रतिगमनविरुद्धको सङ्घर्षमा केन्द्रित छौँ । प्रतिगामी शाहीसत्ताविरुद्धको आन्दोलन यतिबेलाको हाम्रो केन्द्रीय कार्यभार हो । तर, सङ्गठनलाई कमजोर रहन दिएर वा सदस्यता नवीकरण जस्तो आधारभूत महत्त्वको विषयलाई समेत उपेक्षा गरेर आन्दोलनलाई अपेक्षाअनुरूप अघि बढाउन सम्भव हुँदैन । फागुन महिनालाई सदस्यता नवीकरणको महिना, सङ्गठन व्यवस्थापनको महिना र आन्दोलनको ज्वार सृष्टि गर्ने महिनाका रूपमा लिन जरुरी छ । म्यादभित्र सङ्गठित सदस्यता नवीकरण नगरेका जिल्लाहरूलाई अन्तिमपटक यही फागुन महिनाभित्र नवीकरण गर्नका लागि म्याद प्रदान गरिनुपर्दछ र नवीकरण कार्य नियमित रूपमा सम्पन्न गरेका जिल्लाहरूले पनि फागुन महिनाभित्र यो काम सम्पन्न गर्नुपर्दछ । हरेक जिल्ला कमिटीले ०६२ सालसम्मको वा ०६२ सालको सङ्गठित सदस्यताको नवीकृत सूची, शुल्क र लेवी आगामी चैत्र मसान्तभित्र अनिवार्य रूपमा केन्द्रीय कार्यालयमा बुझाउनुपर्दछ । स्थानीय कमिटीहरूलाई अद्यावधिक तुल्याउँदै परिचालित गर्नुपर्दछ र सोको जानकारी पार्टी केन्द्रलाई दिनुपर्दछ ।

**घ**. पार्टीको आन्तरिक जीवनलाई सुव्यवस्थित पार्न हाम्रो सङ्गठनात्मक कामलाई अरू क्रियाशील र व्यवस्थित पार्नु आवश्यक हुन्छ । यसका निमित्त पार्टीका जिल्ला कमिटीहरू खासगरी आधारभूत तहमा रहेका पार्टी सङ्गठनहरूलाई पुनर्व्यवस्थित गर्न जरुरी छ ।

हिजोको अनुकूल र सहज स्थितिमा निर्मित सङ्गठनहरू प्रायः ठूला आकारका छन् । तिनीहरू करिब चुनावी शैलीका खुकुला प्रकृतिका छन् । यतिखेर हामी निरङ्कुश राजतन्त्रका विरुद्ध कठिन सङ्घर्षको स्थितिमा छौँ । यस्तो स्थितिमा पार्टी सङ्गठनको छरितोपना र गोपनीयतालाई ध्यान दिने, कार्यशैलीहरूलाई जनमुखी र जुझारु बनाउने, सूचना आदान-प्रदान र नीतिनिर्देशनलाई यथाशक्य चाँडो वडा तहसम्म सम्प्रेषण गर्ने र नियमित र सजिव बनाउने कामहरू गर्दै विधानको प्रक्रियाअनुरूप कमिटीहरूलाई समयसापेक्ष, चुस्त, गतिशील र जुझारु बनाउन नितान्त जरुरी छ । यी कामहरू नगरी अहिलेको बदलिएको परिस्थितिमा राजतन्त्रविरोधी आन्दोलनमा हाम्रा पार्टी सङ्गठनहरूले जनआन्दोलनको राम्ररी नेतृत्व गर्न सक्ने छैनन् । यसमा सम्पूर्ण तहका कमिटीहरूको गम्भीर रूपमा ध्यान जानुपर्छ ।

**ङ**. कमिटी प्रणालीलाई सुदृढ पार्न सूचना, सम्पर्क र निर्देशनको त्यत्तिकै महत्त्व हुन्छ । आफूले तथ्यगत सूचनाहरू तत्काल माथिल्लो कमिटीमा पठाउने, एकअर्काका सम्पर्क व्यवस्थालाई घनिष्ट र सजीव पार्ने, माथिल्लो कमिटीका परिपत्र वा निर्देशनहरूलाई आफूमा नै सीमित नराखी यथाशक्य चाँडो मातहतका कमिटीहरूमा सम्प्रेषण गर्ने, छलफल र कार्यान्वयन गर्ने/गराउने तथा तलका कामको यथार्थ जानकारी माथिल्लो कमिटीलाई दिने कुरालाई पनि पार्टी कामकै एउटा अङ्ग बनाउन जरुरी छ ।

**च**. अत्यन्त प्रतिकूल परिस्थितिमा पनि पार्टीको आन्तरिक कार्यलाई कसरी नियमितता दिन सकिन्छ भन्ने विषयमा हर समय सचेत हुनुपर्दछ । कमिटीका गोपनीयतालगायत कार्यशैलीका विभिन्न पक्षमा अनेकन समस्या हामीले सामना गर्नुपरेको छ । निश्चय पनि हाम्रोजस्तो शान्तिपूर्ण आन्दोलनमा जुटिरहेको पार्टीले पार्टीका सबै कुरालाई गोप्य राख्न जरुरी छैन । तर, निरङ्कुशतन्त्रले उत्पन्न गर्न सक्ने कतिपय अवरोधबारे पूर्व सचेतनता लिनु आवश्यक देखिन्छ । यसको अर्थ प्रतिकूलतामा जोगिनु मात्र भन्ने बुझ्नु हुँदैन । प्रतिकूलताका कष्टकर घडीहरूमा पनि पार्टीका सङ्गठनात्मक जीवनहरूलाई सुचारु, नियमित बनाउने शैली र व्यवस्थाका अनेकौं पक्षलाई पनि ख्याल गर्नुपर्ने कुरा विगत माघ १९ देखि हालसम्मका घटनाक्रमहरूले प्रस्ट्याएका छन् । तसर्थ पार्टीका कामलाई नियमित बनाउन, आवश्यक गोपनीयता जोगाउन, सुरक्षासम्बन्धी कुराहरूमा सचेत हुन र खुकुलो हुँदै गएको कार्यशैलीलाई सच्याउन, कार्यकर्तापङ्क्तिलाई राजनीतिक र वैचारिक प्रशिक्षण दिनुपर्दछ ।

**छ**. आन्दोलनलाई सशक्त बनाउन मुख्य नारा र कार्यक्रम मात्र तय गरेर पुग्दैन, त्यसलाई कसरी कार्यान्वय गर्ने अर्थात् त्यसका तयारी पक्षमा राम्ररी ध्यान जानुपर्दछ । हामीले अहिलेसम्म प्रायः कार्यक्रम मात्र तय गर्ने र आन्दोलनको आमआह्वान गर्ने मात्र काम गर्दछौं । त्यतिले मात्र पुग्दैन । अनुभव र तथ्यले प्रमाणित गरिसकेको छ, जुन ठाउँमा आन्दोलनको ठोस योजना बन्यो, त्यसको कार्यान्वयनमा राम्ररी लाग्ने काम भयो, त्यस्ता ठाउँहरूमा आन्दोलनले अपेक्षित सफलता प्राप्त गरेको छ । तसर्थ, आन्दोलनको कार्यक्रम तय भएपछि हरेक तहका कमिटीको बैठक गर्ने, त्यसको पहलमा कार्यकर्ता भेला राख्ने, गिरफ्तारीलगायतका कुराबाट पछि नहट्ने, बैठक तथा अन्य कामका लागि भरपर्दो आश्रयको वैकल्पिक व्यवस्था गर्ने र हर ठाउँमा शान्तिपूर्ण र वैधानिक आन्दोलनका सीमाभित्र बसेर हरेकले आफ्नो जुझारूपन प्रदर्शन गर्न राम्रो प्रशिक्षण दिनुपर्दछ । थोरै दमन हुँदा पछि हट्ने, गिरफ्तारीबाट डराउने, अनुकूलतामा मात्र पार्टी काम गर्ने, प्रतिकूलतामा पछि हट्ने जस्ता प्रवृत्तिहरूलाई हर क्षेत्रमा हतोत्साहित गरिनुपर्दछ । आन्दोलनको सफलता त्यसको व्यापकता र जुझारूपनामा निर्भर गर्दछ । अतः जुझारूपनलाई हामीले प्रोत्साहित गर्नुपर्दछ । प्रत्येक कार्यकर्ताको परीक्षण पनि वास्तवमा उसको सक्रियता र क्रान्तिकारीपनामा नै हुने गर्दछ । हामीले योग्य र असल नेता, कार्यकर्ताको मूल्याङ्कनको आधार पनि सक्रियता र जुझारूपनालाई नै बनाउनुपर्दछ ।

(२) **अर्थ सङ्कलन अभियान** : यतिबेला पार्टीको आर्थिक जीवन अत्यन्त सङ्कटग्रस्त बन्न पुगेको छ । पार्टीका नियमित काममा समेत अर्थाभावका कारणले प्रतिकूल प्रभाव परिरहेको छ । आन्दोलन आफैँमा एउटा खर्चको महत्त्वपूर्ण क्षेत्र पनि हो । पार्टीको कमजोर आर्थिक हैसियत र योजनाबद्ध अर्थ सङ्कलनको अभावमा आन्दोलनको प्रभावकारितामा समेत प्रतिकूल असर परिरहेको छ । हामीले आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन र सफल तुल्याउन आर्थिक क्षेत्रको यस सङ्कटलाई समाधान गर्न सक्नैपर्दछ ।

हामीले केही समयअगाडि अर्थ सङ्कलनका सन्दर्भमा विषेश अभियान सञ्चालन गर्न चाहेका थियौं । यस सम्बन्धमा अन्तरपार्टी निर्देशन- १३ ले व्यवस्थित रूपमा निर्देशित पनि गरेको थियो । तर, अपानि- १३ जारी भएपश्चात् मुलुकमा विकसित असहज परिस्थितिका कारणले गर्दा उक्त योजना कार्यान्वयन हुन सकेको छैन । अब हामी अपानि- १३ ले तर्जुमा गरेको अर्थ सङ्कलनको योजना जसरी पनि कार्यान्वयन गर्नैपर्ने अवस्थामा छौं । त्यसैले फागुन १५ देखि चैत १५ सम्मको अवधिमा अपानि- १३ ले निर्देशन गरेबमोजिमको अर्थ सङ्कलन अभियान सञ्चालन गर्न जरुरी छ ।

(३) **पार्टीको वैदेशिक सम्बन्ध** : आजको संसार धेरै हदसम्म अन्तरसम्बन्धित छ । स्वतन्त्र र सार्वभौम मुलुकले पनि क्रान्ति वा निर्माणका सन्दर्भमा होस् वा आर्थिक-सामाजिक परिवर्तन र सुधारका सन्दर्भमा होस्, छिमेकी र विश्व समुदायको भूमिकालाई बेवास्ता गर्न सम्भव हुँदैन । अझ यसो भन्न सकिन्छ, छिमेकी मुलुक र अन्तर्राष्ट्रिय समुदायको नैतिक समर्थन प्राप्त नगरी वा कम्तीमा उनीहरूलाई आफ्ना विरुद्धमा नउभिने कुराको सुनिश्चितता नगरी मुलुकभित्रको आन्दोलनलाई सफलताको दिशामा अघि बढाउन प्रायः असम्भव हुन्छ । त्यसैले चालू लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा पनि हामीले थप अन्तर्राष्ट्रिय समर्थन र ऐक्यबद्धता प्राप्त गर्न अधिकतम् प्रयत्न गर्नुपर्दछ ।

यस निम्ति चीन, जापान, भारत, युरोप, अमेरिका, सार्क, संयुक्त राष्ट्रसङ्घलगायत नेपालको मामलामा महत्त्व राख्ने अन्तर्राष्ट्रिय समुदायका बीचमा सघन संवादको प्रक्रिया सञ्चालन गर्न जरुरी छ । उनीहरूलाई लोकतान्त्रिक आन्दोलनको पक्षमा उभ्याउन वा कम्तीमा पनि विरोधमा जान नदिन कूटनीतिक पहल हुन जरुरी छ । यस निम्ति हाम्रो आफ्नो पार्टीका तर्फबाट एकल र सात राजनीतिक दलका तर्फबाट संयुक्त पहल हुन जरुरी छ । पार्टीका जिम्मेवार नेताको नेतृत्वमा कूटनीतिक क्षेत्रको अनुभव भएका कार्यकर्ताहरूको एउटा पङ्क्ति निर्माण गर्न, सात दलका तर्फबाट साझा समूह निर्माण गर्न र तिनीहरूलाई परिभाषित जिम्मेवारीका साथ परिचालित गर्न जरुरी छ । त्यसैगरी प्रवासका विभिन्न ठाउँमा रहेका हाम्रा प्रवास कमिटी वा लोकतन्त्र पक्षधर सहयोगी, समर्थक, बुद्धिजीवी, व्यवसायी र युवा-विद्यार्थीसमेतलाई परिचालित गरी हाम्रो आन्दोलनका पक्षमा जनमत जुटाउन र बढाउन अझ राम्ररी लगाउनुपर्ने आवश्यकता छ ।

(४) **विचारधारात्मक सङ्घर्षको सञ्चालन** : अहिले पार्टीभित्र र बाहिर विभिन्न खालका वैचारिक समस्याहरू देखापरेका छन् । हामीले पार्टीका नीति र दृष्टिकोणलाई पक्रँदै विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्न जरुरी छ । यतिखेर हाम्रो पार्टी एकातिर सात पार्टी एकतामा सामेल भएर निरङ्कुश राजतन्त्रविरोधी सङ्घर्ष गरिरहेको छ र नेकपा (माओवादी) सित सात पार्टीको एक प्रमुख घटकका रूपमा १२ बुँदे समझदारीमा सामेल छ । यस अवस्थामा हामीले सात दलभित्र खासगरी सम्झौतापरस्त विचारका विरुद्ध र नेकपा (माओवादी) का उग्रवामपन्थी विचारका विरुद्ध वैचारिक सङ्घर्ष गर्नुपर्ने अवस्था विद्यमान छ । त्यसैगरी हामीले पार्टीभित्र आन्दोलनमा पूर्ण रूपले नलाग्ने, पार्टी सङ्गठनको विस्तार र जनपरिचालनमा राम्ररी ध्यान नदिने, निरङ्कुश राजतन्त्रविरुद्धको सङ्घर्षमा तत्परता नदेखाउने वा शिथिलता प्रदर्शन गर्नेजस्ता प्रवृत्तिहरूसँग जुध्नुपर्ने आवश्यकता छ । यतिखेर हामीहरू निरङ्कुश राजतन्त्रविरुद्ध आन्दोलनको मैदानमा छौं । यस्तो बेलामा वैचारिक सङ्घर्ष सञ्चालन गर्दा आपसी एकतालाई अझ खँदिलो बनाउने कुरामा जोड दिनुपर्छ । सात दलको एकतामा आँच नआओस्,

माओवादीसँगको १२ बुँदे समझदारीप्रति आशङ्का उत्पन्न हुन नपाओस् तथा पार्टीभित्रै पनि एक आपसमा अविश्वास पैदा गर्ने आपसी कटुता र विवाद सिर्जना गर्ने काम नहोस् भन्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ । तर, गलत प्रवृत्तिको तथ्यगत खण्डन, आलोचना नगरी पार्टीका नीति, विचारलाई स्थापित गर्न र आन्दोलनको कार्यक्रमलाई प्रभावकारी बनाउन सकिँदैन । त्यसैले राजनीतिक र सङ्गठनात्मक कामसँगै वैचारिक क्षेत्रको काममा पनि त्यत्तिकै महत्त्वका साथ लाग्नुपर्दछ ।

मुलुक यतिबेला सामाजिक परिवर्तनको प्रश्रव वेदनामा छ । यस्तो अवस्थामा हामीले निरङ्कुशताविरुद्धको प्रहारलाई अरू सशक्त बनाउनुपर्दछ । शान्तिपूर्ण र संयुक्त जनआन्दोलनको बज्रमुक्काबाट नै निरङ्कुश राजतन्त्रको अन्त्य हुनु र पूर्ण लोकतन्त्रमा मुलुक प्रवेश गर्नु अनिवार्य छ । तर, यो यत्तिकै पूरा हुन सक्तैन । यसका लागि जनआन्दोलनको आँधी उठाउनुपर्दछ । सिङ्गो मुलुक र अन्तर्राष्ट्रिय समुदायलाई निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रका पक्षमा खडा गर्न अग्रणी भूमिका निर्वाह गर्न आवश्यक छ । आन्दोलनका प्रभावकारी, जीवन्त र व्यावहारिक रूपहरूको छनोट गर्न जरुरी छ । आमजनतालाई सडकमा उतार्न र सडक आन्दोलनको अग्रभागमा हाम्रो पार्टीका नेता, कार्यकर्ता र सदस्यहरू रहनुपर्दछ । यसका निम्ति हामीले हाम्रा सबै सङ्गठनहरू चुस्त, गतिशील र जुझारु बनाउनु आवश्यक छ । निस्क्रिय तथा गतिविहीन शक्तिले आँधीसँग जुध्न सकिँदैन । त्यसैले, केही हुँदैन र कति गरिरहने भन्ने हीनभावनालाई परास्त गर्दै प्रतिकूलता र आँधीसँग पौठेजोरी खेल्ने हिम्मत गरौँ । आन्दोलनले गति लिन खोजिरहेका बेला राजाले विभिन्न खाले षड्यन्त्रका जाल फ्याँक्न सक्छन् । सात दल र माओवादीबीच भएको १२ बुँदे सम्झौतालाई भङ्ग गराउन, सात दललाई फुटाउन र आन्दोलनलाई शिथिल पार्न प्रतिगामीहरू चाहन्छन् । प्रतिगामीहरूका यस्ता षड्यन्त्रहरूलाई चिर्दै राजाका कुनै पनि भ्रम र जालमा नपरी त्यसप्रति उच्च सतर्कता अपनाउँदै अघि बढौँ । आउनुहोस्, युगले सुम्पिएको अभिभारा पूरा गर्न योग्यता, इमानदारी, निष्ठा र समर्पणका साथ कार्यक्षेत्रमा डटौँ । लक्ष्य प्राप्त भई छाड्नेछ ।

***(नेकपा (एमाले) केन्द्रीय कमिटीको दसौँ बैठकद्वारा पारित राजनीतिक प्रतिवेदनबाट)***

### जापानी कम्युनिस्ट पार्टीको चौबीसौँ महाधिवेशनमा सहभागिता

# केही रोचक अनुभूतिहरू

**' झलनाथ खनाल**

**जापानी कम्युनिस्ट पार्टीको निम्तो**

हाम्रो पार्टीले विश्वभरिका कम्युनिस्ट पार्टीहरू र अन्य प्रजातान्त्रिक पार्टीहरूसँग आफ्ना सम्बन्धहरूलाई विस्तार गर्ने क्रममा निकै समयदेखि जापानको कम्युनिस्ट पार्टीसँग पनि सम्बन्ध विस्तार गर्न प्रयत्न गर्दै आएको थियो । विगतमा संयोगवश हाम्रो जनसङ्गठनका तर्फबाट आफ्ना सम्पर्क सम्बन्धहरू विकास गर्ने क्रममा जापानको एउटा अर्के सानो कम्युनिस्ट समूहसँग सम्पर्क बनेको रहेछ । त्यो सम्पर्कलाई पार्टीगत सम्पर्क ठानेर जापानी कम्युनिस्ट पार्टीले हाम्रो सम्बन्ध स्थापनाको प्रस्तावलाई 'अध्ययन गर्ने' बताउँदै आएको थियो । वास्तवमा केही व्यक्तिहरूसँग व्यक्तिगत सम्पर्कबाहेक हाम्रो पार्टीको जापानका अरू कुनै कम्युनिस्ट पार्टीका समूहसँग कुनै पनि प्रकारको औपचारिक सम्बन्ध थिएन । तर पनि, उहाँहरूले लामो 'अध्ययन' गर्नुभयो । हाम्रो उहाँहरूसँग प्रायःजसो अन्तर्राष्ट्रिय मञ्चमा भेट भई नै रहने गर्दथ्यो । भाकपा र भाकपा (मार्क्सवादी) का महाधिवेशनहरूपिच्छे नै हाम्रो भेट हुने गर्दथ्यो । मद्रासमा भएको भाकपा (मा.) को महाधिवेशनका बेला उहाँहरूले 'अब हामी सम्बन्ध स्थापना गर्ने अवस्थामा पुगेका छौँ' भन्नुभयो । यस पङ्क्तिका लेखकलाई एउटा डिनरसमेत दिएर सम्बन्ध अब विकसित भएको पनि कुरा गर्नुभयो । त्यसलाई मैले 'न्यू एरा'मा समाचार पनि छापेँ । तर, पछि सम्बन्ध नै स्थापना भइसकेको होइन, प्रक्रिया मात्र हो भन्ने कुरा आयो । हामीले मान्यौँ । त्यसपछि पोहोर साल बेइजिङमा भएको एसियाली राजनीतिक पार्टीहरूको सम्मेलनमा हाम्रो पार्टीका महासचिव र जापानी कम्युनिस्ट पार्टीका अध्यक्षबीच भेटघाट र कुरा भयो । त्यहाँ पुगेर अब हाम्राबीच सम्बन्ध स्थापना भयो भनेर कमरेड फुवाले भन्नुभयो । त्यसपछि मात्र यस वर्ष २००६ को जनवरीमा आएपछि भने हामीले अप्रत्यासित रूपले उहाँहरूको निम्ता पायौँ । हामी त सुरुदेखि नै तयार छँदै थियौँ । तर, उहाँहरूलाई त्यो बिन्दुमा आइपुग्न निकै वर्ष लाग्यो । उहाँहरूले गहिरो अध्ययन गर्नुभयो, धेरै पक्षहरू केलाउनुभयो र सबै कुरा चित्त बुझेपछि मात्र सम्बन्धलाई औपचारिक तहमा उठाउने निर्णय गर्नुभयो । त्यसैले यो निम्ता हाम्रा लागि एउटा महत्त्वपूर्ण निम्ता थियो । त्यसबाट हाम्रा दुई पार्टीहरूबीचको सम्बन्धमा एउटा नयाँ उचाइ थपिन सक्थ्यो र दुई पार्टीहरूबीचको सम्बन्धमा हार्दिकता र घनिष्ठता पनि आउन सक्थ्यो । त्यसैले म त्यो निम्तामा गएँ । यो सम्बन्ध स्थापना हुन लागेको समय र प्रक्रियाबाट मात्र पनि जापानी कम्युनिस्ट पार्टीको विशेषता बुझ्नलाई मद्दत पुग्छ ।

**अटोमी सहरको बसाइ**

उक्त निम्ता मान्न म १० जनवरी २००६ का दिन काठमाडौँबाट उडेँ । थाई हवाई जहाजले भोलिपल्ट बिहान मलाई ७:३० बजे जापानको नारिता विमानस्थलमा पुर्‍यायो । पूर्वयोजनाअनुरूप मलाई लिन जापानको कम्युनिस्ट पार्टीका विदेश विभागका सदस्य सिजी ईन्डो ९क्षष्ष भ्लमय० र सदस्य ईनोइ आयुमी ९भ्लयधभ ब्यगफ७ तथा नेपाली साथीहरू पाण्डराज कार्की र सुन्दर पौडेल पनि विमानस्थलमा आउनुभएको थियो । म उत्रिने बित्तिकै उहाँहरूसँग भेट भयो । भेट हुनेबित्तिकै मेरा लगेज व्यागहरू उहाँहरूले समाइदिनुभयो । भोलिपल्ट बिहानैदेखि महाधिवेशन सुरु हुने भएकाले मैले नेपाली साथीहरूसँग उहाँहरूको

ठेगाना लिएर बिदा भएँ । त्यसपछि हामी बुलेट ट्रेन चढेर टोकियोतिर लाग्यौं र टोकियोबाट फेरि ट्रेन बदलेर हामी अटोमी सहर पुग्यौं । नारिता विमानस्थल टोकियोभन्दा पनि पूर्व पर्दो रहेछ । त्यहाँबाट हामी उत्तरपश्चिम भएर टोकियो आयौं र टोकियोबाट दक्षिण पश्चिम भएर अटोमी सहर पुग्यौं । यो कानागावा प्रिफेक्चरअन्तर्गत पर्ने एउटा सुन्दर सहर रहेछ । प्रशान्त महासागरको किनारस्थित त्यो सहर होटल र रिसोर्टहरूले मात्र भरिभराउ एउटा पर्यटकीय सहर रहेछ । समुद्रको किनारा भए पनि किनारादेखि नै जमिन उठेर पहाडी शृङ्खला बनेको छ । हरिया पहाडहरू, आधुनिक तर साना र चिटिक्क परेका भवनहरू, सफा सडकहरू र सम्पूर्ण अत्याधुनिक सुविधाहरूले अटोमी सहरको सौन्दर्यलाई विशेष आकर्षण दिएका थिए । त्यहाँ **होटेल न्यु अकायो रोयल वीड** नामक त्यस्तै सुन्दर होटेल रहेछ । हामी सबै विदेशी पाहुनाहरूलाई त्यही होटेलमा राखिएको थियो । नेपाल, भारत, श्रीलङ्का, क्युबा, अमेरिका र ग्रीसका साथीहरू लहरै कोठाहरूमा बसेका थियौं । पूर्वपट्टि फर्किएका कोठाहरूबाट बिहानी सूर्योदयको दृश्य कविता फुराउने खालकै देखिँदो रहेछ । प्रशान्त महासागरको सतहभित्रबाट सौर्यको एउटा बिचित्रको प्राकृतिक वातावरणका बीचमा हुने सूर्योदय हेर्नलायक हुने रहेछ । त्यसले श्रीअन्तुलाई बिर्साउन नसके पनि मलाई सम्झाउने कामचाहिँ अवश्य गऱ्यो । त्यो सहर वास्तवमा जापानी कम्युनिस्ट पार्टीको आफ्नो प्रभाव रहेको क्षेत्र पनि पर्दोरहेछ ।

**महाधिवेशनस्थल**

हामी महाधिवेशनको उद्घाटन भन्ने बित्तिकै एउटा भव्यताका साथ आयोजित हुने विशाल समारोहको परिकल्पना गर्छौं । किनभने, हामी त्यस प्रकारको परम्परामा अभ्यस्त भएका छौं । तर, मैले जापानीहरूको तरिका भिन्नै प्रकारको देखें । जापानी जनता, जापानी समाज, जापानी संस्कृति मात्र आफ्नै खालका विशेषता राख्ता रहेनछन् । त्यहाकाँ कम्युनिस्टका काम गर्ने तरिकाहरूमा पनि भिन्नता रहेछन् । वास्तवमा एउटा विकसित मुलुकमा रहेको कम्युनिस्ट पार्टी कसरी काम गर्छ, त्यसले आफ्नो राष्ट्रिय महाधिवेशन कसरी आयोजना गर्छ, कस्तो व्यवस्थापन विधि अपनाउँछ, यी कुराहरू मेरा लागि पनि उत्सुकताका विषयहरू थिए । म सोच्दै थिएँ, ११ फरबरीको बिहान हामीले बिहानको नित्यकर्म सक्यौं र खाजा खायौं । दिउँसोको खाना महाधिवेशनस्थलमा नै बन्दोवस्त गरिएको रहेछ । खाजा खानेबित्तिकै हामी होटेल रोयल वीडको लबिमा भेला भयौं । हामीलाई स-साना चिटिक्क परेका झोलाहरू दिइयो । ती झोलाहरूमा केन्द्रीय कमिटीको प्रस्तावित प्रतिवेदन, दुईवटा साना कलमहरू, प्रतिनिधिका रूपमा पहिचान दिने परिचायक चिन्ह, एउटा सानो नोटकपी, जापानको नक्सा र टोकियाको नक्सा राखिएको थियो । ती झोलाहरू लिँदै हामी होटेलबाहिर तयार पारिएका बसहरूमा चढ्दै गयौं । सबै चढिसकेपछि हामीहरू महाधिवेशनस्थलतिर हिँड्यौं । बसले हामीलाई विस्तारै घुमाउँदै अटोमी पर्वतको चुचुरोतिर उकाल्दै लग्यो । हेर्दै गएँ, कतै बाहिर पनि महाधिवेशनका बारेमा कुनै विशेष शृङ्गारपटार गरिएको छ कि भनेर । तर, मैले कतै केही देखिनँ । बरु बस हिँड्ने बाटाहरूमा पर्ने प्रत्येक घुम्तीहरूमा राज्यको प्रहरीका साथमा कम्युनिस्ट पार्टीका स्वयम्सेवकहरू पनि बसेका देखिन्थे । त्यो पनि कुनै ठूलो सङ्ख्यामा होइन, प्रत्येक मोडमा केही जना मात्र । उनीहरूले हाम्रा वाहनहरूलाई बाटो देखाउँदै गए । हामी घुमाउरा, छरिता र साना बाटाहरूबाट विस्तारै पहाड चढ्दै गयौं । अब शिखरमा पुग्न अलिकति मात्र बाँकी थियो, गाडीहरू त्यहीं रोकिए । हामी उत्रियौं । चारैतिर अटोमी सहरको आधुनिकता, सहरका विभिन्न उचाइका होटेलहरू, सुन्दर हरियालीहरू, सामाजिक सेवाका पूर्वाधार र संरचनाहरू, दक्षिणतिर रहेको विशाल महासागर देखिन्थे । हामी ओर्लिएको ठाउँमा पनि महाधिवेशनबारे कुनै सजावट र शृङ्गार देखिँदैन । उतारेपछि हामी सबै हिँडेर उकालो लाग्यौं । माथिसम्म गाडी लैजान सम्भव रहेनछ । हामी करिब तीन सय मिटरजति हिँडेर गयौं । पर्वतको चुलीभन्दा केही तल एउटा अलिक ठूलो भवन देखियो । वरिपरि अरू पनि अनेक घरहरू भएको देखियो । त्यसमध्येको ठूलो घरभित्र एउटा ठूलो हल रहेछ । त्यसको केही माथि हामी विदेशी पाहुनालाई लगियो । तलबाट बाटाभरि नै झुन्डका झुन्ड प्रतिनिधिहरू आइरहेका थिए । उस्तैउस्तै जीवनस्तर देखिने, विभिन्न खाले रुचिअनुसारका पोसाकमा सजिएका महिला र पुरुषहरू उकालो लागिरहेका थिए । हामी केहीछिन एउटाछेउको घरमा बस्यौं । त्यहाँ चिया र खाना सबै कुराको बन्दोवस्त रहेछ ।

त्यहाँ हामी सबै विदेशी पाहुनाहरू भेट भयौं । हामीले एकआपसका परिचय साटासाट गऱ्यौं, पुराना परिचयहरूलाई नवीकरण गऱ्यौं, चिया खायौं, त्यस्तैमा हामीलाई महाधिवेशन हलतिर जाने निम्ता आयो । हामीहरू सबै तयार भयौं । हामी सबै आ-आफ्नै ढङ्गले लाइन लागेर अघि जान खोज्दै थियौं । फेरि उर्दी आयो, उनीहरूले तोकेको जापानी अक्षरको वर्णानुक्रमअनुसार उनीहरूले बोलाउँदै जाने, त्यहीअनुरूप लाइनमा लाग्नुपर्ने । हामीले त्यसै गऱ्यौं । त्यही उर्दीअनुरूप पङ्क्तिबद्ध भएर भवनका भित्रभित्रै भएर जाने बाटोमार्फत महाधिवेशन हलमा पुग्यौं । सबै विदेशीहरूलाई मञ्चमा अध्यक्षमण्डल रहने भन्दा ठीक पछाडिपट्टि बस्ने बन्दोवस्त गरिएको रहेछ । को कहाँ बस्ने भनेर आफ्नो कुर्सीअगाडि लेखेर राखिएको रहेछ । जहाँ आफ्नो नाम थियो, हामी त्यहीं गएर बस्यौं । ठूलो देश, शक्तिशाली पार्टीलाई विशेष महत्त्व दिने खालको कुनै व्यवस्थापन थिएन । वर्णानुक्रमअनुरूप सबैलाई समान ढङ्गले राखिएको थियो । अटोमी पर्वतको चुचुरामा रहेको त्यस भवनभित्र अब उद्घाटन कार्यक्रमको विशेष तयारी भइरहेको थियो । सबै उपस्थित प्रतिनिधि, पर्यवेक्षकहरू र पाहुनाहरू महाधिवेशनस्थललाई नियाल्दै अब कतिबेला महाधिवेशन सुरु हुन्छ भनेर उत्सुकतापूर्वक पर्खिरहेका थिए । वरिपरि हेर्दा कुनै रङ्गीन सजावट छैन । हाम्रा महाधिवेशनहरूमा जस्तो पाँच प्राधिकारका फोटाहरू पनि कतै देखिँदैनन् । मार्क्सको फोटो पनि कहीँ देखिन्न । जापानी नेताहरूको फोटो पनि थिएन । यो पनि त्यस महाधिवेशनको एउटा विशेष पक्ष थियो ।

**उद्घाटन प्रक्रिया**

हामी विदेशी पाहुनाहरू बसेको भन्दा ठीक अगाडि जा.क.पा.का नेताहरू बस्नुभएको थियो । केन्द्रीय कमिटीका अध्यक्ष कमरेड फुवा, कार्यकारी अध्यक्ष कमरेड सी र अन्य कमरेडहरू हामीभन्दा ठीक अगाडि बस्नुभएको थियो । पत्रकारहरू टेलिभिजनका क्यामेराम्यानहरू फोटो लिनमा व्यस्त देखिन्छन् । उद्घोषकले अब उद्घाटन कार्यक्रम सुरु हुन लागेको उद्घोषण गर्दछन् । यस्तैमा कमरेड फुवा जुरुक्क उठ्नुहुन्छ । हातमा एउटा लिखत लिएर माइकतिर अघि बढ्नुहुन्छ र भन्नुहुन्छ- 'प्रिय प्रतिनिधिहरू, पर्यवेक्षकहरू, सञ्चार उपग्रह प्रसारणबाट महाधिवेशनको उद्घाटन समारोहलाई हेरिरहनुभएका पार्टीका सम्पूर्ण

सदस्यहरू, यहाँहरू सबैलाई स्वागत छ ! म जापानी कम्युनिस्ट पार्टीको २४औं महाधिवेशन उद्घाटन भएको घोषणा गर्दछु । म जापानी कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीका तर्फबाट सबैलाई हार्दिक अभिवादन गर्न चाहन्छु र यो महाधिवेशन तयारीका निम्ति योगदान गर्नुहुने सबै पार्टी सदस्यहरूप्रति ऐक्यबद्धता प्रकट गर्न चाहन्छु ।' यिनै शब्दमा अध्यक्ष फुवाले २४ औं महाधिवेशनको उद्घाटन गर्नुभन्यो । त्यहाँ कुनै रङ्गीचङ्गी परिधानको व्यवस्था थिएन । पार्टीको झन्डोत्तोलनको प्रक्रिया पनि थिएन र कुनै विशेष सजधज पनि थिएन, त्यहाँ कुनै बेलुन उडाइएन, कुनै पानसमा बत्ती पनि बलेन न त कुनै प्रकारका आतिसबाजी नै थियो । बडो सामान्य ढङ्गले कमरेड फुवाले महाधिवेशनको उद्घाटन आफ्नो उद्घाटन भाषणबाट गर्नुभयो । उहाँले माथिका शब्दहरूबाट उद्घाटन गर्दै सबै विदेशी पाहुनालाई स्वागत अभिवादन गर्नुभयो । धेरै पाहुनाहरूको उपस्थितिले यो महाधिवेशन सबैका लागि विचार र अनुभव आदान-प्रदान गर्ने थलो बन्ने कुरा बताउनुभयो । २३ औंदेखि २४ औं महाधिवेशनबीच निधन भएका तीन सय ९६ जना पार्टी सदस्यहरूप्रति सम्मान र श्रद्धाञ्जली व्यक्त गर्न एकछिन उठेर मौनधारण गर्ने काम भयो । त्यसपछि उहाँले जापानी कम्युनिस्ट पार्टीको विकासक्रम, त्यसले २३ औं महाधिवेशनमा गरेको पार्टी कार्यक्रमको संशोधन, त्यसले पार्टीलाई परिस्थिति बुझ्नका लागि दीर्घकालीन दृष्टकोण प्रस्तुत गरेको र विश्वव्यापी धरातलमा उभिएर जापानको स्थितिलाई बुझ्न मद्दत गरेको कुरा राख्नुभयो । साथै, उहाँले बदलिँदो परिस्थितिमा जा.क.पा.को काँधमा अहिले ठूलो जिम्मेवारी आएको कुरा गर्दै यो महाधिवेशनका सामु केन्द्रीय कमिटीको प्रतिवेदन पास गर्ने र नयाँ केन्द्रीय कमिटीको निर्वाचन गर्ने दुई आधारभूत कार्यभारहरू रहेको कुरा गर्नुभयो । अन्त्यमा उहाँले महाधिवेशनले फलदायी बहस, छलफल गरेर निष्कर्ष निकाल्नेछ भन्दै उद्घाटन भाषण सक्नुभयो । उहाँलाई त्यति गर्न करिब १५ मिनेट लाग्यो र प्रतिनिधि र पर्यवेक्षकहरूले तालीको गड्गडाहटका साथ अध्यक्षको उद्घाटन भाषणलाई अनुमोदन गरे । उद्घाटन कार्यक्रम सकियो । त्यस्तो थियो, जापानी शैलीको महाधिवेशन उद्घाटन । त्यो उद्घाटन समारोहमा अन्तर्राष्ट्रिय गीतको गुञ्जन पनि भएन । त्यसलाई जापानी कम्युनिस्टहरू सभा, सम्मेलन र महाधिवेशन उद्घाटनका बेलामा गाउनैपर्ने गीतका रूपमा लिँदा रहेनछन् । हामीहरूले जारी राख्तै आएका परम्पराहरूभन्दा कैयौं अर्थमा भिन्नता राख्ने जापानी कम्युनिस्टहरूको यो शैली र तरिका आफ्नो विशिष्ठताअनुरूपको थियो ।

**विदेशी पाहुनाहरूलाई स्वागत**

त्यसपछि २३ औं केन्द्रीय समितिको विघटन भएको घोषणा गर्दै अध्यक्षमण्डल गठनको प्रस्ताव प्रस्तुत भयो । हलले गडगडाहट तालीका साथ समर्थन गऱ्यो । अध्यक्षमण्डलले आसन ग्रहण गऱ्यो । त्यसमध्ये ओकुडो प्रिफेक्चरका प्रतिनिधिले त्यस दिनको अध्यक्षता गर्ने घोषणा भयो । अध्यक्षमण्डलले सबभन्दा पहिले महाधिवेशनको कार्यसूची प्रस्तुत गऱ्यो । केन्द्रीय कमिटीको प्रतिवेदन प्रस्तुत गर्ने, क्रेडेन्सीयल कमिटीको प्रतिवेदन प्रस्तुत गर्ने, चुनावका निम्ति कोष निर्माणको प्रस्ताव गर्ने र केन्द्रीय कमिटीको निर्वाचनजस्ता विषयहरू कार्यसूचीमा राखियो । कार्यसूचीको प्रस्तुतिपछिको पहिलो काम भनेको विदेशी पाहुनाहरूलाई परिचय दिने र स्वागत गर्ने काम गरियो । त्यस सम्बन्धमा पनि उहाँहरूको आफ्नै तरिका थियो । हामीलाई जसरी सुरुमा नै जापानी वर्णमालाको वर्णानुक्रमअनुसार ल्याएर बसाइएको थियो । परिचय गराउने क्रममा पनि त्यही जापानी वर्णानुक्रमका आधारमा हाम्रो नाम बोलाइयो । त्यसअनुरूप अमेरिका, भारत, कम्बोडिया, क्युबा, ग्रीस, श्रीलङ्का, चेक गणतन्त्र, चीन, तुनिसिया, जर्मनी, नेपाल, हङ्गेरी, ब्राजिल, फ्रान्स, भियतनाम, लाओस, कोरिया, इन्डोनेसिया गर्दै सबैलाई परिचय गराइयो । त्यसका निम्ति उद्घोषकले देशको नाम भन्छन्, प्रतिनिधिको नाम भन्छन्, पार्टीको नाम भन्छन् र पार्टीको वर्तमान स्थितिका बारेमा र सम्बन्धित देशको कम्युनिस्ट आन्दोलनका बारेमा सङ्क्षेपमा भन्छन् । त्यसबेला सम्बन्धित देशका प्रतिनिधिहरू आफ्नो ठाउँमा उठ्छन् र अभिवादन गर्छन् र आफ्नो ऐक्यबद्धता गराउने गर्दछन् । उद्घोषकले दिएको परिचयका आधारमा प्रतिनिधिहरूले ख्याल गर्ने र तालीको गड्गढाहटबाट सिङ्गो हलले अभिनन्दन स्वागत गर्दछ । हाम्रो पार्टीका बारेमा पनि उद्घोषकले छोटो र राम्रो परिचय दिनुभएको थियो र उक्त महाधिवेशनको हलले करतल ध्वनिले स्वागत र समर्थन गरेको थियो । हाम्रा महाधिवेशनहरूमा विभिन्न विदेशी पाहुनाहरूलाई मञ्चमा उभ्याइन्छ र लामालामा भाषणहरू पनि गर्न लगाइन्छ । यी प्रसङ्गहरू वास्तवमा विचारणीय छन् । उहाँहरूको तरिका, प्रक्रिया, खासगरी विदेशी पाहुनाहरूलाई परिचय गराउने सम्बन्धमा मलाई निकै मन पऱ्यो । मलाई पनि त्यति नै गर्दा पुग्छ भन्ने सधैँभरि लाग्थ्यो । जापानी तरिका देखेपछि बडो चित्त बुझ्यो ।

**प्रतिवेदनको प्रस्तुति**

यसरी हामीलाई परिचय गराई सकेपछि अब प्रतिवेदन प्रस्तुत गर्ने कार्य सूची थियो । तद्नुरूप केन्द्रीय कमिटीका कार्यकारी अध्यक्ष शि काजुओले २३ औं केन्द्रीय कमिटीका तर्फबाट महाधिवेशनसमक्ष प्रतिवेदन प्रस्तुत गर्नुभयो । प्रतिवेदनलाई त्यहाँ कार्यकारी अध्यक्षको प्रतिवेदन भन्दा रहेनछन् । उनीहरू कडीकडाइका साथ कन्द्रीय कमिटीको रिपोर्ट भन्दा रहेछन् । अझ कैयौं पार्टीहरूमा महासचिवको वा अध्यक्षको प्रतिवेदन भन्ने चलन देखिन्छ । हाम्रो पार्टीमा पनि महासचिवको प्रतिवेदन भन्ने गरिन्छ तर त्यहाँ त्यसो गरिँदो रहेनछ । उहाँहरू सामूहिक नेतृत्वको भावना बढी महत्त्वका साथ लिनुहुँदो रहेछ । त्यो पनि उहाँहरूको परम्परामा रहेको अर्को विशिष्ठ पक्ष रहेछ । कम्युनिस्ट पार्टी भनेको व्यक्तिगत नेतृत्वमा विश्वास राख्ने पार्टी होइन, त्यो वास्तविक रूपले सामूहिक नेतृत्वमाथि विश्वास गर्ने पार्टी हो । त्यसलाई व्यवहारमा लागू कसरी गर्ने, यी समस्याहरू विश्वभरि नै अहिले पनि रहेका छन् । सबै देशका कम्युनिस्टहरूले यस पक्षमा पनि गम्भीरतापूर्वक सोच्न र उपयुक्त संरचनाको विकास गर्न आवश्यक भएको छ । कमरेड सीले प्रतिवेदन पढ्ने र ठाउँठाउँमा व्याख्यासमेत गर्ने गर्दै प्रस्तुत गर्नुभयो । उहाँले प्रस्तुत गरेको प्रतिवेदन फुलिस्केप साइजको पेपरमा करिब ४० पृष्ठको थियो । त्यसलाई उहाँले पाँच भागमा गरेर प्रस्तुत गर्नुभएको थियो । पहिलो भागमा जापान सरकारको वर्तमान नीति र जापानको पुनर्संरचनाको प्रश्नबारे विश्लेषण गरिएको थियो । दोस्रोमा वर्तमान विश्व स्थिति र त्यसमा ल्याउनुपर्ने संरचनात्मक परिवर्तनका साथमा जापानको भूमिकाबारे विश्लेषण गरिएको छ । तेस्रो र चौथोमा जापानी जनताका मागहरू, देशको स्थिति, विगतमा प्राप्त गर्दै आएका उपलब्धिहरू र राष्ट्रिय

तथा स्थानीय दुवै क्षेत्रमा अग्रगति प्राप्त गर्न खेल्नुपर्ने भूमिका र पाँचौंमा जापानी पार्टीलाई एउटा शक्तिशाली राष्ट्रिय पार्टीका रूपमा विकास गर्न गर्नुपर्ने कामहरूका बारेमा विश्लेषण गरिएको छ । त्यो प्रतिवेदनले आजको जापान, त्यसले भोगिरहेका समस्याहरू र चुनौतीहरू तथा तिनीहरूको सामना गर्दै अघि बढ्न व्यापक संयुक्त मोर्चा विकास गर्नुपर्ने आवश्यकताका बारेमा निकै विस्तृत रूपमा विश्लेषण गरेको छ । उहाँले जापानी कम्युनिस्ट पार्टीलाई राष्ट्रव्यापी रूपमा विस्तार गर्ने २००६ को अन्त्यसम्ममा पार्टी सदस्य सङ्ख्या पाँच लाख पुऱ्याउने र मुखपत्र *'अकाहाता'* का ग्राहकहरूको सङ्ख्या पनि ३० प्रतिशतले बढाउने लक्ष्यसहितको कार्यभार अघि सार्नुभयो । उहाँलाई उक्त प्रतिवेदन प्रस्तुत गर्न निकै लामो समय लाग्यो । ११ फरबरीको बिहान नौ बजेबाट सुरु भएको सत्रमा उद्घाटनपछि प्रस्तुत गर्न थालिएको प्रतिवेदन तीन बजेसम्म पुग्दा बल्ल दुई भाग प्रस्तुत भएको थियो । त्यसपछिको सेसनमा तेस्रो, चौथो र पाँचौं भाग प्रस्तुत भयो । त्यो दिनभरि नै प्रतिवेदन प्रस्तुतिको थियो । प्रस्तुतिमै लागेको त्यो लामो समय चाहिँ अलिक पट्यारलाग्दो थियो । प्रतिवेदन पढ्ने र त्यसमाथि व्याख्या पनि गर्ने शैलीले धेरै लामो समय लियो । त्यो गर्दा पार्टी प्रतिनिधि र पर्यवेक्षकहरू प्रशिक्षित चाहिँ राम्ररी नै भए । तर, समय अलिक बढी लागेको अनुभूतिचाहिँ हुन्थ्यो । यसपटकको महाधिवेशनमा मूल विषय नै त्यही रहेछ । बखतबखतका महाधिवेशनमा खासखास विषयहरूले बढी महत्त्व पाउने र समय लिने स्थिति बन्दो रहेछ । हाम्रोजस्तो जुन महत्त्वको विषय भए पनि प्रतिवेदन प्रस्तुत गर्नुपर्ने चलन उहाँहरूमा रहेनछ । २३ औं महाधिवेशनमा उहाँहरूको कार्यक्रमका बारेमा प्रमुख रूपले छलफल र बहसहरू भएका रहेछन् । यसपटक प्रतिवेदन नै प्रमुख रहेछ ।

**बन्धुहरू र पाहुनाहरूको शुभकामना लिने तरिका**

त्यस महाधिवेशनमा खड्किएको अर्को विषय भनेको शुभकामना लिनेदिने तरिका पनि एउटा हो । यस सम्बन्धमा विभिन्न देशमा विभिन्न पार्टीहरूका आ-आफ्नै खालका परम्परा र तरिकाहरू रहने गरेका छन् । के गर्न उपयुक्त हुन्छ, यसबारेमा पनि विविध अनुभवहरूको सार खिच्नु जरुरी देखिन्छ । मलाई जापानीहरूले निम्तोमा नै के भनेका थिए भने शुभकामनाहरू पढ्ने, सुनाउने वा भाषण गर्ने कुनै कार्यक्रम रहने छैन । त्यो सूचना भएकाले मैले शुभकामना अलग्गै तयार पारेर लगिनँ । मलाई के लागेको थियो भने त्यहाँबाट बनाएर लानु भन्दा त्यहीं गएर त्यहाँको वातावरण बुझेपछि बोल्ने औसर आयो भने मौखिक रूपले नै केही भन्छु भन्ने धारणा बनाएको थिएँ । म त्यसरी नै तयार भएर गएको पनि थिएँ । तर भोलिपल्ट १२ फरबरीको बिहान महाधिवेशनस्थलतिर हिँड्ने बेलामा के भनियो भने तपाईंहरूले शुभकामना लिखित रूपमै दिन चाहनु हुन्छ भने त्यो आज दिनुपर्छ । ती शुभकामनाहरू अध्यक्षले हेर्नुहुन्छ । त्यसपछि अध्यक्षसँगको भेटघाट खासखास पार्टीहरूसँग गराउनेछ र मसँग पनि आज नै भेटघाटको कार्यक्रम राखिएको सूचना प्राप्त भएपछि भने म फिटफिटमा परेँ । त्यहाँका कम्प्युटरहरू सबै नै जापानी भाषामा छन् । सजिलो गरी टाइप गर्न पनि गाह्रो हुन्छ । आफूसँग एउटा ल्यापटप कम्प्युटर मात्र भइदिएको भए पनि हुने थियो । त्यो पनि छैन । हातले लेखेर दिनु पनि त्यति राम्रो भएन । त्यसपछि मैले अन्तर्राष्ट्रिय विभागका कमरेडहरूसँग कुराकानी गरेपछि महाधिवेशनस्थलमा नै एउटा अङ्ग्रेजी भाषा भएको कम्प्युटर रहेको कुरा थाहा भयो । मैले मसँग सहयोगीका रूपमा तोकिएका साथी सेइजी इनोलाई त्यहाँ लान र करिब एक घण्टा समय उपलब्ध गराउन भनेँ । उनले तत्परताका साथ त्यो काम गरे । मैले दिउँसोको खाना खाने छुट्टीका बेलामा चाँडै गएर शुभकामना टाइप गरेँ । इनोले राम्रो खाम ल्याइदिए । मैले त्यसैमा राखेर दुई पृष्ठको छरितो शुभकामना तयार पारेँ । त्यसपछि त्यसै दिन अपराह्नमा अध्यक्ष फुवाले मसँग दुई घण्टाभन्दा लामो कुरा गर्नुभयो । उक्त शुभकामना त्यही कुराकानीका क्रममा मैले अध्यक्ष फुवालाई दिएँ । अरूले पनि त्यसरी नै दिएछन् । तर, भेटघाट कसैसँग खाली औपचारिकता पूरा गर्ने र फोटो खिच्ने कुरामा सीमित भएछ । मसँग नै धेरै लामो कुरा भयो । त्यसको कारण हाम्रो देशको जटिल स्थिति र त्यसलाई सकभर गहिरो गरी बुझ्ने उहाँहरूको प्रयास पनि होला । यसरी शुभकामना लिखित रूपमा दिइयो । यो अर्को राम्रो कुरा लाग्यो मलाई । हामीकहाँ रहेको परम्परा अर्कै छ । हामी सकेसम्म धेरै विदेशी पाहुना बोलाउँछौँ र उहाँहरूलाई उद्घाटन समारोहमा आमजनताबीचमा शुभकामना दिन लगाउँछौँ । कसैका लामा हुन्छन्, कसैका छोटा, कसैले लामो समय लिन्छन् । कसैका प्रस्तुति ढिला पनि हुन्छन् । आमजनतालाई बुझ्न पनि गाह्रो हुन्छ । परिणामस्वरूप कहिलेकाहीं त शुभकामना दिने र लिने कार्यका गम्भीरतामा नै आँच पुग्ने स्थितिसमेत आइदिन्छ । समय र व्यवस्थापन दुवै हिसाबले यस्ता कुरालाई बढी छिटो र छरितो बनाउनु हरेक हिसाबले जरुरी हुन्छ । यस सम्बन्धमा पनि जापानीहरूको तरिका रोचक थियो ।

**(बाँकी अर्को अंकमा)**

# ;dosL g]t[ kf]l6{of l;Dk;g-ldn/

विश्वप्रसिद्ध जमैकन गायक बब मार्ले (१९४५-१९८०) ले गाएका थिए- 'उठ, जाग, आफ्नो अधिकारका निम्ति लड !' त्यही, आफ्नो अधिकारका निम्ति लड्ने क्यारिबीयन मुलुक जमैकामा एउटी महिला पार्टी प्रमुख र राष्ट्रप्रमुखमा निर्वाचित भएकी छन्। उनको नाम हो- पोर्टिया सिम्पसन-मिलर। भनिन्छ, एक्काइसौँ शताब्दी महिलाहरूको शताब्दी हो। हालै यसअघि, जर्मनी, लाइबेरिया र चिलीमा सरकारको नेतृत्वमा महिलाहरू पुग्नुले यो भनाइको पुष्टि हुँदैछ।

गत १५ वर्षयतादेखि पोर्टिया निरन्तर लोकप्रिय नेतृका रूपमा रहेकी छन्। एक दशकभन्दा अघि नै उनले पिपुल्स नेसनल पार्टीको नेतृत्वका लागि प्रतिस्पर्धा गरेकी थिइन्। पार्टीको निर्वाचक संयन्त्र अहिलेको जस्तो स्वच्छ भएको भए त्यतिखेरै उनी पार्टीको नेतृत्वदायी पदमा पुग्ने जमैकन जनताको भनाइ छ। अन्ततः २५ फेब्रुअरी २००६ मा पार्टीका अन्य तीन नेतालाई प्रतिस्पर्धामा उछिन्दै पोर्टिया पिपुल्स नेसनल पार्टीको अध्यक्षमा निर्वाचित भइन्।

पोर्टियासँगै जमैकन जनताका लागि यो ऐतिहासिक क्षण थियो। जबकि, उनका लागि यो परिणाम सहज थिएन। उनकै पार्टीका बहुसङ्ख्यक सांसदहरू र नेता पीजे प्याटरसनको सरकारका झन्डै सम्पूर्णजसो मन्त्रिमण्डल पोर्टियाको विपक्षमा थिए। उनको निकटतम प्रतिद्वन्द्वीको पक्षमा पार्टी नेतृत्व उत्रेको थियो। तर, लोकप्रियताको शिखरमा उनी नै पुगेकी थिइन्। जसले गर्दा उनी अध्यक्ष पदमा निर्वाचित भइन्।

पोर्टियाले तीन हजार आठ सयभन्दा केही बढी पार्टी प्रतिनिधिमध्ये १ हजार ७ सय ७५ मत प्राप्त गरिन्। पार्टीले पूर्ण रूपमा आड दिएको उनको निकटतम प्रतिद्वन्द्वीले एक हजार पाँच सयजति मत प्राप्त गरे भने अन्य दुई प्रतिद्वन्द्वी प्रत्येकको मतसङ्ख्या तीन सयभन्दा कम रह्यो। उल्लेखनीय कुरा के छ भने, यी दुई प्रतिद्वन्द्वीले समेत पछि पोर्टियाको विजयप्रति आफ्नो समर्थन सार्वजनिक रूपमै जाहेर गरे।

डिसेम्बर १२, १९४५ मा जमैकाको सेन्ट क्याथरिनमा जन्मेकी पोर्टियाले संयुक्त राज्य अमेरिकाको मायामी, क्यालिफोर्निया र हर्वार्ड विश्वविद्यालयमा अध्ययन गरकी थिइन्। उनले ३५ वर्षको राजनीतिक जीवन व्यतित गरेकी थिइन्। उनी १९७६ देखि नै संसद् सदस्यमा रहेकी छन्। १९७८ देखि पार्टीको उपाध्यक्ष र १९८३ देखि पार्टीको महिला सङ्गठनको अध्यक्षमा उनी रहँदै आइन्। उनको रुचि किताब पढ्नु, सङ्गीत सुन्नु, बक्सिङ हेर्नु र घोडा चढ्नु हो। उनको विवाह व्यवसायी एराल्ड मिलरसँग भएको थियो।

पोरियार्टीले कैयनपटक मन्त्री पद सम्हालेकी छन्। उनी श्रम, जनकल्याण तथा खेलकुद मन्त्री, पर्यटन तथा खेलकुदमन्त्री र स्थानीय सरकार, सामुदायिक विकास तथा खेलकुद मन्त्री भइसकेकी छन्। हाल उनी मुलुकको प्रधानमन्त्री समेत भएकी छन्। चुनावी प्रचारमा उनले पाखा लगाइएका जनता, खासगरी गरिबहरूको सशक्तीकरणमा र अपराध तथा आर्थिक अल्पविकसितताको समस्या समाधानमा सबै वर्गको एकतामा जोड दिएकी थिइन्।

यसअघि, उनकै पार्टीका नेता पीजे प्याटरसनले नेतृत्व गरेको सरकारले दूरसञ्चार, सडक निर्माण, यातायात, स्वास्थ्य सेवा क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको थियो। र, अब जमैकन जनता पोर्टियोको नेतृत्वको सरकारले वार्षिक हत्यादरमा नाटकीय ह्रास, प्राथमिक तथा माध्यमिक शिक्षाको गुणस्तरमा मापनीय सुधार, भ्रष्टाचारमा ह्रास ल्याओस् भन्ने चाहन्छन्।

■

# शाही आयोगसम्बन्धी फैसलाले गरेको दिशानिर्देश

## ' टीकाराम भट्टराई, अधिवक्ता

गत फागुन १ गते सर्वोच्च अदालतले शाही आयोग खारेज गर्ने गरी गरेको फैसलाले नेपालको संवैधानिक इतिहासमा मात्र नभएर राजनीतिक इतिहासमा पनि एउटा विशिष्ट आयाम थपेको छ। यो फैसलापश्चात् दरबारलाई एउटा सशक्त र अनपेक्षित दबाब परेको छ भने आन्दोलनरत शक्तिलाई ऊर्जा प्रदान भएको छ। यो मुद्दालाई यो परिणाममा पुऱ्याउन क्रियाशील नेपाल

बार एसोसिएसन सर्वत्र धन्यवादको पात्र भएको छ । यो मुद्दामा सुरुदेखि नै निवेदकको कानुन व्यवसायी भएका नाताले यो मुद्दाले पारेको प्रभाव र यसका विविध पक्षहरूबारे यहा संक्षिप्त रूपले चर्चा गरेको छु । यो मुद्दाले गरेका मुख्य दिशानिर्देशहरू निम्नबमोजिमका छन् :

**१. सार्वभौमसत्ता र राजकीयसत्ताबारे**

२००७ सालको परिवर्तनदेखि ०४६ सालको जनआन्दोलन र वर्तमान संविधानको घोषणापश्चात् पनि राजा र सामन्तवादी शक्तिले जहिले पनि राजकाज गर्ने अन्तिम अधिकार (राजकीयसत्ता) दरबार अर्थात् राजामा निहित रहेको भनी घोषणा गर्दै आएको थियो । यसो भन्नुका पछाडि उनीहरूको प्रमुख तर्क के थियो भने वर्तमान संविधान जारी हुँदा ०४७ साल कात्तिक २३ गते राजदरबारमा आयोजित विशेष समारोहमा राजा वीरेन्द्रले 'हामीमा अन्तरनिहित राजकीयसत्ता प्रयोग गरिबक्सी यो संविधान घोषणा गरिबक्सेका छौं' भनी संविधान जारी गरेका थिए र सोही वाक्यांश वर्तमान संविधानको शिर-बेहोरा (प्रस्तावना) मा उल्लेख भएकाले आजसम्म पनि राजकीयसत्ता राजामा नै निहित भएकाले राजाले राजकीयसत्ता प्रयोग गरी बनाएको शाही आयोग खारेज गर्ने अधिकार अदालतलाई छैन भन्ने शाही आयोग र सरकारको प्रमुख जिकिर रहेको थियो । ०५९ असोज १८ गते देउवा सरकारलाई अपदस्थ गर्दा र ०६१ माघ १९ गते शाही घोषणा गरी सम्पूर्ण शक्ति आफ्नो हातमा लिँदासमेत राजा ज्ञानेन्द्रले 'हामीमा अन्तरनिहित राजकीयसत्ता प्रयोग गरी' भन्ने वाक्यांश प्रयोग गरी अझै पनि राजकीयसत्ता आफूमा नै रहेको दाबी गरेका थिए । राजाको यही घोषणालाई आधार मानेर तुलसी गिरीले विराटनगरको एउटा सभामा संविधान पल्टाइपल्टाई राजकीयसत्ता अझै पनि राजामा निहित रहेको जबरजस्त दाबी गरेका थिए र उनले पटक-पटक शक्तिको दुईवटा केन्द्र हुन सक्दैन र भएको पनि छैन भन्दै ०४७ को संविधानबमोजिम पनि राजकीयसत्ता राजामै भएको दाबी गर्दै आएका थिए । शाही आयोगको मुद्दामा बहस गर्ने तत्कालीन महान्यायाधिवक्ता पवनकुमार ओझा र अन्य शाही कदम समर्थक वकिलहरूले पनि राजकीयसत्ता राजामै भएको र सोही अधिकार प्रयोग गरी शाही आयोग बनेकाले अदालतले खारेज गर्न सक्दैन भन्ने तर्क अघि सारेका थिए ।

तर, अदालतले प्रस्ट, बुझिने र द्विविधारहित भाषामा के भनेको छ भने ०४६ सालको संवैधानिक परिवर्तन र पञ्चायती संविधानको खारेजीसँगै राजामा निहित सार्वभौमसत्ताको अन्त्य भइसकेको छ । यो तर्कलाई पुष्टि गर्दै अदालतले भनेको छ, वर्तमान संविधानको धारा ३ ले सार्वभौमसत्ता नेपाली जनतामा निहित हुनेछ भन्ने प्रस्ट व्यवस्था गरेकाले सार्वभौमसत्ता जहाँ रहन्छ, राजकीयसत्ता पनि त्यहीँ रहन्छ अर्थात् सार्वभौमसत्ता र राजकीय सत्तालाई अलग-अलग गरेर दुई ठाउँमा राख्न सकिन्न । अब आन्दोलनको यो प्रस्ट र द्विविधारहित व्याख्यापश्चात् 'असोज १८' र 'माघ १९' को शाही घोषणाको आधार समाप्त भएको छ । अर्थात्, राजाले राजकीयसत्ता ममा निहित छ भन्ने आधारमा गरेका ती घोषणाहरू यो फैसलाले अमान्य घोषित गरिदिएको छ र शक्तिको केन्द्र दुई ठाउँमा हुँदैन, राजामा मात्र छ भन्ने तुलसी गिरीलगायत सामन्तवादी शक्तिहरूको तर्क, विश्लेषण र प्रमुख आधार अब समाप्त भएको छ । वर्तमान संविधानबमोजिम संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालत भएको र त्यसको फैसला धारा ९६ बमोजिम राजालाई समेत बाध्यात्मक भएकाले अब राजाले वा तुलसी गिरीले यो संविधान बहाल रहेसम्म यो व्याख्या र फैसलालाई अन्यथा भन्न र गर्नसक्ने अवस्था छैन । तसर्थ, यो फैसलाको यो व्याख्याले ००७ देखि हालसम्मको एउटा राजनीतिक र संवैधानिक विवादको अन्त्य गरिदिएको छ ।

**२. राजाको घोषणा वा काम पनि बदर हुनसक्ने**

यो फैसलाको दोस्रो महत्त्वपूर्ण व्याख्या हो, राजाले संविधानभन्दा बाहिर गएर गरेका कुनै पनि कार्य वा घोषणाहरू अदालतले बदर गर्न सक्छ । वर्तमान संविधानको धारा ३१ मा 'श्री ५ ले गरिबक्सेको कुनै पनि काम-कारबाही वा घोषणाका सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन भन्ने' व्यवस्था गरिएको छ । पछि, धारा ३१ लाई आधार मानेर राजाले मैले गरेको काम अदालतले बदर गर्न सक्दैन भन्ने मान्यताका साथ आफ्नो स्वविवेकमा शाही आयोगको घोषणा गरेका थिए र सरकारको लिखित जवाफमा पनि यही जिकिर गरिएको थियो । यसभन्दा अगाडि 'असोज १८' पछि गठित चन्द मन्त्रिपरिषद्को खारेजीको माग गर्दै परेको रिट निवेदनमा पनि सर्वोच्च अदालतले राजाको स्वविवेकमा गठन भएकाले धारा ३१ बमोजिम अदालतले खारेज गर्न नमिल्ने भनी व्याख्या गरेको थियो तर आफ्नो त्यो पूर्वनजिरलाई समेत बदर गर्दै यसपटक अदालतले राजाको काम-कारबाही र घोषणा पनि संविधानसम्मत र संविधानको परिधिभित्र मात्र रहन सक्दछ भन्ने व्याख्या गरेको छ । अदालतको फैसलामा भनिएको छ- 'संवैधानिक राजतन्त्रको मान्यता भएको हाम्रो संविधानमा राजाले गर्ने हरेक निर्णय र काम-कारबाहीहरू प्रधानमन्त्री वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा मात्र हुने भएकाले राजाले आफ्नो स्वविवेकमा कुनै पनि घोषणा वा आदेश वा काम-कारबाही गर्न नमिल्ने भएकाले संविधानबमोजिम राजाबाट आफ्नो मात्र विवेकले शाही आयोगजस्तो आयोग गठन गर्नु वर्तमान संविधानविपरीत हुन्छ । राजाले अन्य कुनै निकाय वा पदाधिकारी वा प्रधानमन्त्रीको सिफारिसमा गरेको कामका लागि मात्र राजालाई संविधानको धारा ३१ ले उन्मुक्ति दिएको छ तर आफ्नै स्वविवेकमा गरेको असंवैधानिक घोषणा वा आदेशलाई कुनै पनि अदालतमा प्रश्न उठाउन नपाइने भन्ने हो भने संवैधानिक राजतन्त्र र विधिको शासन विपरीत हुन्छ । यसरी अदालतले राजाले गरेका काम-कारबाहीहरू पनि अदालतको आदेशले बदर हुन सक्छन् भन्ने बेलायती मान्यता स्थापित गरेर राजालाई संवैधानिक घेराभित्र राख्ने प्रयत्न गरेको छ । यसबाट दरबारिया शक्ति र स्वयम् राजालाई पनि भविष्यमा संविधानविपरीतका काम-कारबाही र घोषणा वा आदेश गर्न अवरोध सिर्जना भएको छ ।

**३. शाही घोषणाले संवैधानिक संरचना परिवर्तन गर्न नसक्ने**

यो फैसलाले प्रतिपादन गरेको अर्को महत्त्वपूर्ण यो निष्कर्षले संवैधानिक सर्वोच्चताको मान्यतालाई पुनःस्थापित गरिदिएको छ । राजाले शाही आयोग गठन गर्दा मुलुकमा व्याप्त भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग (अदुअआ) ले प्रभावकारी भूमिका नखेलेकाले छुट्टै आयोग गठन गर्नुपरेको बताएका थिए । राजाको यो तर्कका पछाडि आफूले

इसारा गरेका राजनीतिक दलका नेताहरूलाई अदुअआले कारबाही गर्न नसकेको भन्ने आशय प्रस्ट लुकेको थियो । राजा चाहन्थे, आफ्नो चाहनाबमोजिम तथ्य, प्रमाण र अभियोगबिना नै जुनसुकै राजनीतिक दलका नेतालाई पनि भ्रष्टाचारको अभियोगमा मुद्दा हाल्न सकियोस् र थुनामा राख्न सकियोस् । यही चाहनाबमोजिम अनेकौं नेता-कार्यकर्तालाई शाही आयोगले मुद्दा लगाएको थियो र यही क्रममा शेरबहादुर देउवा थुनामा रहेका थिए भने अन्य सयौँ नेता तथा कार्यकर्ताहरू शाही आयोगको कारबाहीमा पर्ने अवश्यम्भावी थियो । नेताहरूलाई थुन्ने कार्यको थालनीलाई भीम रावलको मुद्दामा सर्वोच्च अदालतले गरेको अन्तरिम आदेशले अवरोध सिर्जना गरेको थियो । रावलको त्यो मुद्दा लेख्ने र बहस गर्ने कार्यमा संयोगवस् मसमेत संलग्न थिएँ । यदि त्यो मुद्दामा अन्तरिम आदेश जारी नभएको भए राजाको षड्यन्त्रको सिकार हाम्रो पार्टीका अन्य नेताहरू पनि पर्ने निश्चित नै थियो । यसरी शाही आयोगमार्फत राजाले राजनीतिक दलका सबै अगुवा नेताहरूलाई भ्रष्टाचारको आरोपमा थुनामा राख्ने र आफ्नो निरङ्कुश शासनलाई निरन्तरता दिने योजना बनाएका थिए । तर, सर्वोच्च अदालतको यो फैसलामा स्पष्ट भाषामा संविधानबमोजिम भ्रष्टाचारको नियन्त्रण गर्न गठित अदुअआ हुँदाहुँदै त्यसको अधिकारक्षेत्र अतिक्रमण गर्ने गरी नयाँ संरचना आवश्यक नभएको उल्लेख गरिएको मात्र छैन कि आवश्यक भए पनि शाही घोषणा वा आदेशको माध्यमबाट नयाँ संवैधानिक संरचना गठन गर्न नमिल्ने भनी स्पष्ट भाषामा राजाको काम असंवैधानिक भएको व्याख्या गरिएको छ ।

**४. राजाले आफुखुसी धारा १२७ को प्रयोग गर्न नपाउने**

यो फैसलाको अर्को महत्त्वपूर्ण यो निष्कर्षले धारा १२७ को माध्यमद्वारा शासनसत्ता हातमा लिएर स्वदेश र विदेशमा संविधानअन्तर्गत नै शासन सञ्चालन गरेको छु भनी देखाउन खोज्ने राजाको प्रयत्न र दरबारियाहरूको व्याख्यालाई झापड लगाइदिएको छ । 'असोज १८' र अझ 'माघ १९' पछि राजाले धारा १२७ को प्रयोग गरी पटकपटक सरकार गठन र विघटन मात्र गरेका छैनन्, आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्न पनि यही धाराको प्रयोग गरेका छन् । त्यसैगरी मानवअधिकार आयोगका पदाधिकारीको नियुक्तिदेखि सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नियुक्ति गर्नसम्म यही धारा १२७ को प्रयोग गरिएको छ । धारा १२७ ले केवल संविधानभित्रका अङ्गहरू वा कुनै संवैधानिक काम गर्न अवरोध सिर्जना भएको अवस्थामा मात्र त्यस्तो अवरोध हटाई संवैधानिक व्यवस्था सुचारु गर्न सक्दछ तर राजाले यसको दुरूपयोग गरी आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न आफ्नो इच्छामुताविक यो धाराको प्रयोग गरी आएका थिए । शाही आयोगको मुद्दामा भएको फैसलाले अब जथाभावी रूपमा धारा १२७ को प्रयोग गर्न नमिल्ने स्पष्ट व्याख्या गरेको छ । सर्वोच्चले भनेको छ- 'संवैधानिक व्यवस्था पूर्णतया गतिरोध हुने अवस्था उत्पन्न भएमा र त्यस्तो गतिरोध हटाउने अन्य कुनै वैकल्पिक व्यवस्था संविधान वा प्रचलित कानुनमा नभएमा र एकपटक बाधा अड्काउ फुकाउने कार्य भएपछि संवैधानिक व्यवस्था सुचारु हुन सक्ने अवस्थामा संवैधानिक भावना र मर्मअनुरूप मात्र धारा १२७ को प्रयोग गर्दा धारा ३५(२) बमोजिम प्रधानमन्त्री र मन्त्रिपरिषद्को सल्लाह र सिफारिस अनिवार्य लिनुपर्ने बाध्यात्मक व्यवस्था गरिदिएको छ । त्यसैगरी धारा १२७ को माध्यमद्वारा बाधा अड्काउ फुकाउने कार्य केवल एकपटक मात्र गर्नुपर्ने र त्यसपछि संवैधानिक व्यवस्था आफैँ क्रियाशील हुनुपर्ने व्याख्या अदालतले गरेको छ ।

**५. फैसलाका आलोचनात्मक पक्षहरू**

जसरी राज्यसत्ता वर्गीय हुन्छ, त्यसैगरी कानुन पनि वर्गीय हुन्छ । यो शास्वत सत्य हो । कार्ल मार्क्सले देशको आर्थिक, सामाजिक, राजनीतिक अवस्थालाई आधारभूत संरचना र राज्यसत्ता कानुन र अदालतलाई त्यसको उपरिढाँचा भनी व्याख्या गर्नुभएको छ । देशमा विद्यमान सामाजिक संरचना, उत्पादन सम्बन्ध, वर्गीय शक्ति-सन्तुलनलाई त्यस देशको कानुन र अदालतले सेवा गर्दछ भन्ने मार्क्सवादी विधिशास्त्र आजपर्यन्त पनि अखण्डित रूपमा स्थापित भएको छ । कानुन, अदालत र राज्यसत्ता वर्गीय हुन्छ र कानुनले जहिले पनि राज्यसत्ताको सेवा गर्दछ भन्ने मार्क्सवादी अवधारणाको ज्वलन्त उदाहरण यो फैसलामा पनि देख्न सकिन्छ । तसर्थ कानुन र राज्यसत्तालाई हेर्ने हाम्रो दृष्टिकोण सही र सत्य छ भन्ने पुनः पुष्टि भएको छ ।

माथि चर्चा गरिएझैँ शाही आयोगको फैसलाले (१) सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित भएकाले राजाले यसको प्रयोग गर्न नपाउने, (२) राजाको असंवैधानिक कार्य वा आदेश वा घोषणालाई अदालतले बदर गर्न सक्ने, (३) शाही घोषणाको माध्यमद्वारा भइरहेको संवैधानिक संरचनाको कार्यक्षेत्र अतिक्रमण गरी अर्को संरचना बनाउन नसकिने, (४) धारा १२७ को प्रयोग संवैधानिक भावनाअनुरूप प्रधानमन्त्रीको सिफारिसमा मात्र हुनसक्ने जस्ता अत्यन्त सकारात्मक व्याख्या गरी राजालाई अङ्कुश लगाउने प्रयत्न गरेको छ । यति हुँदाहुँदै पनि फैसलाले अनावश्यक रूपमा राजाको अध्यक्षताको वर्तमान मन्त्रिपरिषद्लाई बचाउन खोजेको छ । फैसला भन्छ- 'प्रतिनिधिसभा विघटन भई अर्को प्रतिनिधिसभाको निर्वाचन हुन नसकेको अवस्थामा श्री ५ बाट ०५८ असोज १८ पछि लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा गठित मन्त्रिपरिषद् र त्यसपछि गठित सबै मन्त्रिपरिषद्हरू आवश्यकताको सिद्धान्तबमोजिम धारा १२७ बमोजिम गठन हुन सक्दछन् ।' यो विषय उक्त मुद्दाको विवादको विषय थिएन तर एकैपटक फैसलामा वर्तमान मन्त्रिपरिषद्लाई समेत आवश्यकताको सिद्धान्तभित्र परिभाषित गरेर अदालत आलोचनाको पात्र भएको छ । जसरी ०५२ भाद्र १२ गतेको फैसलामा तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले एमालेलाई गाली गर्ने क्रममा विवादको विषयभन्दा बाहिर गई वाइमर संविधानको उदाहरण दिएका थिए, त्यसैगरी यो फैसलामा पनि यो अंश अनावश्यक रूपमा परेको छ । यसको कारण माथि चर्चा गरिएझैँ अदालत र फैसला गर्ने न्यायाधीशहरूको पनि वर्गीय चेतना छ, उनीहरूमध्ये कतिपय न्यायाधीशहरू राजाको प्रत्यक्ष शासन अवधिमै नियुक्त भएका हुन् र अदालतले राज्यसत्ताको सेवा गर्नु उसको स्वाभाविक प्रकृति हो ।

यो आलोचनात्मक पक्षका बाबजुद न्यायाधीशहरूले राजाको निरङ्कुश शासनसत्ता रहेका बखत जुन हिम्मत र साहसका साथ राजाको काम-कारबाहीलाई जसरी बदर गरे, त्यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा राजाको निरङ्कुश शासन असंवैधानिक भएको पुनः पुष्टि भएको छ र राजाका विरुद्धमा ठूलो दबाब मात्र परेको छैन, राजालाई अदालतको आदेशको सम्मान गर्ने कि नगर्ने भन्ने एउटा नैतिक प्रश्न पनि खडा भएको छ । त्यसैगरी आन्दोलनकारी शक्तिहरूलाई आफ्नो मान्यतालाई संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालतले समेत स्थापित गरिदिएकोमा एक प्रकारको थप ऊर्जा प्रदान भएको छ । यो फैसलापछि

अब राजाका सामु तत्काल दुईवटा मात्र विकल्प छन् : (१) संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालतको व्याख्यालाई सम्मान गर्दै संविधानबमोजिम चल्न तयार छु भनी सम्पूर्ण राजकीयसत्ता राजनीतिक दलहरूमार्फत जनतामा हस्तान्तरण गर्ने प्रक्रिया आरम्भ गर्ने, (२) वर्तमान संविधान आफ्नो काम-कारबाहीमा अवरोधक सिद्ध भएकाले यसको खारेजी गरी आफूअनुकूलको संविधान जारी गरी मुलुकलाई गणतन्त्रको बाटोमा पदार्पण गर्ने ।

■

# दसौं बैठकका निर्णय र अन्तरनिहित पक्षहरू

**' राजेन्द्र गौतम**

नेकपा (एमाले) केन्द्रीय कमिटीको दसौं बैठक यही फागुन महिनाको दोस्रो साता काठमाडौंमा सम्पन्न भयो । नवौं बैठक सम्पन्न भएको ठीक छ महिनापछि आयोजित यो बैठकलाई त्यसैको निरन्तरताका रूपमा हेरिएको छ । नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा अत्यन्तै महत्त्वपूर्ण मानिएको सो नवौं बैठकले वर्तमान आन्दोलनलाई शान्तिपूर्ण रूपले लोकतान्त्रिक गणतन्त्रको दिशामा अगाडि बढाउने फैसला गरेको थियो । यही फैसलाको जमिनमा टेकेर आन्दोलनकारी शक्तिहरूको ठूलो सङ्ख्या र आमजनसमुदायले निरङ्कुशतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई आन्दोलनको लक्ष्य वा नारा बनाउनुपर्छ भनेर त्यसका पक्षमा व्यापक जनमत बनाउने काम भयो । लोकतान्त्रिक गणतन्त्रको माग र नारा मुलुकभरि जनताको नारा बन्यो, सडक, जेल, जहाँकहीँ लोकतान्त्रिक गणतन्त्रको नारा घन्कियो । जनता आन्दोलनको पर्याय बनेको लोकतान्त्रिक गणतन्त्रलाई आन्दोलनको माग र नाराका रूपमा नेकपा (एमाले) लगायत सात दलले निर्णयार्थ प्रस्तुत गर्न सकेका छन् त ? माओवादी बाहेकका संसद्वादी दलहरूले आ-आफ्ना केन्द्रीय कमिटीको बैठकद्वारा वा सात दलको बैठकद्वारा यसलाई आन्दोलनको माग र नाराका रूपमा अगाडि सार्न सकेका छन् कि छैनन्, यसका पछाडि के कारण होला ?

**हाम्रो प्रमुख अन्तरविरोध र सङ्घर्षको निसाना**

राजाले ०६१ माघ १९ गते दलहरूको संयुक्त सरकार अपदस्थ गरी हुकुमी सरकारको स्थापना गरेर नेपाली जनतामाथि निरङ्कुश र तानाशाही शासन लादेपछि निरङ्कुश राजतन्त्रसित सम्पूर्ण नेपाली जनताको अन्तरविरोध नै प्रमुख राजनीतिक अन्तरविरोधका रूपमा प्रकट भएको छ । यतिबेला केन्द्रीय सत्ता राजाले कब्जा गरेका छन् । र, सहर र सहरकेन्द्रित जनताको लोकप्रिय अभिमतका पक्षमा प्रजातन्त्रवादी राजनीतिक शक्ति रहेको अवस्था छ । अर्थात् मुलुकको विद्यमान परिस्थिति इतिहासकै विशिष्ट अवस्था हो । यतिबेला यो मुलुक प्रतिगमन र अग्रगमन, युद्ध र शान्ति, निरङ्कुशतन्त्र र लोकतन्त्रका बीचको भीषण द्वन्द्व र सङ्क्रमणमा उभिएको छ । अहिले पनि सामन्ती उत्पादन सम्बन्ध दलाल नोकरशाही पुँजीवादी शोषणलाई संरक्षण गर्ने तथा साम्राज्यवादको हित रक्षा गर्ने यही सामन्ती राज्यसत्ता हो । यसको प्रत्यक्ष नेतृत्व अहिले पनि राजतन्त्रले नै गरिरहेको छ । सेना, प्रहरी, सुरक्षाका सबै अङ्गहरू राजतन्त्रको हातमा छन् । नोकरशाही प्रशासनिक यन्त्र राजतन्त्रको हातमा छ । अहिले माघ १९ पछि तिनै तत्त्वहरू सत्ताको केन्द्रभागमा बसेर स्वेच्छाचारी एवम् निरङ्कुश ढङ्गले मालामाल भएका छन् । ती अभिजात्य तत्त्वहरू र तिनका बफादार नोकरले संविधानकै आडमा शक्ति प्रयोग गरेर आफ्नो पुरानो हैसियत फर्काएका छन् । त्यसैको आडमा प्रतिक्रान्तिकारी हरकतहरूद्वारा आफ्नो हात माथि पार्न सफल भएका छन् ।

अहिले पनि देशको परिवर्तन र प्रगतिमा वर्गीय रूपमा सामन्तवाद र साम्राज्यवादको शोषण उत्पीडनको रक्षा गर्ने शक्तिहरू नै मुख्य बाधाका रूपमा रहेका छन् । अर्थात्, सामन्तवर्ग र दलाल नोकरशाही पुँजीपति वर्गसँग जनताको अन्तरविरोध नै अहिले नेपाली समाजको प्रधानअन्तरविरोध बनेको छ । तर, राजनीतक रूपमा दरबारको नेतृत्वमा रहेका सामन्ती निरङ्कुशतावादी, तानाशाही र सर्वसत्तावादी तत्त्वहरूले सत्ताको केन्द्रभागमा बसेर स्वेच्छाचारी र निरङ्कुश ढङ्गले आफ्नो हुकुमी शासन लादेका छन् । जसको प्रत्यक्ष नेतृत्व राजाले गरेका छन् । त्यसैले यतिबेला निरङ्कुश राजतन्त्र र नेपाली जनताका बीचमा रहेको राजनीतिक अन्तरविरोध प्रमुख रूपमा प्रकट भएको छ । र, अरू सबै अन्तरविरोध गौण भएका छन् । र, यतिबेला हाम्रो आन्दोलनको प्रमुख निसाना निरङ्कुश राजतन्त्रमाथि केन्द्रित हुनुपर्छ । यतिबेला राजतन्त्रसँग संवाद, सहमति र समझदारीको कुरा गरेर कसैले आन्दोलनलाई तुहाउन खोज्छ भने त्यो व्यक्ति या संस्था आन्दोलनविरोधीका रूपमा दर्ज हुनेछ । यस्तो बेला पनि पार्टीका केही नेता तथा कार्यकर्ताहरू वर्गीय अन्तरविरोध र राजनीतिक अन्तरविरोधको बीचको भेदलाई खुट्याउन नसक्दा वा बुझेर पनि नबुझेको ढोङ्ग गर्दा गम्भीर अन्योलमा परेका देखिन्छन् । यसलाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ ।

**सशक्त वैचारिक सङ्घर्ष र रूपान्तरणको सवाल**

सात दल र माओवादीका बीचमा सम्पन्न १२ बुँदे सहमतिपछि कतिपय पार्टी नेता तथा कार्यकर्तालाई अब किन अबेला, हामीसँगै एउटै मोर्चा बनाएर आन्दोलनमा सामेल भए भइहाल्यो नि ? भन्ने पनि लागेको छ । प्रकट रूपमा ती अभिव्यक्तिहरू सार्वजनिक भइरहेका छन् । अनेकन नाममा लिखित रूपमा पनि सम्प्रेषण भएका छन् । यसलाई भने हामीले गम्भीर रूपमा

लिनुपर्छ । एकता कोसँग ? किन र केका आधारमा ? भनिरहँदा माओवादीप्रतिको हाम्रो दृष्टिकोण के हो ? त्यसलाई सबभन्दा पहिले बुझ्न जरुरी छ । हाम्रो पार्टीले माओवादीहरूको उग्रवामपन्थी चिन्तन र हिंसात्मक व्यवहारबाट उत्पन्न समस्यालाई राजनीतिक समस्या मान्दै आएको छ । र, यसको समाधान पनि राजनीतिक रूपमा खोजिनुपर्छ भन्ने हाम्रो स्पष्ट अडान र दृष्टिकोण रहँदै आएको छ । यसर्थ, माओवादी समस्या उग्रवामपन्थी विचार तथा अराजकतावादी एवम् आतङ्ककारी क्रियाकलापमा आधारित राजनीतिक समस्या हो भन्ने हाम्रो दृष्टिकोण अहिले पनि उत्तिकै सही सावित हुँदै आएको छ । त्यसैले हामीले बारम्बार माओवादीका उग्रवामपन्थी विचार एवम् नीतिहरूको वैचारिक प्रतिवाद गर्ने र आतङ्ककारी क्रियाकलापको विरोध र भण्डाफोर गर्दै समस्याको राजनीतिक समाधान गर्ने कुरामा जोड दिनुपर्छ । त्यसका लागि माओवादीसँग बारम्बार वार्ता र छलफल, विश्वासको वातावरणको निर्माण, युद्धविरामको घोषणा, माओवादीसहितको अन्तरिम सरकारको गठन, संविधानसभाको निर्वाचन, नयाँ संविधानको निर्माण गरी अगाडि बढ्नुपर्छ । त्यसका लागि सात आन्दोलनकारी दलका तर्फबाट पनि भगीरथ प्रयत्न भइरहेको छ ।

यतिबेला माओवादीसँग कुनै किसिमको कार्यगत एकता वा मोर्चा होइन, वार्ता, संवाद र राजनीतिक सहमतिका आधारमा मात्र अगाडि जान सकिन्छ । आवेश, उत्तेजना, रिसका भरमा होइन, सात राजनीतिक दलभित्रको सहमति, सात राजनीतिक दलभित्र सामेल राजनीतिक शक्तिको अवस्था, आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको अवस्थालाई ख्याल गरेर अगाडि बढ्नुपर्छ । माओवादी नेतृत्वको कार्यनीतिक दाउपेचभित्र परेर होइन, आजको धरातलीय यथार्थतालाई आत्मसात् गर्न सक्नुपर्छ । माओवादी नेतृत्व राजनीतिलाई आफ्नो पोल्टामा पार्न समाज र राजनीतिक दलभित्रको अन्तरविरोधलाई आफ्ना पक्षमा परिचालन गर्न कुशल छन् भन्ने कुरालाई ध्यानमा राख्दै उनीहरूले उठाएका राजनीतिक मुद्दाहरूको सम्बोधन गरी माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन संवाद, रूपान्तरण र राजनीतिक सहमतिको नीति अख्तियार गर्नुपर्छ । र, माओवादीका गलत वैचारिक मान्यताका विरुद्ध सशक्त र प्रभावकारी वैचारिक सङ्घर्षद्वारा नै उनीहरूलाई रूपान्तरण गर्न सकिन्छ भन्ने मान्यतामा अडिग रहेर माओवादीसँग प्रभावकारी वैचारिक सङ्घर्ष र रूपान्तरणको तरिकाबाट अगाडि बढ्नुपर्छ ।

**सहमतिको साझा एजेन्डाः संविधानसभा**

सात राजनीतिक दल, नागरिक समाज, कानुन व्यवसायी र स्वयम् माओवादीसमेतको साझा अवधारणा संविधानसभाको निर्वाचन र नयाँ संविधानको निर्माण बनेको छ । संविधानसभालाई हाम्रो पार्टीले संविधान निर्माणको उत्कृष्ट प्रजातान्त्रिक पद्दतिका रूपमा स्वीकार गर्दै आएको छ । माओवादी समस्याको शान्तिपूर्ण र प्रजातान्त्रिक राजनीतिक निकास पूर्ण प्रजातन्त्रको स्थापना, नेपाली समाजमा विद्यमान आर्थिक, सामाजिक तथा सांस्कृतिक द्वन्द्वको रूपान्तरणका निम्ति संविधानसभाका माध्यमबाट नयाँ संविधानको निर्माण गर्न वर्तमान राजनीतिक सङ्कटको निकासको साझा कार्यसूची बनेको छ । राजा अर्थात् दरबारबाहेकका शक्तिहरू संविधानसभामार्फत राजनीतिक निकास चाहन्छन् । त्यसका लागि वर्तमान संविधानलाई अन्तरिम संविधानको रूपमा घोषणा गर्दै संविधानसभाको निर्वाचनमा जाने सहमतिका आधारहरू तय हुँदैछन् । यसले निरङ्कुश राजतन्त्रको अन्त्य र संविधानसभामार्फत पूर्ण प्रजातन्त्रको स्थापना हाम्रो मूल कार्यनीतिक नाराको औचित्यको अरू पुष्टि गरेको छ ।

**राजनीतिक संयुक्त मोर्चा**

साझा शत्रुका विरुद्ध अन्य सबै वर्ग, तह र पेसामा संलग्न जनतालाई राष्ट्रिय रूपमा एकताबद्ध पारेर गठन गरिने मोर्चाहरू संयुक्त मोर्चा हुन् । संयुक्त मोर्चालाई पनि मूलतः वर्गीय संयुक्त मोर्चा र राजनीतिक संयुक्त मोर्चाका रूपमा लिन सकिन्छ । वास्तवमा संयुक्त मोर्चा-सामन्तवाद, साम्राज्यवादविरोधी जनताको जनवादी क्रान्तिलाई सफल बनाउने महत्त्वपूर्ण र निर्णायक हतियार हो । हामी यतिबेला वर्गीय मोर्चाभन्दा पनि बृहत् राष्ट्रिय राजनीतिक संयुक्त मोर्चाको कुरा गरिरहेका छौं । वर्तमान राजनीतिक स्थितिमा दरबार वा राजाद्वारा नेतृत्व गरिएको सामन्ती निरङ्कुशतावादी शक्तिको बलात् हस्तक्षेपपछि मुलुकमा लादिएको तानाशाही हुकुमी शासनका विरुद्ध आमजनता, जनवादी शक्ति, नागरिक समाज, प्रजातान्त्रिक शक्तिहरूको संयुक्त राजनीतिक मोर्चाका कुरा गरिरहेका छौं । शाहीसत्ताका जनता, राष्ट्र र प्रजातान्त्रिक अधिकारविरोधी, मानवअधिकारविरोधी, शान्ति, लोकतन्त्र र अग्रगमनविरोधी नीति तथा कामका विरुद्ध सशक्त आन्दोलनका लागि एउटा बृहत् राष्ट्रिय राजनीतिक मोर्चा निर्माणको अनिवार्य आवश्यकता बनेको छ । निरङ्कुश राजतन्त्रका विरुद्ध साझा उद्देश्यका निम्ति आमजनता र प्रजातान्त्रिक शक्तिलाई एकताबद्ध जनाउनु हाम्रो बृहत् राष्ट्रिय संयुक्त राजनीतिक मोर्चाको उद्देश्य हुनुपर्छ । दरबारको नेतृत्वमा रहेको सामन्ती निरङ्कुशतावादी शक्तिहरू अरू पुनरुत्थानको बाटोबाट अगाडि बढ्न सक्दछन् । त्यसकारण यो शाहीसत्ताका जनविरोधी, राष्ट्रिय हितविरोधी तथा प्रजातान्त्रिक अधिकारविरोधी नीति र कार्यहरूका विरुद्ध साझा राजनीतिक सङ्घर्षका निम्ति एउटा बृहत् राजनीतिक मोर्चा निर्माण गर्नुपर्छ । त्यसका लागि सात राजनीतिक दलसँगसँगै यसलाई अगाडि बढाउनुपर्छ । सात राजनीतिक दलको साझा सहकार्य पनि एउटा मोर्चाकै रूप हो । त्यसलाई अरू बृहत्, फराकिलो बनाउनु जरुरी छ ।

**लोकतान्त्रिक गणतन्त्र**

नेकपा (एमाले) को यो दसौं बैठक नवौं बैठकभन्दा राजनीतिक निर्णयका हिसाबमा अगाडि जान सकेन । त्यसलाई त्यसैको निरन्तरताका रूपमा लिइएको छ । राष्ट्रिय मोर्चासम्बन्धी सोच र अवधारणा यसको नयाँ निर्णय हो, आमकार्यकर्ता र राष्ट्रव्यापी रूपमा लोकप्रिय बनेको लोकतान्त्रिक गणतन्त्रको माग र नारा हाम्रो आन्दोलनको माग र नारा फेरि पनि बन्न सकेन । निरङ्कुश राजतन्त्रको अन्त्य र संविधानसभामार्फत प्रजातन्त्रको स्थापनार्थ यो आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा उन्मुख गराउने भन्ने निर्णयमा नै हामीले पनि सीमित रहनुपर्‍यो ।

**पार्टीको आन्तरिक सवाल**

पार्टी केन्द्रीय कमिटीको नवौँ र दसौँ बैठकहरूले पार्टीको आन्तरिक एकतामा जोड दिएका छन् । वैचारिक र सङ्गठनात्मक रूपले एकताबद्ध पार्टीले मात्र राजाको निरङ्कुश शासनविरुद्धको आन्दोलनलाई निर्णयमा पुऱ्याउन सक्छ भन्ने पार्टीको ठहर छ । पार्टीभित्र सम्पूर्ण एकताको पहिलो आधार वैचारिक एकता नै हो । पार्टी पद्दतिअनुरूप टुङ्गो लागिसकेका विवाद वा निर्णीत निर्णयहरूलाई सबैले कार्यान्वित गर्नुपर्छ । यसपटकको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका क्रममा विद्यार्थी-विद्यार्थीका बीचमा देखिएको अराजकता गम्भीर कमजोरी हो । यस्ता कमजोरीहरूलाई कठोर र कठिन सङ्घर्ष गरेर पराजित गर्नुपर्दछ । ■

# नि:सर्त संविधानसभा किन र कसरी ?

**' छविचन्द्र ढकाल**

आज धेरैभन्दा धेरै नेपालीको पहिलो चाहना शान्ति हो । त्यसपछि विविध साधन र स्रोतले भरिपूर्ण हाम्रो देश नेपाल पनि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपले समृद्ध भइदिए हुन्थ्यो भन्ने हो । तर, हामीले बिर्सन नहुने कुरा के छ भने शान्ति र समृद्धि एक अर्काका पूरक हुन् । यीमध्ये एउटाको अनुपस्थितिमा अर्कोको उपस्थिति सम्भव छैन ।

राज्यसञ्चालनको पद्दति राजतन्त्रात्मक बहुदलीय व्यवस्था वा संवैधानिक राजतन्त्र वा सेरेमोनियल मनार्की वा गणतन्त्रात्मक बहुदलीय व्यवस्थामध्ये कुन हुने, आगामी दिनमा उत्पन्न हुनसक्ने कुनै पनि प्रकृतिको द्वन्द्वको व्यवस्थापन कसरी गर्ने, राज्य सञ्चालनकै सन्दर्भमा नीति निर्माण र निर्णय प्रक्रियालगायतका महत्त्वपूर्ण सवालमा सबै पक्षको सहभागितालाई कसरी सुनिश्चित गर्ने, राज्यको स्वरूप तथा चरित्र अहिलेकै जस्तो केन्द्रीकृत हुने वा नहुनेजस्ता कुराहरूको उचित टुङ्गोले मात्र शान्ति र समृद्धिका सम्भावनाहरूको ढोका खुल्छ । यी कुराहरूको उचित टुङ्गो लगाउने सर्वोत्तम विधि भनेको संविधानसभाको निर्वाचन नै हो ।

संविधानसभाको प्रसङ्गमा ससर्त वा नि:सर्त भन्ने सवालले निर्णायक महत्त्व राख्दछ । आज संविधानसभाको निर्वाचनलाई नै विद्यमान समस्याको एक मात्र निकासका रूपमा औपचारिक तवरले नै स्वीकार गरिसकेका राजनीतिक पार्टीहरूभित्र समेत संविधानसभाको चरित्रबारे अस्पष्टता कायमै रहेको अवस्था छ । पार्टी गणतन्त्रमा पुगिनसकेको, राजतन्त्र र गणतन्त्रबीचको बोर्डरलाइन, निरङ्कुश राजतन्त्रको अन्त्यको नाराले राजालाई अझै ठाउँ राखेको, गणतन्त्र हाम्रो लक्ष्य होइन, राजा पशुपतिजस्तै बनेर तोकिएको स्थानमा बस्छन् भने, यदि राजा सच्चिदैनन् भने, संवैधानिक राजसंस्थासम्मलाई स्वीकार गर्न सकिने, नगरनिर्वाचन स्थगित गरे संवादको ढोका खुल्ने, गत माघ १९ को राजाको घोषणाले अहिलेको समस्यालाई सम्बोधन नगरेको जस्ता संविधानसभावादी जिम्मेवार नेताहरूका अभिव्यक्तिले ससर्त संविधानसभालाई नै सङ्केत गरिरहेका छन् । ससर्त संविधानसभाले न त शान्तिलाई सम्बोधन गर्दछ, न त नेपालको समृद्धिलाई नै । आजको आवश्यकता भनेको त नि:सर्त संविधानसभा हो अर्थात् राज्य सञ्चालनको पद्दतिलगायत सबै सवालमा जनताले स्वतन्त्र रूपमा निर्णय लिन पाउनुपर्दछ । संविधानसभाको नि:सर्त चरित्रलाई स्वीकार नगर्नु भनेको त जनताले स्वतन्त्र रूपमा निर्णय गर्न पाउने नैसर्गिक अधिकारको उपेक्षा हो । जनताको नाममा जनतामा निहित सार्वभौमिकतालाई अस्वीकार गर्नु हो । नि:सर्त संविधानसभाको निर्वाचनको अर्को पक्ष के हो भने यो एक किसिमको सबै पक्षबीचको सहमतिको मिलनविन्दु हो, जुन विधिमार्फत सक्रिय राजतन्त्रवादीदेखि लिएर लोकतान्त्रिक गणतन्त्रवादीसम्मले राज्यसञ्चालनको पद्दतिलगायत सबै सवालमा आफ्नो दृष्टिकोण जनतासामु लैजाने अवसर प्राप्त गर्दछन् ।

संविधानसभाको निर्वाचनका सन्दर्भमा यसको निष्पक्षताले पनि ठूलो महत्त्व राख्दछ । संविधानसभाको निर्वाचनको प्रक्रिया र परिणामप्रति नै प्रश्नचिन्ह उठी संविधानसभाको निर्वाचन नै पुनः अशान्ति र अवनतिको कारण नबनोस् भन्नेतिर पनि ध्यान जानु उत्तिकै आवश्यक छ । हाम्रो राष्ट्रिय सन्दर्भमा सर्वपक्षीय चुनावी अन्तरिम सरकार र संयुक्त राष्ट्रसङ्घको निर्वाचन सुपरीवेक्षणले मात्र निष्पक्षता सुनिश्चित गर्दछ भन्ने कुरा पनि भुल्नु हुँदैन । त्यसैले संविधानसभाको सवाललाई राजाको प्रतिगामी कदमको प्रतिक्रियामा मात्र सीमित हुन दिन नचाहने शान्ति र समृद्धिका पक्षधर सबै लोकतन्त्रवादी नेपालीहरू निष्पक्ष र नि:सर्त संविधानसभाको पक्षमा खुलस्त हुनुपर्ने बेला भइसकेको छ ।

विविधताले भरिपूर्ण देशमा संविधान लेखनको प्रक्रिया कसरी निर्धारण गर्ने, त्यो प्रक्रियामा धेरै भन्दा धेरै पक्ष तथा व्यक्तिलाई कसरी सहभागी गराउने, संविधानमा के-कस्ता कुराहरू राख्दा राजनीतिक, आर्थिक र सामाजिक अग्रगामी परिवर्तनको दिशातिर लम्कन सकिएला जस्ता कुराहरूमा अहिलेदेखि नै आ-आफ्नो ठाउँबाट चिन्तन-मनन र अध्ययन हुनु अति नै आवश्यक छ, जुन चिन्तन-मनन र अध्ययनबाट भावी समृद्ध नेपालको विविध चरणको खाका कोर्नसमेत सहयोग पुगोस् । तर, अहिलेको सन्दर्भमा संविधान लेखनको प्रक्रिया तथा सहभागिता र अन्तर्वस्तु निर्धारणभन्दा पनि निष्पक्ष र नि:सर्त संविधानसभामा कसरी पुग्ने भन्ने कुराले बढी महत्त्व राख्दछ । संविधानसभामा नै पुगिएन भने संविधान लेखनको प्रक्रिया तथा

सहभागिता र अन्तर्वस्तु निर्धारणमा प्रवेश गर्नै सकिँदैन । अहिलेको प्रतिगमनविरोधी आन्दोलनको भविष्यसमेत संविधानसभामा कसरी पुग्ने भन्ने सवालसित घनिष्ट रूपमा गाँसिएको छ ।

संविधानसभामा पुग्ने बाटो तय गर्दा राजाको सम्भावित भावी कदमलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । निःसर्त संविधानसभालाई स्वीकार गर्दा राजतन्त्रको नै उन्मूलनको सम्भावना देखेका राजाले संविधानसभाको पक्षमा चाप बढ्दै जाँदा या त निश्चित दलहरूमाथि प्रतिबन्धसमेत लगाई अझ निरङ्कुश हुनेछन् या संसदीय निर्वाचनको घोषणा गरी सर्वदलीय सरकार गठन गर्नेतिर लाग्नेछन् । अलिकति समय दुःख-कष्ट झेल्नुपरे पनि, केही क्षति बेहोर्नुपरे पनि ध्रुवीकरण तीव्र भई चालू आन्दोलनलाई परिणाममुखी बनाउने हुँदा राजाको पहिलो विकल्पको रोजाइ नै देश र जनताको पक्षमा हुनेछ । निर्वाचन प्रक्रियालाई अघि बढाउने गत माघ १९ को अभिव्यक्ति, चारैतिरबाट आलोचित एवम् अस्वीकृत नगरनिर्वाचनको लज्जास्पद प्रस्तुति, प्रतिगमनविरोधी आन्दोलनको बढ्दो चाप, सशस्त्र माओवादीको सशक्त गतिविधि, आन्दोलनरत दलहरूसित संवाद र सहमतिमा जानुपर्ने चर्को अन्तर्राष्ट्रिय दबाब र शाही सत्ताको निरन्तरतामा मात्र आफ्नो भविष्य देखेका राजतन्त्रवादीहरूको राजाको भूमिकाप्रतिको असहमतिलाई चित्तबुझ्दो व्यवस्थापन गर्नुपर्ने बाध्यता जस्ता कारणहरूले गर्दा ढिलो वा चाँडो राजाले दोस्रो विकल्प रोज्ने सम्भावना पनि उत्तिकै छ । आन्दोलनरत दलहरूकै नेतृत्वमा सर्वदलीय चुनावी सरकार गठन भएको खण्डमा पनि कठपुतली संसद् बन्ने निश्चित नहुन्जेल चुनावी वातावरण खल्बल्याउन राजा भित्रभित्रै सक्रिय हुनेछन् । कथम् चुनाव नगरी नहुने परिस्थितिको सिर्जना भयो भने पनि संसद्को अधिवेशन नै बोलाइने छैन वा मान्माको अनुकरण गरिनेछ । २००८ देखि ०१७ सालसम्मको इतिहासबाट शिक्षा लिई प्रजातन्त्रको आवरणभित्र लुकेको राजाको कपटपूर्ण प्रतिगामी चाललाई आन्दोलनरत दलहरूले बेलैमा बुझ्न सकेनन् भने फेरि एकपटक शान्ति र समृद्धिको ढोका बन्द हुने निश्चित छ । अझ सर्वदलीय सरकारमार्फत संविधानसभामा पुग्न खोज्नु त दिवास्वप्न मात्र हुनेछ ।

निःसर्त संविधानसभामा पुग्ने कुरा सरल र सहज नहुँदा नहुँदै पनि अहिले त्यसमा नपुगी नहुने हाम्रो बाध्यता छ । संविधानसभामा कसरी पुग्ने भन्ने सन्दर्भमा हाम्रासामु तीनवटा विकल्प छन् :

१. विघटित प्रतिनिधिसभाको पुनःस्थापना, सर्वपक्षीय सरकार, माओवादीसित वार्ता, माओवादीसहितको अन्तरिम सरकार र संविधानसभाको घोषणा ।

२. आन्दोलनरत सात दलको आह्वानमा माओवादीसहितको सर्वपक्षीय सम्मेलन, माओवादीसहितको अन्तरिम सरकार र संविधानसभाको घोषणा ।

३. आन्दोलनरत सात दलले सडक-सदन बोलाउने, संसदीय दलहरूबीचबाट नै सर्वपक्षीय अन्तरिम सरकार गठन गर्ने र संविधानसभाको घोषणा गर्ने ।

पहिलो बाटो तीनवटा कारणले सम्भव छैन ।

एक, विघटित प्रतिनिधिसभा पुनःस्थापित हुँदा आन्दोलनरत सात दलले आन्दोलनको औचित्य पुष्टि गर्नकै निम्ति पनि ०४६ सालमा प्राप्त अधिकारसमेत कटौती गर्नेछन् भन्ने डर राजालाई भएको हुँदा अझ बढी अधिकार लिन कटिबद्ध राजा प्रतिनिधिसभा पुनःस्थापना गर्न सहमत हुने छैनन् । प्रतिनिधिसभा पुनःस्थापनासम्बन्धी मुद्दाको सुनुवाइमा सर्वोच्च अदालतमा भइरहेको आलटालले पनि त्यही कुरा पुष्टि गर्दछ ।

दुई, प्रतिनिधिसभा पुनःस्थापना संविधानको धारा १२७ नै प्रयोग गरेर राजाले गर्ने वा सर्वोच्च अदालतले गर्ने भन्ने अन्योलले प्रतिनिधिसभा पुनःस्थापनाको सवाललाई नै बेवारिसे तुल्याइदिएको छ ।

तीन, राजा वा अदालतबाट प्रतिनिधिसभा पुनःस्थापना भएकै अवस्थामा पनि संविधानसभासम्म पुग्न विभिन्न व्यवधान उत्पन्न हुनेछन् वा गराइनेछ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संवैधानिक राजतन्त्रकै घेराभित्र रुमल्लिएको सामन्ती चिनतन र संस्कारबाट ग्रस्त हाम्रो राजनीतिक नेतृत्व सरकार कसले बनाउने भन्ने खेलमा नै अल्झिने वा अल्झाइने सम्भावना छ । दोस्रो, संसद्बाट पारित संविधानसभाको प्रस्तावलाई लालमोहर लगाउनुपूर्व अदालत पठाइनेछ र अदालतले ०४६ सालको संविधानप्रतिकूल भएको निर्णय दिनेछ । त्यसैले विघटित प्रतिनिधिसभाको पुनःस्थापना संविधानसभामा पुग्ने उपयुक्त बाटो हुन सक्दैन ।

सशस्त्र माओवादीसहितको सर्वपक्षीय सम्मेलन, माओवादीसहितको अन्तरिम सरकारको गठन र संविधानसभाको निर्वाचनको घोषणा पनि अहिलेकै अवस्थामा विविध कारणले त्यति फलदायी हुँदैन ।

न राजा वा अदालतबाट प्रतिनिधिसभा पुनःस्थापनाको सम्भावना छ, न त त्यसरी स्थापित प्रतिनिधिसभामार्फत संविधानसभामा नै पुग्न सकिन्छ । जनताको बीचबाट स्थापित प्रतिनिधिसभाबाट मात्र निःसर्त संविधानसभामा पुग्न सकिन्छ । त्यसैले निष्पक्ष र निःसर्त संविधानसभामा पुग्ने एक मात्र उपयुक्त बाटो त आन्दोलनरत सात दलले सडक-सदन बोलाउने, संसदीय पार्टीहरूबीचबाट नै अन्तरिम सरकार गठन गर्ने र संविधानसभाको निर्वाचनको घोषणा गर्ने हो । आन्दोलनकै बलमा संसद् पुनःस्थापना गर्ने लक्ष्य लिएका पार्टीहरूका निम्ति आन्दोलनको निर्णायक यात्रा पनि यही नै हो ।

**(लेखक देशभक्त लोकतान्त्रिक मञ्चका उपाध्यक्ष हुनुहुन्छ)**

# अन्तरपार्टी महिला सञ्जाल निर्माण

काठमाडौँ । पूर्ण प्रजातन्त्र, दिगो शान्ति र मानवअधिकारको पूर्ण बहालीको पक्षमा रहेका नेपालका मूलप्रवाहका राजनीतिक दलहरूको प्रतिनिधित्व हुने गरी केन्द्रीय महिला नेतृहरूको अन्तरपार्टी सञ्जालको निर्माण भएको छ ।

यस सञ्जालले राष्ट्रियता, प्रजातन्त्र, शान्ति स्थापना र सामाजिक न्यायको क्षेत्रमा महत्त्वपूर्ण कामहरू गर्ने उद्घोष गरेको छ । प्रजातन्त्र, मानवअधिकार र लैङ्गिक समानता स्थापना गर्ने कार्यमा यस सञ्जालमार्फत एकीकृत राष्ट्रिय सोच, केन्द्रीय नीति निर्माण, जनमत सिर्जना र संयुक्त अभियान सञ्चालनमार्फत प्रभावकारी कार्यान्वयनका लागि पहल गर्नेछ ।

सो अन्तरपार्टी सञ्जाल लैङ्गिक क्षेत्रमा रहेको असमानतालाई हटाउँदै समतामूलक समाजको निर्माण गर्ने लक्ष्य प्राप्तिका लागि निम्न उद्देश्यहरूसहित अघि बढ्नेछ :

- पूर्ण प्रजातन्त्र, दिगो शान्ति र मानवअधिकार,
- आमाको नामबाट नागरिकता पाउने व्यवस्था,
- राजनीतिक पार्टी, राज्यसंरचनालगायत सम्पूर्ण क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता,
- सम्पत्तिमाथि समान अधिकार,
- प्रजनन स्वास्थ्य र यससम्बन्धी अधिकार,
- द्वन्द्व प्रभावित महिलाहरूको मानवअधिकारको संरक्षण, सुरक्षा र पुनःस्थापनाको व्यवस्था,
- महिला हिंसा, दुर्व्यवहार, कूरीति र कूप्रथाविरुद्ध अभियान,
- सकारात्मक विभेदका कार्यक्रमहरू,
- शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, क्षेत्रीय सन्तुलन र समावेशीकरणको प्रत्याभूति, र
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयन र पूर्ण पालनाका लागि पहल ।

अन्तरपार्टी महिला सञ्जालको अध्यक्षमा सहाना प्रधान, उपाध्यक्षमा मीना अधिकारी, सदस्य-सचिवमा मीना पाण्डेय, कोषाध्यक्षमा शशि श्रेष्ठ र सदस्यहरूमा सुप्रभा घिमिरे, प्रतिभा राणा, उर्मिला अर्याल, कल्याणी रिजाल, रेनु यादव, उर्मिला पाण्डेय, सीता खड्का, यमुना भुसाल र राप्रपा र नेमकिपाका प्रतिनिधि पछि थप गरिने गरी बनाइएको बताइएको छ ।

■

# मार्क्सवादी सिनेकलाकार भेनेसा रेडग्रेभ

' अग्निशिखा

**यो** कलमले कुनै बेला, कुनै ठाउँमा लेखेको थियो- 'संसार आस्थावानहरूको हो । र, संसार आशावादितामा टिकेको छ । समयको सम्राट तिनै हुन्, जो इन्द्रेणीलाई तानेर सगरमाथाको छातीमा सजाउन जुर्मुराउँछन् । कुनै मेनका, उर्वशी र रम्भा, कुनै कुवेर र सकुनीहरू डगाउन सक्दैनन्, कर्मवीरहरूको आस्था । बेन्जामिनको आस्था कुनै पातालबाट उम्रँदैन, कुनै आकाशबाट झर्दैन । त्यो त मानवहरूकै हृदयसागरलाई मथेर निस्कने गर्छ ।

ब्रिटिस कवि बेन्जामिन जेपानिया, जो भन्ने गर्छन्- 'म त्यो 'साम्राज्य' भन्ने शब्द सुन्नै सक्दिनँ, मलाई अति रिस उठ्छ ।' जब तिनै स्वाभिमानी कवि बेन्जामिनलाई ब्रिटिश महारानी एलिजाबेथले फकाउन खोजिन्, प्रधानमन्त्री ब्लेयरले फकाउन खोजे, साम्राज्यवादविरोधी आस्थालाई साम्राज्यवादी पदक 'एन अफिसर अफ द ब्रिटिश एम्पाइर' दिएर डस्न खोजे, बेन्जामिनले त्यसलाई दुत्कारे, ठाडै लत्याए ।

यस सम्बन्धमा बेन्जामिनले भनेका छन्- 'यसले मलाई दासताको सम्झना गरायो । यसले मलाई हजारौं वर्षको निर्दयताको सम्झना गरायो । 'त्यो दासता, त्यो निर्दयता मानवजातिको इतिहासमा, कैयन मुलुकमा साम्राज्यवादले थोपरेको थियो । तब किन स्वीकार्य हुन्थ्यो यस्तो पदक कवि बेन्जामिनलाई ? बेन्जामिन जो आफैं यतिखेर पनि इराक युद्धको विरोधी हुन्, युद्धविरोधी अभियानकर्ता हुन् ।

पदकका लागि आफ्नो नाम सिफारिस गर्ने प्रधानमन्त्री ब्लेयरको सन्दर्भमा बेन्जामिनले भनेका छन्- 'ब्लेयर, तिमी मलाई मूर्ख बनाउन सक्दैनौ । तिमी सबैलाई निजीकरण गर्न चाहन्छौ । तिमी हामीलाई युद्धमा पठाउन चाहन्छौं, जुन बेला तिमीले हाम्रो लागि बोल्नुपर्थ्यो, तिमी चुप रह्यौ । संयुक्त राज्य अमेरिकाको बोलीलाई प्राथमिकता दियौ ।' जब बेन्जामिनजस्ता कवि हुन्छन्, तब नै कलम गौरवान्वित हुन्छ ।

यो कलमले कुनै बेला, कुनै ठाउँमा लेखेको थियो- 'प्रागऐतिहासिक कालका डाइनोसरका अन्डा र अवशेष खोज्दै हिँड्नेहरू देख्न सक्दैनन् आजका डाइनोसरलाई । ती डाइनोसर- जो भ्रष्टताको भकारी डकारेर भीमकाय बनेका छन् । जो स्वजातिकै शिकार

गर्छन् । र, तवाही मच्चाउँदै डुल्ने गर्छन् । त्यस्तै डाइनोसरविरुद्ध, अर्थात साम्राज्यवादविरुद्ध गर्जेकी थिइन् एघार वर्षअघि एक गायिका ।

धर्मलाई राजनीतिमा भजाएर दमनकारी सत्ता र साम्राज्यवादी स्वार्थलाई टेवा दिने, निर्दोष जनताको संहारमा आँखा चिम्लेर निरंकुश सत्तालाई धाप मार्ने, पोपहरूको प्रवृत्ति ती आइरिश गायिकालाई असह्य भएको थियो । सिनिड ओ कोनर नामकी ती गायिका मुडुली छन्, तर मानवताप्रतिको उनको प्रेम मुडुलो छैन, साम्राज्यवादप्रतिको उनको घृणा मुडुलो छैन ।

एघार वर्षअघि गायिका सिनिडले गर्जँदै आह्वान गरेकी थिइन्- असली शत्रुविरुद्ध लड । उनको दृष्टिमा साम्राज्यवादी स्वार्थलाई टेवा दिने चर्च, पादरी तथा पोपहरू असली शत्रु थिए । तब त, साम्राज्यवादको केन्द्रस्थल अमेरिकाकै टेलिभिजन कार्यक्रम 'स्याटरडे नाइट लाइभ' मा असली शत्रुविरुद्ध लड भन्दै सिनिडले पोप जोन पाल द्वितीयको फोटो च्यातेकी थिइन्, टुक्रा-टुक्रा पारेर क्यामरातर्फ फ्याँकेकी थिइन् ।

यो कलमले कुनै बेला, कुनै ठाउँमा लेखेको थियो- 'मुर्कट्टाहरूमा कुनै सपना हुँदैन, कुनै आदर्श र लक्ष्य हुँदैन । तिनका लागि कुनै राजमार्ग हुँदैन । र, सगरमाथाको सर्वोच्चता पनि हुँदैन । हुन्छ त केवल उमसले भरिएको एक उजाड भूमि । तर पनि कोही मुर्कट्टाहरूको धडमा समेत शीर उमार्न चाहन्छन् । र, तिनका लागि मरुभूमिमा फूल उमार्न चाहन्छन्- चाहे त्यो क्याक्टस् नै किन नहोस् । रुखो धरतीको त्यस्तै एक माली हुन्- भेनेसा रेडग्रेभ । जो वामपन्थी आस्थाको प्रतिमूर्ति हुन् ।

लन्डनमा जन्मेकी भेनेसाका बाबु अभिनेता थिए, आमा अभिनेत्री । भाइ अभिनेता हुन्, बहिनी अभिनेत्री । लोग्ने निर्देशक (टोनी रिचार्डसन), ज्वाइँ अभिनेता (लियाम निसन) । छोरीहरू नताशा र जोली, भतिजी पनि अभिनेत्री । प्रेमी (फ्रान्को निरो) अभिनेता र लामो समय सम्बन्ध रहेका टिमोथी डाल्टन त पूर्व जेम्स बन्ड अभिनेता १ लोग्ने ओस्कार विजेता, आफू पनि ओस्कार विजेता, बहिनी ओस्कारमा मनोनित । तर, लोग्नेसँग भेनेसाको २५ वर्षअघि नै सम्बन्ध विच्छेद भएको थियो ।

६६ वर्षीय भेनेसा, जसलाई भनिन्छ- आधुनिक सिनेमाकी अग्रणी अभिनेत्री । भेनेसा 'ग्लोबल सुपरस्टार' होइनन् । तर पनि टेनेसी विलियम्सको भनाइ छ- 'उनी हाम्रो समयको महान्तम अभिनेत्री हुन् ।' भेनेसालाई अमेरिकी अभिनेत्री जेन फोन्डासँग तुलना गर्दै 'ब्रिटनेकी जेन फोन्डा' पनि भन्ने गरिन्छ । स्मरणीय छ, जेन फोन्डा र भेनेसा दुवै वामपन्थी राजनीतिका पक्षपाती हुन् ।

भेनेसा पहिलो पटक 'मोर्गान' चलचित्रका लागि ओस्कारमा मनोनित भइन् । दोस्रो पटक 'आइसाडोरा' मा, तेस्रो पटक 'मेरी, क्वीन अफ स्कट्स', चौथो पटक 'द बोस्टोनियन्स' र पाँचौं पटक 'हवार्डस् एन्ड' मा भेनेसा ओस्कारका लागि मनोनित भएकी थिइन् । र, अन्ततः 'जुलिया' का लागि उनले ओस्कार पुरस्कार पाएकी थिइन् । भेनेसा, जसको सन्दर्भमा उनका पूर्व लोग्ने निर्देशक टोनी रिचार्डसनले नै भनेका थिए- 'भेनेसा रेडग्रेभ विवादास्पद छिन् । उनका वैरीहरू उनलाई घृणा गर्छन्, उनका साथीहरू उनलाई मन पराउँदैनन् ।'

ट्राटस्कीपन्थी वाम समूहमा रहेकी भेनेसा निर्भिकरूपमा आफ्नो राजनीतिक विचार पेस गर्छिन् । फासीवाद, साम्राज्यवाद र यहुदीवादविरुद्ध आफूलाई सधैं उभ्याउँछिन् । तब किन नहोऊन् भेनेसाका बैरीहरू ? जतिखेर 'जुलिया' का लागि भेनेसा ओस्कार पुरस्कार ग्रहण गर्दै थिइन्, समारोह भवनबाहिर यहुदीवादीहरू भेनेसाको विरोधमा उनको पुतला जलाइरहेका थिए । यहुदीवादीहरूकै विरोधस्वरूप चलचित्रका कैयन 'कन्ट्र्याक्ट' भेनेसाले गुमाउनुपरेको पनि थियो, तर उनलाई त्यसको पर्वाह थिएन ।

ओस्कार ग्रहण गर्दाको सम्बोधन वक्तव्यमा भेनेसाले आफ्ना सहकर्मीहरूप्रति कृतज्ञता व्यक्त गर्दै भनेकी थिइन्- 'म तपाईंहरूलाई अभिवादन गर्छु । तपाईंहरू जो, दृढतापूर्वक उभिनुभयो र सानो जत्थाका यहुदी गुन्डाहरूबाट भयग्रस्त हुन अस्वीकार गर्नुभयो । ती यहुदीहरूको व्यवहार विश्वभरका यहुदीहरूको उँचाइको अपमान हो, फासीवाद तथा उत्पीडनविरुद्ध उनीहरूको महान् र वीरतापूर्ण सङ्घर्षको इतिहासको अपमान हो । र, म तपाईंहरूका सामु बाचा गर्दछु कि- यहुदीविरुद्धको घृणा, दुराग्रह तथा फासीवादविरुद्ध म लडिरहने छु ।' स्मरणीय छ, भेनेसा इजरायली नीतिको विरोधी हुन् ।

भेनेसाले ४० वर्षअघि नै क्युवाको भ्रमण गरेकी थिइन् । उनी फिडेल क्यास्ट्रोको क्रान्तिप्रति सहानुभूति राख्थिन् र उनले भियतनाम युद्धताका उत्तरी भियतनाममाथि अमेरिकाले गरेको बमबारीको 'द टाइम्स' पत्रिकामा पूरा पेज विज्ञापन छपाएर विरोध गरेकी थिइन् । १९७३ मा भेनेसा सोसलिस्ट लेबर लिगमा आवद्ध भएकी थिइन् । र, ब्रिटेनको एउटा मार्क्सवादी स्कुलका लागि रकम उठाउन उनले हलिउडमा नै मार्क्सवादबारे व्याख्यान दिएकी थिइन् ।

त्यतिखेरैदेखि टीभीमूभी 'प्लेइङ्ग फर टाइम'को भूमिकाका लागि यहुदी समूहको निशाना बनेकी भेनेसा 'वर्कर्स रिभोल्युसनरी पार्टी' मा सामेल भएकी थिइन् । र, त्यस पार्टीमा गरिएको बम विस्फोटविरुद्ध प्रदर्शनमा जुटेकी थिइन् । अर्कोतर्फ, एक अफ्रिकन-अमेरिकन अभिनेतासँग उनको सम्बन्ध रहेको हल्ला मच्चाउँदै नवनाजीवादी समूह 'कम्ब्याट-१८' ले पनि भेनेसालाई आफ्नो हिटलिस्टमा राखेको थियो ।

भनिन्छ, यदि १९६० को दशक महत्त्वपूर्ण उद्देश्यका लागि गरिएको क्रान्ति र लडाइँको दशक हो भने सम्पूर्ण अभिनेत्रीहरूमा भेनेसा रेडग्रेभ नै सबभन्दा मौलिक मोडल हुन सक्छिन् । भेनेसा, जो आफ्नो अभिनय-कलाबारे भन्छिन्- 'रंगमञ्च कलाकारको मुलुक हो, बारम्बार तपाईंले आफ्नो पासपोर्टमा छाप लगाउनुपर्छ, अन्यथा उनीहरूले तपाईंको नागरिकता नै खोस्न सक्छन् ।'

# कहाँ-कहाँ जित्यो अखिलले ?

काठमाडौं । देशभरिका एक सय नौ क्याम्पसमा भएको स्ववियु चुनावको परिणाम प्राप्त भएकोमा अनेरास्ववियुले ५८ वटा क्याम्पसमा सभापति विजयी गराएको छ ।

अखिलले त्रिभुवन विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा सभापति बाहेक अरु सबै पदमा विजय हासिल गरेको छ । यसपटक सुदूरपश्चिममा अखिलको राम्रो वर्चस्व कायम भएको छ । अखिलले विगतमा पराजय भोगिरहेका वाल्मीकि क्याम्पस, विश्वभाषा क्याम्पस, शङ्करदेव क्याम्पस, ललितकला क्याम्प्स, पशुपति क्याम्पस र त्रि-चन्द्र क्याम्पस आदिमा यसपालि सभापति र सचिव तथा सदस्यहरू भए पनि जिताउन सफलता हासिल गरेको छ ।

अखिलले जनाएअनुसार, त्रियुगा बहुमुखी क्याम्पस गाईघाट- परमेश्वर घिमिरे, महेन्द्र विन्देश्वरी राजविराज- केदार यादव, मेची बहुमुखी क्याम्पस- असारु राजवंशी, महेन्द्र बहुमुखी क्याम्पस, इलाम- अञ्जनकुमार थेवे लिम्बू, महेन्द्र बहुमुखी क्याम्पस, धरान- विवेक सुब्बा, विज्ञान तथा प्राविधिक क्याम्पस हात्तीसार- देवराज आचार्य, पूर्वाञ्चल इन्जिनियरिङ् क्याम्पस, धरान- मनोज पनेरु, पिण्डेश्वर संस्कृत- गिरिराज आचार्य, सुकुना बहुमुखी क्याम्पस सुकुना, मोरङ- भूपाल बस्नेत, बरुण बहुमुखी क्याम्पस, खाँदबारी- ऐरबहादुर तामाङ, हजारीजनक संस्कृत विद्यापीठ, जनकपुर- विमलेन्द्र उपाध्याय, मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा- महेश बर्तौला, हेटौँडा वन विज्ञान क्याम्पस- सञ्जिव ढकाल, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर- उत्तम अधिकारी, जनआदर्श क्याम्पस वीरेन्द्रनगर- गणेश खरेल, लुम्बिनी वाणिज्य क्याम्पस बुटवल, रूपन्देही- सुमन खरेल, बुटवल बहुमुखी क्याम्पस, रूपन्देही- बाबुराम पन्थी, रामापुर क्याम्पस, रूपन्देही- हेमन्त थापा, पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा- पदम गिरी, नर्सिङ क्याम्पस पोखरा- मुना तिमिल्सिना, भानुभक्त क्याम्पस खैरेनी, तनहुँ- श्रीराम कार्की, महेन्द्र संस्कृत विश्वविद्यालय केन्द्रीय क्याम्पस, दाङ- शरदराज भण्डारी, शिक्षा क्याम्पस सुर्खेत- चतुर्भुज शाही, वीरेन्द्र बहुमुखी क्याम्पस वीरेन्द्रनगर, सुर्खेत- एकराज शर्मा, बबई क्याम्पस, बर्दिया- वामदेव ज्ञवाली, पब्लिक साइन्स क्याम्पस सुर्खेत- ओम कडायत, नर्सिङ् क्याम्पस, नेपालगन्ज- शृङ्खला प्रधान, कैलाली बहुमुखी क्याम्पस, धनगढी- यज्ञराज ढुङ्गाना, डोटी बहुमुखी क्याम्पस, डोटी- केशवराज उपाध्याय, जनता क्याम्पस, अछाम- लीला केसी, जयपृथ्वीबहादुर क्याम्पस बझाङ- श्रीलक्ष्मी जोशी, सिद्धनाथ बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर- महेश पन्त, जनता क्याम्पस पुनर्वास, कञ्चनपुर- विमल विक, डडेल्धुरा बहुमुखी क्याम्पस, डडेल्धुरा- डम्बर साउद, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर- ध्रुवचन्द्र राई, रमाइलो क्याम्पस, मोरङ- अनिल कार्की, सङ्खुवासभा बहुमुखी क्याम्पस चैनपुर-सूर्यकिरण भण्डारी, अमृत साइन्स क्याम्पस काठमाडौँ- टेकराज पछाईं, ललितकला क्याम्पस भोटाहिटी- लालकाजी लामा, आयुर्वेद क्याम्पस कीर्तिपुर- नरदेवी न्यौपाने, नेपाल ल क्याम्पस, काठमाडौँ- नवराज थपलिया, रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनीमार्ग- नवराज पौडेल, वाल्मीकि विद्यापीठ, काठमाडौँ- सुदर्शन ढुङ्गाना, नेपाल कमर्स क्याम्पस, मीनभवन- रामकृष्ण घिमिरे, महालक्ष्मी क्याम्पस, लुभु- सुरेन्द्र महर्जन, सानेपा नर्सिङ् क्याम्पस, ललितपुर- नानु पाण्डे, सानोठिमी क्याम्पस, भक्तपुर- अनिल थापा, वट्टार क्याम्पस, नुवाकोट- नवीन प्रधान, मेलम्ची भ्याली क्याम्पस, सिन्धुपाल्चोक- अर्जुन भण्डारी सभापति पदमा विजयी भएका छन् ।

# कम्युनिष्ट आन्दोलनका अग्रणी योद्धा

## ' कमला पराजुली

'**म**लाई पार्टीको काम र क्रियाशीलताले नै जिउने उत्साह र ऊर्जा दिइरहेको छ' भन्नुहुन्छ सिद्धिलाल सिंह ।

उहाँ वि.सं. १९९४ चैत २० गते ललितपुरको क्वाल्खुटोलमा आमा आशामाया, बुबा सिद्धिवीर सिंहका जेठा छोरा भएर जन्मनुभयो । मध्यमवर्गीय किसान परिवारका सिद्धिलालका बुबा जागिरे पनि हुनुहुन्थ्यो । उहाँ भन्नुहुन्छ-'घरको आर्थिक अवस्था राम्रै थियो, मध्यमवर्गीय किसान परिवार भएकाले सामान्य जीवन निर्वाहमा दुःख र अप्ठ्यारो महसुस गर्नुपरेन । लेखपढको अवसर पनि मैले पाएँ ।'

राजनीतिक जीवनको आरम्भबारे जिज्ञासा राख्दा सिंह भन्नुहुन्छ- 'म सानैदेखि सक्रिय स्वभावको थिएँ । मेरो पढाइ पनि राम्रै थियो । अतिरिक्त क्रियाकलापमा पनि म अगाडि नै हुन्थेँ । म त्यतिखेर पाटन हाइस्कुलमा पढ्थेँ । स्कुलमा विद्यार्थी फेडेरेसनको निकै चहलपहल थियो र सङ्गठन पनि बनिसकेको थियो । ००७ सालपछि ललितपुरमा कम्युनिस्ट आन्दोलनबाट प्रभावित भएर म पनि विद्यार्थी सङ्गठनको सम्पर्कमा पुगेँ ।'

सिंह १५-१६ वर्षको उमेरदेखि राजनीतिक आन्दोलनमा सहभागी हुनुभयो । ००८ सालमा उहाँको रामबहादुर श्रेष्ठ र देवेन्द्रलाल (काइँलाबा) सँग सम्पर्क हुन पुग्यो । उहाँहरूसँगको सम्पर्कले राजनीतिक रूपमा उहाँलाई अझ धेरै परिस्कृत र दिगो बनायो । ००८ सालमै उहाँ नेपाल विद्यार्थी फेडेरेसनको सदस्य पनि बन्नुभयो । ००८ सालमा ललितपुरका खपिन्सेटोलमा पार्टीको प्रथम सम्मेलन भएको थियो । उहाँले पहिलोपटक त्यो सम्मेलनमा भाग लिने अवसर पाउनुभएको थियो ।

उहाँ भन्नुहुन्छ- '००९ सालमा कर्मचारी आन्दोलन भएको थियो । उक्त कर्मचारी आन्दोलनमा ऐक्यबद्धता जनाउन म विद्यार्थी क्षेत्रबाट सहभागी भएको थिएँ । त्यतिखेर आन्दोलनको मोर्चाबाट गिरफ्तार भएर छ महिना नख्खु जेलमा थुनिएँ । त्यसै साल जेलबाट छुटेर मैले नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गरेँ । ०१० सालमै पाटनको कुशनती टोलमा भूमिगत रूपमा पार्टीको पहिलो राष्ट्रिय महाधिवेशन आरम्भ भएको थियो । त्यस महाधिवेशनमा पनि प्रतिनिधि भएर मैले भाग लिएको थिएँ ।'

सिंह पटक-पटक आन्दोलनका क्रममा गिरफ्तार हुनुभएको छ । ०१४ सालमा सरकारले अकस्मात विद्युत् महसुल वृद्धि गराउँदा पनि सशक्त रूपमा आन्दोलन चर्केको थियो । सो आन्दोलनमा पनि गिरफ्तार भएर उहाँ तीन महिना केन्द्रीय कारागारमा थुनिनुभएको थियो । ०१४ साल वैशाखदेखि उहाँ ललितपुर कम्युनिस्ट पार्टीको जिल्ला कमिटीको सदस्य हुनुभयो ।

०१४ सालमा काठमाडौंको फोहोरा दरबारमा सम्पन्न पार्टीको दोस्रो महाधिवेशनमा पनि उहाँले भाग लिनुभयो ।

'पार्टीको दोस्रो महाधिवेशनबाट म पार्टीको वैकल्पिक केन्द्रीय सदस्यको रूपमा चुनिएको थिएँ । त्यस सम्मेलनमा पार्टीभित्र दुई लाइनको सङ्घर्ष थियो-एउटा लाइन संवैधानिक राजतन्त्र, अर्को गणतन्त्र । मलगायत पुष्पलाल, तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठ, मोहनविक्रम, निर्मल लामा, देवेन्द्रलाल गणतन्त्रको पक्षमा थियौँ । डा. केशरजङ्ग रायमाझी, शैलेन्द्रकुमार उपाध्याय, डीपी अधिकारी, कमर शाहहरू संवैधानिक राजतन्त्रको पक्षमा थिए । महाधिवेशनमा बहुमत गणतन्त्रको पक्षमा थियो । तर पनि खै कसरी हो, तत्कालीन महासचिवमा डा. केशरजङ्ग नै चुनिए !' ०१५ सालमा भद्र अवज्ञा आन्दोलनमा गिरफ्तार भएर १५ दिन नख्खु जेलमा थुनिएको पनि सिंहले बताउनुभयो ।

सिंहले निरन्तर पार्टीको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । ०१६ सालमा उहाँ पार्टीको अञ्चल कमिटीको सदस्य हुनुभयो । सक्रिय रूपमा आन्दोलनमा सहभागी हुँदाहुँदै ०१७ सालको काण्डपछि उहाँ एक वर्ष भारतमै निर्वासित भएर रहनुभयो । उहाँ भन्नुहुन्छ- 'त्यसै समय पुष्पलाल श्रेष्ठ र तुलसीलाल अमात्यसँग मेरो सम्पर्क हुन पुग्यो । त्यही समय ०१८ सालमा दरभङ्गा प्लेनम भयो र म त्यसमा प्रतिनिधि भएर सहभागी भएँ । दरभङ्गा प्लेनममा पनि पार्टीमा दुई लाइन सङ्घर्ष चर्कियो । त्यसमा पनि संविधानसभा र गणतन्त्रकै बहुमत थियो । तर, पुष्पलाल, तुलसीलाल, शम्भुराम र हिक्मत सिंहको अभिमत संसद् पुनःस्थापनातर्फ रह्यो ।'

प्लेनमले छ महिनाभित्रमा तेस्रो महाधिवेशन बोलाउने निर्णय गर्‍यो । त्यही निर्णय अनुसार ०१९ सालमा बनारसमा पार्टीको तेस्रो महाधिवेशन भयो । त्यो महाधिवेशनले सार्वभौमसत्ता सम्पन्न संसद्को चुनावको माग बहुमतबाट पारित गर्‍यो । उहाँ त्यस महाधिवेशनबाट पार्टीको केन्द्रीय सदस्यमा चुनिनुभयो ।

बाह्य राजनीतिक आन्दोलन, अन्तरपार्टी सङ्घर्ष र भूमिगत जीवनको भागदौडले सिंहलाई छोडेन । ०१९ मा पार्टीको तेस्रो महाधिवेशनबाट काठमाडौं फर्कनेबित्तिकै उहाँ भूमिगत बसेकै ठाउँमा ललितपुरको खपिन्सेटोलमा प्रहरीले राती घेरा हालेर गिरफ्तार गरे । उहाँसँगै जीतलाल महर्जन र नरबहादुर कर्माचार्य पनि गिरफ्तार हुनुभयो । त्यो गिरफ्तारीपश्चात् ०२६ सालमा मात्र उहाँ जेलबाट मुक्त हुनुभयो । ०२६ सालमा जेलमुक्त भएपछि ०३६ सालसम्म उहाँले भूमिगत भएर पार्टी सङ्गठनको भूमिका निर्वाह गरिरहनुभयो ।

०१७ को निरंकुश पञ्चायती व्यवस्थाको घोषणापश्चात् सिंह तत्कालीन प्रशासनको 'आँखाको तारो' नै हुनुभएको थियो । त्यसबारे पञ्चायती सरकारले उहाँलाई गिरफ्तार गर्नेलाई ५० हजार नगद पुरस्कार र दुई तह पद प्रमोसन गर्ने पुरस्कार पनि घोषणा गरेको थियो । पटकपटक उहाँलाई गिरफ्तार गर्ने कोसिस गर्दा पनि नसकेको अवस्थामा ०१९ सालमै छोराको पत्तो नदिएको आरोपमा सिंहकी आमालाई समेत गिरफ्तार गरेर छ महिना महिला कारागारमा थुनेको थियो । यसरी सिंह मात्र होइन, उहाँको परिवारै त्यो राजनीतिक जीवनबाट प्रभावित थियो ।

अनेकौं अप्ठ्यारा र चुनौतीका बाबजुद पनि कहिले भूमिगत र कहिले खुला रूपमा सिंहले पार्टी र आन्दोलनलाई नेतृत्व दिइरहनुभयो । उहाँ भन्नुहुन्छ : '२०३६ सालको आन्दोलनको परिणाम जनमतसङ्ग्रहको घोषणा भयो । ०३६ सालमा पाटनको च्यासलमा खुला रूपमा पहिलोपटक लाखौं जनताको उपस्थितिमा आमसभा भएको थियो । त्यो आमसभामा मनमोहन अधिकारी, भरतमोहन अधिकारी, हिक्मतसिंह भण्डारी र मैले निरङ्कुश पञ्चायती व्यवस्थालाई मुक्का बजाउँदै बहुदलीय व्यवस्थाको पक्षमा सम्बोधन गरेका थियौं । ०३६ देखि ०३७ को अवधिमा म बहुदलीय व्यवस्थाको प्रचार-प्रसार गर्दै मेचीदेखि महाकालीसम्म ६५ वटा जिल्लाका आमसभामा सम्बोधन गर्न पुगेको थिएँ । तर, निरङ्कुश पञ्चायती सरकारले चरम धाँधली गरेर बहुदललाई हराउन सफल भयो । त्यसपछि पनि म मार्क्सवादी पार्टीको पोलिटब्युरो सदस्य भएर काम गरिरहेको थिएँ । ०४६ को जनआन्दोलनमा पनि म उपत्यकाको आन्दोलनको नेतृत्व तहमा नै थिएँ । ललितपुरको पाटनमा भएको निर्णायक आन्दोलनमा नौ दिनसम्म हामीले नगर कब्जा गरेका थियौं ।

०४६ को आन्दोलनको सफलतापश्चात् ०४८ मा तत्कालीन नेकपा (माले) र मार्क्सवादीबीच एकीकरण भएर एमाले पार्टी बन्यो । त्यसमा पनि म पार्टीको पोलिटब्युरो सदस्य नै भएको थिएँ । एकीकरणपश्चात् ०४९ मा पार्टीको पाँचौं महाधिवेशन भयो । त्यसपछि म केन्द्रीय सदस्यमा चुनिएँ र अहिलेसम्म निरन्तर केन्द्रीय सदस्य नै छु ।'

सिंहको ०११ सालमा पाटनकै नानीमैया सिंहसँग विवाह भयो । उहाँका दुई छोरा र दुई छोरी छन् । उहाँले ०१९ सालमै अर्थशास्त्र र राजनीतिशास्त्रमा स्नातकसम्मको अध्ययन पूरा गरिसक्नुभएको छ । तर, किशोरावस्थादेखि नै राजनीतिक जीवन सुरु भएकाले कहिल्यै पनि आयआर्जनमूलक पेसा-व्यवसायमा उहाँ संलग्न हुनुभएन । उहाँ भन्नुहुन्छ-'मेरो आजसम्मको समय पूर्णकालीन रूपमा पार्टीकै काममा समर्पित भएर बितेको छ । म यसैमा सन्तुष्ट छु । घरको आर्थिक अवस्था राम्रै भएको र पुर्ख्यौली जेथा केही भएकाले मलाई राजनीतिमा निरन्तर लाग्न सहज भयो । अभाव र पीडामा घर-परिवारले छटपटाउनुपरेन । जग्गा बेचेर पनि घर व्यवहार चल्दै रह्यो । मेरा दुवै छोरीले एमए पास गरेका छन् । एउटा छोराले एमए पास गरेको छ, बुहारी डाक्टर छिन् । कान्छो छोराले पनि बीकम पास गरेको छ । मेरो परिवार व्यवस्थित छ र छोराछोरी यो अवस्थाका हुनुमा पूर्णतः मेरी जीवन सहयात्री पत्नीकै योगदान छ । उनको मिहिनेत, लगनशीलता, धैर्य र प्रेरणाले मेरो परिवार व्यवस्थित भएर अगाडि बढिरह्यो, म आफ्नो उद्देश्यमा हिँडिरहेँ । मलाई लाग्छ, पत्नीको त्यो योगदान नभएको भए म आज यो ठाउँमा हुने थिइनँ । उनले घर परिवार र छोराछोरीको रेखदेख मात्र होइन, कामकै लागि पनि ठूलो सहयोग पुर्‍याएकी थिइन् । उनी राजनीतिक रूपमा सचेत थिइन् । हाम्रो घर भूमिगत रूपमा सेल्टरजस्तै थियो । पार्टीका नेता र कार्यकर्तालाई उनी असाध्यै माया गर्थिन् । मदन भण्डारी, मनमोहन अधिकारी, माधव नेपाल, भरतमोहन अधिकारी, सहाना प्रधान, झलनाथ खनाल, अमृत बोहरा सबैसँग उनको राम्रो सम्बन्ध थियो । समग्रमा मैले आफ्नो परिवार, आमा, बुबा, पत्नी र ठूली बहिनीबाट असाध्यै सहयोग र प्रेरणा पाएँ । त्यही नै मेरो राजनीतिक जीवनको उत्पादनशील ऊर्जा बन्यो ।'

उहाँले पटक-पटकको हिरासत र जेल जीवनमा धेरै शारीरिक, मानसिक यातना पनि खेप्नुपर्‍यो । ०१९ सालमा गिरफ्तार हुँदा हनुमानढोकामा थुनेर उहाँलाई १५ दिनसम्म लगातार शारीरिक यातना दिइएको थियो । त्यो यातनाको संस्मरण गर्दै उहाँ

भन्नुहुन्छ- 'तीन-चारपटक त त्यो चरम यातनाले म थला नै परेको थिएँ । हिरासतभित्र समेत मलाई हत्कडी लगाएर राखिएको थियो । त्यस्ता मानसिक पीडा र दुर्व्यवहारको कल्पनै गर्न सकिँदैन ।'

०६१ को निरङ्कुश शाही कदमविरोधी आन्दोलनका क्रममा मात्र उहाँ नौपटक गिरफ्तार भइसक्नुभएको छ । 'माघ १९' पछिकै आन्दोलनमा प्रहरीको लाठी प्रहारले उहाँ डेढ महिना थला पर्नुभयो ।

सिंहले आधा शताब्दीभन्दा लामो निरन्तर राजनीतिक यात्रामा धेरै अप्ठ्यारा-सप्ठ्यारा र उकाली-ओरालीहरू पार गर्नुभयो । यात्राका हरेक मोडलाई उहाँले सधैँ सहज नै मान्नुभयो । तर, आफ्नो निजी जीवनको पाना पल्टाउँदा उहाँ असाध्यै भावुक र संवेदनशील भएर भन्नुहुन्छ- 'मेरो जीवनको सबैभन्दा कठिन मोड नै मेरी पत्नीको निधन हो । ०५९ आश्विन २४ गते अकस्मात् ब्रेनहेमरेज भएर उनको देहावसान भयो । त्यसपछिका धेरै महिना म मानसिक रूपमै पक्षघात भएझैँ भएँ । मलाई पार्टीका कमरेडहरू, आफन्त र साथीभाइ धेरैले सम्झाउनुभयो । तर पनि, त्यो मेरो अपूर्णता र अधुरोपनमा पूर्णता आउनचाहिँ सकेन ।

मेरो अवस्थालाई देखेर पार्टीको नेतृत्वमा रहनुभएका धेरैजसो कमरेडहरूले पटकपटक अर्को विवाह गर्न अनुरोध गर्नुभयो । तर, मैले त्यो अनुरोधलाई सहज मान्न सकेको छैन । मलाई लाग्छ, पति-पत्नीको सम्बन्ध भावनाको सम्बन्ध हो । आधा शताब्दीसँगै सहयात्री भएर जीवन बिताएकी पत्नीको वियोगको पीडा अहिले विवाह गरेर भुल्न सकिन्छ र ? के त्यस्तै भावना, मन, माया र सम्बन्ध फेरि पनि पाउन सकिएला र ? के अब यो उमेरमा मैले विवाह गर्दा त्यस्तै त्याग, समर्पण, आत्मीयता र हार्दिकता हुनसक्छ ? अहँ ! मलाई विश्वास लाग्दैन । छोराछोरी, बुहारी, नातिनातिनाको पारिवारिक संरचना नै बेग्लै छ । यो संरचनामा एउटी नवदुलही भित्र्याएर त्यो मेरो मनको घाउ कसरी निको होला र ? त्यसैले म अहिले पनि दुःखी छु पत्नीको वियोगबाट, अनि अधुरो र अपूर्ण छु ।'

तर पनि उहाँ आफूलाई सम्हाल्दै भन्नुहुन्छ- 'यो त मेरो निजी जीवनको डायरी हो । म हमेसा आफूलाई आशावादी बनाएर सम्हालिरहन्छु । म अहिले अधिकांशतः पार्टीकै काममा व्यस्त छु । फुर्सद हुनेबित्तिकै म किताब पढ्नमा रमाउँछु । बिहान सधैँ एक घण्टा जति हिँड्ने गर्छु । झन्डै एक घण्टा व्यायाम गर्छु । बिहान पाँच बजे उठ्छु, राती १० बजे सुत्छु । प्रायः दिनको दुई-तीन घण्टा मार्क्सवाद, दर्शनशास्त्र, अर्थशास्त्र र साहित्यका पुस्तक पढेर बिताउने गर्छु । यसैगरी आफूलाई व्यस्त बनाएको छु । पार्टीको काम र क्रियाशीलताले नै मलाई जिउने उत्साह र ऊर्जा दिइरहेको छ ।'

सिंह फेरि पनि आफ्नो जीवनको सबैभन्दा दुःखद र सुखद क्षणको स्मरण गर्दै भन्नुहुन्छ- 'मेरो जीवनको सबैभन्दा दुःखद क्षण पार्टीको विभाजन र पत्नीको देहावसान हो । र, सबैभन्दा सुखद क्षण ०४७ सालको पार्टी एकीकरण नै हो ।'

अविरल राजनीति यात्रामा बगिरहँदा सँगालेका आफ्ना अमूल्य अनुभव बाँड्दै पार्टी कार्यकर्तालाई उहाँ भन्नुहुन्छ- 'राजनीतिक जीवनमा लाग्नेहरूले कहिल्यै निरास र हतास हुनुहुँदैन । निरन्तर रूपमा एक्लै भए पनि गलत प्रवृत्तिका विरुद्ध विचारधारात्मक सङ्घर्ष गरिरहनुपर्छ । एक दिन सफल होइन्छ । वैचारिक-राजनीतिक कठिन सङ्घर्षबाट मात्र नेता र कार्यकर्ताको पहिचान हुन्छ । त्यसैले कठिन परिस्थितिको सामना गर्न सधैँ तयार हुनुपर्दछ ।'

■

## श्रमको सम्मान र श्रमिकको अधिकार

# लोकतान्त्रिक आन्दोलनको अङ्ग

**' विन्दा पाण्डे**

नेपालका तीनवटै मान्यताप्राप्त ट्रेड युनियन महासङ्घहरू नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट), नेपाल ट्रेड युनियन काङ्ग्रेस (एनटीयूसी) र नेपाल प्रजातान्त्रिक ट्रेड युनियन महासङ्घ (डिकोन्ट) ले यही फागुन १ गते नेपाली श्रमिकहरूका तर्फबाट १० सूत्रीय आधारभूत र १५ वटा क्षेत्रलाई समेट्ने गरी क्षेत्रगत मागहरू श्रम मन्त्रालयमा पेस गरेका छन् । ३५ दिनको म्याद दिएर श्रमिकका मागहरूलाई महासङ्घको तहबाट राष्ट्रियस्तरमा पेस गरिएको नेपालको इतिहासमा नै यो पहिलो घटना हो । सायद यसले नेपाली श्रमिक आन्दोलनको दिशा र गहिराइलाई अलि फराकिलो रूपमा लैजान मद्दत पुर्‍याउन सक्छ ।

जुन देशमा श्रमको सम्मान र श्रमिकको अधिकारको रक्षा हुन्छ, त्यस देशका जनतामा लोकतान्त्रिक प्रणाली व्यवस्थित र विकसित रूपमा अगाडि बढ्दछ । जुन देशमा मानसिक वा शारीरिक कुनै पनि रूपमा समाज निर्माणको क्रममा आफूलाई समर्पण गर्ने जमातले आफूलाई श्रमिक भनेर गर्व गर्न सक्दछ, उनीहरू नै सबैभन्दा बढी सचेत र सङ्गठित रूपमा सामाजिक परिवर्तनका लागि अगाडि बढ्न सक्दछन् । दुनियाँमा सबैभन्दा प्रजातान्त्रिक सङ्गठनका रूपमा श्रमिकहरूको सङ्गठन ट्रेड युनियनलाई लिने गरिन्छ । तर, दुःखको कुरा हाम्रो समाजमा जान्ने-बुझ्ने भनिने वर्गले नै आफ्नो श्रमलाई श्रम ठान्ने र आफू श्रमिक भएकोमा गर्व गर्न सक्ने संस्कारको विकास हुन सकेको छैन । सायद पटकपटक प्रजातन्त्रमाथिको तानाशाही नङ्ग्राहरूको आक्रमण हुनुमा यो पनि एउटा महत्त्वपूर्ण कारण हो । त्यसैले लोकतन्त्रको स्थापना मात्र होइन, त्यसलाई दीर्घजीवी

र बलियो बनाउनका लागि समाज निर्माणको आधारशीला **श्रम**को सम्मान र त्यसका कर्ता श्रमिकको अधिकारको रक्षार्थ सामाजिक न्यायका पक्षपाति जोकोही पनि सचेत हुनुपर्दछ ।

२०४७ सालको संविधानले कुनै पनि तह र तप्काका नेपालीहरूले आफ्नो इच्छाअनुसार सङ्गठनमा सङ्गठित हुन पाउने अधिकार प्रदत्त गरिसकेपछि नेपाली श्रमिकहरूको पेसागत हक र अधिकार प्राप्ति र रक्षाका लागि कार्यथलोमा ट्रेड युनियन निर्माण र परिचालनमा तीव्रता आयो । यही क्रममा श्रमिकको अधिकार र उद्यमीको लगानीलाई सुरक्षित पार्नुका साथै पुँजी र श्रम लगानीकर्ताको बीचमा व्यवस्थित र सुमधुर श्रम सम्बन्धलाई व्यवस्थित पार्ने उद्देश्यसहित ०४८ सालमा श्रम कानुन निर्माण गरी जारी गर्ने काम भयो । त्यसै गरी ट्रेड युनियनहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न यसको कार्यक्षेत्र, गठन प्रक्रिया, अधिकार र दायित्वलाई स्पष्ट पार्दै ०४९ सालमा ट्रेड युनियन ऐन जारी गरियो । त्यस समयदेखि नै यी दुईवटा कानुनमा उल्लिखित प्रावधानअनुसार '**सामाजिक संवादमार्फत समस्या समाधान गर्ने**' नीतिमा नेपाली ट्रेड युनियन आन्दोलन क्रियाशील रहँदै आयो । तर, यी दुवै कानुनले बहुसङ्ख्यक श्रमिक रहेको अनौपचारिक क्षेत्र र औपचारिक क्षेत्रको मूल रूपमा स्वेतपोस श्रमिकलाई प्रभावकारी रूपमा समेट्न नसकेका कारण पनि श्रमिक आन्दोलन त्यति सशक्त हुन सकेको थिएन । ०५४ सालमा भएको श्रम कानुन र ट्रेड युनियन ऐन दुवैको पहिलो संशोधनले युनियन आन्दोलनको दायरालाई अनौपचारिक, स्वरोगार र कृषि क्षेत्रलाई केही हदसम्म सम्बोधन गरेको छ । तर, त्यस क्षेत्रमा युनियनीकरणको काम अझै पनि हुनुपर्ने त्यति प्रभावकारी हुन सकेको छैन ।

त्यसैको प्रतिविम्ब भन्नुपर्छ, श्रम कानुन बनेको १० वर्षको लामो प्रयास र पर्खाइको अवधिमा न्यूनतम मानवीय आवश्यकताका विषयमा कानुनले व्यवस्था गरेका प्रावधानहरू **नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक, स्वस्थकर र सुरक्षित कार्यथलो, पिउने पानी र शौचालय** बनाउनेजस्ता अति नै सामान्य कुरासमेत अधिकांश ठाउँमा लागू हुन सकेन । उल्टो ०५९ सालमा देशको राजनीतिले उल्टो दिशा लिएपछि स्थिति अझै विकराल बन्दै जान थाल्यो । यस्तो अवस्थामा कार्यथलोको नियमित अनुगमनको व्यवस्था गर्दै आधारभूत कुरासमेत लागू नगर्ने उद्यमीलाई श्रम प्रशासनले कारबाही गर्नुपर्ने कुरा प्रस्तुत मागपत्रमा समावेश गरिएको छ ।

श्रम कानुन लागू गर्नुको बदला ०५८ सालदेखि नै श्रमिकको अधिकार कटौती गर्ने गरी कानुन परिवर्तन गर्ने प्रयासमा रोजगारदाताहरू लागिपर्दै आए । सरकार केवल यसमा स्वरमा स्वर मिलाउँदै बसिरह्यो । यसै सिलसिलामा उद्यमी र ट्रेड युनियनको बीचमा मङ्सिर ०६१ मा १९ बुँदे सहमति भयो । यसै अनुसार उद्यमी र श्रमिक प्रतिनिधिको सहमतिमा नयाँ कानुन बनाउने र सोहीअनुसार सरकारले त्यसलाई कार्यान्वयनका लागि घोषणा गर्ने सहमति बन्यो । यही नै कुरालाई ०६१ माघ १ गतेको दोस्रो राष्ट्रिय श्रम सम्मेलनको २१ बुँदे घोषणापत्रमा समेत समावेश गरिएको छ ।

तर, विडम्वना ! 'माघ १९' गते राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिइसकेपछि विगतमा बनेका कानुन, सहमति र गरिएका सारा घोषणाहरूलाई एकातिर थन्क्याउँदै, संसद्ले अनुमोदन गरेको आईएलओको त्रिपक्षीयतासम्बन्धी अभिसन्धि नम्बर १४४ समेतलाई बेवास्ता गर्दै शाही सरकार श्रम अध्यादेश ल्याउन मरिमेटेर लागेको छ । यस्तो अवस्थामा देशमा क्रियाशील ट्रेड युनियनहरूले समयमा नै श्रमिकहरूको दैनिक राजीरोटीसँग सरोकार राख्ने विषयहरू जस्तै विगत तीन वर्षदेखि रोकिएको न्यूनतम पारिश्रमिकमा वृद्धि गर्न माग गरेका छन् ।

त्यस्तै, श्रमिकहरूको सामाजिक सुरक्षाको व्यवस्था अर्को महत्त्वपूर्ण कुरा मागमा समावेश गरिएको छ । औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा क्रियाशील श्रमिकहरूलाई श्रमिक परिचयपत्रको व्यवस्था गरी सबैलाई समेट्ने एकीकृत सामाजिक सुरक्षाकोषको व्यवस्था गरिनुपर्ने र उक्त कोषबाट श्रमिक दुर्घटना बीमा, जीवनबीमा, स्वास्थ्यबीमालगायत न्यूनतम सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्ने कुरा उल्लेख छ । सामाजिक न्यायको सिद्धान्तअनुसार पनि राज्यले सबैभन्दा तल्लो वर्गका जनताको सुरक्षाका बारेमा चिन्ता गर्नुपर्ने हो । तर, देशमा भएको सामाजिक सुरक्षासम्बन्धी सीमित व्यवस्था पनि तुलनात्मक रूपमा माथिल्लो वर्ग, औपचारिक क्षेत्र र स्थायी रोजगारीमा रहेका श्रमिकको हितमा मात्र रहेको छ । यस्तो व्यवस्थामा परिवर्तन गर्दै श्रम क्षेत्रका तीनवटै सहयात्रीहरू सरकार, उद्यमी र श्रमिकको योगदानमा श्रमका सबै क्षेत्रलाई समेटिने गरी सामाजिक सुरक्षाको व्यवस्थालाई फराकिलो बनाउनुपर्ने मागलाई गम्भीरतापूर्वक उठाइनु महत्त्वपूर्ण पक्ष हो ।

ट्रेड युनियन अधिकार सम्पूर्ण श्रमिकहरूको आधारभूत मानवअधिकार हो । आफ्नो पेसागत हितका लागि सङ्गठित हुने, सभा-सम्मेलन गर्ने, सामूहिक माग-दाबी गर्ने कुरामा कहींकतैबाट रोकटोक गर्न पाइँदैन र यस्ता गतिविधि गरेबापत कसैलाई पनि कामबाट निष्कासन गर्ने वा हतोत्साहन गर्नेजस्ता कार्य गर्न पाइँदैन । तर, विगत तीन वर्षमा यो क्रम बढ्दो छ । कतिपय क्षेत्रमा आवश्यक सेवा सञ्चालन ऐन-०१४ को आडमा ट्रेड युनियन गतिविधिमाथि प्रतिबन्ध लगाइएको छ । यस्तो अवस्थाको अन्त्यका लागि श्रमिकविरोधी सम्पूर्ण कानुनका दफाहरू खारेजीको माग गरिएको छ । साथै, कतिपय क्षेत्रका श्रमिकहरूले अझै पनि सङ्गठन स्वतन्त्रतासमेत नपाएको अवस्थामा आईएअलो अभिसन्धि नम्बर ८७ अनुसार अधिकारको व्यवस्था गरिनुपर्ने कुरामा जोड दिनु अवश्य पनि सिङ्गो श्रम क्षेत्रले खुसी मान्दै यसको कार्यान्वयनका लागि होस्टेमा हैसे गर्नुपर्ने कुरा नै हो ।

समानतासम्बन्धी अधिकार सिद्धान्ततः सबैले स्वीकार गर्ने विषय हो । तर, व्यवहारको सन्दर्भमा कुनै पनि क्षेत्र यो समस्याबाट मुक्त छैन । लिङ्गका आधारमा हुँदै आएको विभेदको अन्त्यका सन्दर्भमा रोजगारी, तालिम र बढुवामा समान अवसर, समान कामको समान पारिश्रमिकलगायत ट्रेड युनियनहरूले पहिचान गरेका कार्यथलोमा रहेका साझा जेन्डर एजेन्डाअनुसारको सिफारिस कार्यान्वयनको विषयलाई फेरि पनि निरन्तरता दिइएको छ । त्यसको अलावा, आमाबाबुको बीचमा रहेको बेमेल वा बाबु वा उनको परिवारबाट नागरिकताको सिफारिसमा देखाइएको गैरजिम्मेवारीपनका कारण आमासँग रहेका बच्चाहरूले नागरिकताको अभावमा शिक्षा, रोजगारी र अन्य क्षेत्रमा भोग्दै आएका समस्याको अन्त्यका लागि आमाको नाममा नागरिकता दिलाउने कुराको पहल गर्नसमेत ट्रेड युनियनहरूले माग गरेका छन् ।

मुठ्ठीभर उद्यमीको स्वार्थमा आधारित भएर हायर-फायरको कुरामा केन्द्रित भएर श्रम कानुन बनाउनुभन्दा पनि विद्यमान बेरोजगारी र थपिदो युवा श्रमशक्तिलाई ध्यानमा राखेर पर्याप्त रोजगारी सिर्जना गर्ने नीति बनाउन र अन्ध-निजीकरणको नीति बन्द गरी बन्द तथा रुग्ण उद्योगका श्रमिकका समस्या अविलम्ब हल गर्ने पक्षमा सरकारको ध्यान केन्द्रित गर्न खोजिएको छ ।

देश हिंसात्मक द्वन्द्वमा फसेको दशक बितेको छ । यस क्रममा हजारौं श्रमिकहरू कामबाट विस्थापित भएका छन् । र, परिवारको कमाइ गर्ने श्रमिक कामबाट विस्थापित हुँदा उनीहरूको सिङ्गो परिवारको बेहाल हुनुका साथै भोलिको नेपाली समाजको भविष्य उनीहरूका बालबच्चाहरूको शिक्षादीक्षामा समेत नराम्रो असर परेको छ । यस विषयमा ध्यान दिँदै द्वन्द्वपीडित र विस्थापित श्रमिकहरूलाई रोजगारीको व्यवस्थाको माग ट्रेड युनियनहरूले गरेका छन् भने यही द्वन्द्व र बेरोजगारीबाट वैदेशिक रोजगारीमा जान बाध्य भएका नेपाली श्रमिकहरूलाई उनीहरू कार्यरत रहेको देशमा नै नेपाली कूटनीतिक निकायबाट संरक्षण प्रदान गर्ने व्यवस्थाको समेत माग गरिएको छ ।

यी आधारभूत मागका साथमा ट्रेड युनियन महासङ्घहरूले औपचारिक र अनौपचारिक क्षेत्रलाई समेट्ने गरी १५ वटा क्षेत्रमा विभाजित गरी अन्य मागहरू अघि सारेका छन् ।

समयमै उक्त मागहरू पूरा गर्ने दिशामा सरकारले कुनै पहल नगरेमा वा चासो नदेखाएमा देशभरका सम्पूर्ण श्रमिकलाई आन्दोलनमा उत्रन आवश्यक तयारीमा रहनसमेत ट्रेड युनियन महासङ्घहरूले आह्वान गरेका छन् । यहाँनेर ट्रेड युनियन तथा श्रमिकहरू स्पष्ट हुनुपर्ने महत्त्वपूर्ण कुरा के हो भने लोकतन्त्रको अभावमा न श्रमको सम्मान हुन्छ, न श्रमिकको अधिकारको रक्षा नै ।

तर, यसो भनेर लोकतन्त्रको स्थापना भएपछि मात्र श्रमिकको मागलाई महत्त्व दिने सोच राखियो भने फेरि आमश्रमिकलाई लोकतान्त्रिक आन्दोलनमा आकर्षित गर्न र सशक्त ढङ्गले सहभागी गराउन सकिँदैन । यसर्थ, श्रमिक आन्दोलनलाई चालू लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्गको रूपमा निरन्तर अगाडि बढाउनु आजको एउटा अनिवार्य आवश्यकता हो । त्यसै गरी लोकतान्त्रिक आन्दोलनको मूलधारले पनि राष्ट्र निर्माणको आधारशीलाका रूपमा रहेका आमश्रमिकहरूको विषयलाई लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्गका रूपमा सम्बोधन गर्न सक्नुपर्दछ ।

## ट्रेड युनियनका आधारभूत मागहरू

**१. न्यूनतम पारिश्रमिकमा अविलम्ब वृद्धि,**
**२. एकीकृत सामाजिक सुरक्षा कोषको घोषणा,**
**३. प्रभावकारी श्रम निरीक्षण प्रणालीको व्यवस्था,**
**४. श्रमिकहरूको अधारभूत अधिकारको सुनिश्चितता,**
**५. महिला श्रमिकविरुद्धका भेदभावहरू अन्त्य,**
**६. श्रम र रोजगारीका क्षेत्रमा रहेका सबैखाले भेदभाव अन्त्य,**
**७. पर्याप्त तथा नयाँ रोजगारी सिर्जना अन्ध-निजीकरणको अन्त्य,**
**८. सामाजिक संवादको तहगत प्रक्रियाको सुरुवात,**
**९. हिंसात्मक द्वन्द्वबाट पीडित र विस्थापित श्रमिकहरूलाई रोजगारीको व्यवस्था,**
**१०. वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको संरक्षण ।**

■

# सत्ता संस्कृति र त्यसविरुद्धको संघर्ष

**' अमर गिरी**

राजनीतिक सत्ताको रक्षाका निम्ति तदनुकूलको संस्कृतिको निर्माण आवश्यक हुन्छ । त्यसैकारण हरेक सत्ताहरूले आफ्नो अनुकूलको संस्कृति निर्माणमा विशेष जोड दिन्छन् र त्यसका निम्ति आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्दै राज्यकोषसमेतको व्यवस्था गर्दछन् । त्यसप्रकारको संस्कृति निर्माण तथा त्यसको प्रचार-प्रसार गर्न राज्य मातहतका साधनहरूको व्यापक प्रयोग गरिन्छ भने गैरसरकारी आफू निकटका श्रव्यदृश्य माध्यमहरूलाई पनि उपयोग गर्दै जाने नीति अपनाइन्छ । शक्ति र पैसाका आधारमा राज्यले व्यापक रूपमा संस्कृति प्रचार-प्रसारका माध्यमहरूलाई आफ्नो प्रभावमा लिन्छ र त्यसलाई अघि बढाउँदछ । वास्तवमा संस्कृति यस्तो माध्यम हो, जसले राज्यसत्तालाई टिकाइराख्न बौद्धिक र आत्मिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नेपाली राज्यसत्ताले आफ्नो रक्षाका निम्ति शदियौँदेखि त्यसअनुरूपको संस्कृति निर्माणमा विशेष जोड दिँदै आएको छ। आधुनिक नेपालको निर्माणपछि मात्र होइन, अघि पनि विभाजित वा अविभाजित नेपालका शासकहरूले आफूअनुकूलको संस्कृति निर्माण र विकासमा विशेष ध्यान दिँदै आएका छन्। एकातिर उनीहरूले परम्परागत रूपमा चलेर आएको हिन्दू धर्मसंस्कृतिको संरक्षण र विकासमा विशेष जोड दिएको पाइन्छ भने अर्कातिर त्यसअनुसारको संस्कृति निर्माणमा विशेष भूमिका निर्वाह गरेको देखिन्छ। हरेक शासकहरूले आफ्नो शासनकालमा मठमन्दिरहरूको निर्माणमा विशेष जोड दिनु यसको अब्बल दर्जाको उदाहरण हो। पृथ्वीनारायण शाह र त्यसपछिका शासकहरूले यस कार्यलाई अझ तीव्रता दिएको पाइन्छ। राणाहरूको शासनावधिमा यस प्रकारको संस्कृति निर्माणले अझ बढी प्रश्रय पायो।

सामन्तवादी ढाँचाको राज्यको आधारभूत स्वरूपमा ००७ सालपछि पनि परिवर्तन आएन। आधा अधुरो लोकतन्त्र एक दशक बित्दा नबित्दै सकियो। सामन्तवादी आर्थिक, सामाजिक ढाँचाभित्र आएको लोकतन्त्रले यस अवधिमा लोकतान्त्रिक संस्कृतिको योजनाबद्ध निर्माण गर्न सकेन। मूलतः पुरानै संस्कृतिलाई संरक्षण गर्दै अघि बढ्ने नीति यस अवधिमा पनि देखियो। लोकतन्त्र भनिए पनि संस्कृति आमरूपमा सामन्तवादी नै रह्यो। निःसन्देह निरङ्कुशताविरुद्ध चलेको सङ्घर्ष, जहानियाँ शासनको पतन, लोकतन्त्रको स्थापना र विश्वको परिवर्तित परिस्थितिले नयाँ संस्कृतिको निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्यायो तर यो पुरानो सत्ता संस्कृतिलाई विस्थापित गर्ने गरी निर्णायक हुन सकेन।

पञ्चायती व्यवस्थाको कालखण्डमा संस्कृतिलाई सत्ताको संरक्षणका निम्ति प्रयोग गर्ने र तदनुकूलको संस्कृतिलाई प्रश्रय दिने विशेष नीति नै अघि बढाइयो। साहित्य, कला, सङ्गीत, सबैतिर पञ्चायतलाई दीर्घजीवी बनाउने उद्देश्यअनुरूप हस्तक्षेप गरियो। साहित्यिक, सांस्कृतिक संस्थान, साहित्यिक र समाचारपत्रहरू तथा राज्यका अन्य निकायहरूलाई त्यसअनुसारको संस्कृतिको निर्माण र प्रचार-प्रसारका निम्ति लगाइयो। *रेडियो नेपाल*बाट 'पञ्चै हो यो देश बनाइदेऊ' जस्ता गीतहरू बज्न सुरु गरे, राजाको प्रशंसामा कविताहरू कोरिन र विरुदावलीहरू लेखिन सुरु गरे। मूर्ति र चित्रमा सबैभन्दा बढी कुँदिए, सजिए राजा, राज्य नियन्त्रित पत्रपत्रिकाहरू पञ्चायतको यशोगानले भरिन थाले। 'हावा, पानी र माटो सुहाउँदो' व्यवस्थाका रूपमा पञ्चायतको प्रचार गर्न थालियो। पञ्चायतकालको गाथा गाउने र राजाको जयगान गर्ने स्रष्टाहरू विभिन्न पुरस्कारहरूले सम्मानित हुन थाले। विद्यालयका पाठ्यपुस्तक त्यसैअनुरूप तयार गरिए। जनताको नशानशामा यसप्रकारको संस्कृतिलाई घुसाउने विशेष प्रयत्न गरियो। प्रगतिशील, जनवादी संस्कृतिलाई व्यापक रूपमा दमन गरियो। पत्रपत्रिका र पुस्तकहरू जफत गरिए। कयौँ स्रष्टाहरू जेलनेल खप्न र भूमिगत रहन बाध्य भए। कयौँ स्रष्टाहरू निर्वासित भए। पञ्चायतको ३० वर्षको कालखण्ड पञ्चायती संस्कृतिको खेती गर्ने दृष्टिले कुख्यात रह्यो। सत्ता आफूलाई टिकाइराख्न अनुकूल संस्कृतिको निर्माणमा कति ज्यान फालेर लाग्छ भन्ने कुराको कुरूप दृष्टान्त हो, पञ्चायती कालखण्ड।

जतिसुकै प्रयत्न गरे पनि ०४६ सालको महान् जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गऱ्यो तर यो परिवर्तन पनि अपूर्ण नै रह्यो। आधारभूत परिवर्तन फेरि पनि हुन सकेन। पुरानो आधारभूत ढाँचामाथि अपूर्ण लोकतन्त्र विराजमान भयो। अपूर्णतालाई पूर्णता प्रदान गर्ने दिशामा क्रमशः अगाडि बढ्न सकिन्थ्यो, त्यो पनि हुन सकेन। सांस्कृतिक रूपमा पुरानोमाथि हस्तक्षेप गर्दै नयाँ निर्माण गर्ने दिशामा सार्थक प्रयत्नको मात्रा अत्यन्त न्यून रह्यो। घुमाइफिराइ पुरानै संस्कृतिको निर्माण र छाडा संस्कृतिलाई प्रश्रय दिने काम नै बढी भयो। राजनीतिमा जुन बेहाल देखियो, त्यसभन्दा अझ बेहाल देखियो संस्कृतिको। लोकतन्त्रलाई पूर्णतातिर डोऱ्याउन राजनीतिक र सांस्कृतिक हस्तक्षेपको मात्रालाई बढाउँदै लग्नु अत्यन्तै जरुरी थियो, यस अवधिमा। तर, हामी असफल भयौँ यसमा। राजनीतिक र सांस्कृतिक दुवै रूपमा चुक्यौँ हामी।

'असोज १८' र विशेषतः 'माघ १९' पछि राज्य आफूलाई टिकाउने संस्कृतिको निर्माणमा ज्यान फालेर लागेको छ। 'माघ १९' पछि राज्यले यस्तो संस्कृतिको निर्माणमा विशेष प्रयत्न गरिरहेको छ। अहिलेको संस्कृतिको मियो बनेका छन् राजा। विद्यालयका पाठ्यपुस्तकमा राजारानी र उनका परिवारका सदस्यहरूको तस्बिर राख्न सुरु गरिएको छ। सरकारी श्रव्यदृश्य माध्यमहरू सामन्ती नायक र सामन्तवादको जयगानमा विशेष ढङ्गले लागेका छन्। समाचारपत्रहरूदेखि साहित्यिक पत्रिकाहरूलाई यसैअनुरूप अघि बढाइएको छ। आफू मातहतका सङ्घ-संस्थाहरूलाई यस दिशामा योजनाबद्ध ढङ्गले काममा लगाइएको छ। राजा र उनको शासनलाई सघाउने, उचित ठहऱ्याउने र बचाइराख्ने उद्देश्यअनुरूप दोहोरी क्यासेटहरू उत्पादन गरिएका छन् र सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिएका छन्। धार्मिक कार्यक्रम, पूजा र कर्मकाण्डको अभूतपूर्व शृङ्खला सुरु गरिएको छ। यसका निम्ति राज्यकोषको व्यापक दुरूपयोग गरिँदैछ। निष्कर्षमा भन्ने हो भने वर्तमान सत्ता बलियो सांस्कृतिक किल्ला निर्माण गर्न विशेष प्रयत्नशील देखिएको छ। उसको निर्क्योल बलियो सांस्कृतिक किल्लाको निर्माण गरेर वर्तमान सत्तालाई जोगाउँदै अघि बढ्न सकिन्छ भन्ने रहेको देखिन्छ।

यसप्रकारको संस्कृतिका विरुद्ध जुध्नु र नयाँ संस्कृतिको निर्माणका निम्ति खट्नु यतिबेलाको महत्त्वपूर्ण दायित्व हो। चालू लोकतान्त्रिक आन्दोलनलाई बलियो बनाउन, आन्दोलनमा व्यापक जनसहभागिता जुटाउन, यसलाई निर्णायक बनाउन र टिकाइराख्न वर्तमान सत्ता संस्कृतिका विरुद्ध परिवर्तनकामी संस्कृतिलाई अघि बढाउन आवश्यक छ। लोकतन्त्रवादीहरूले यसप्रकारको संस्कृतिको निर्माणलाई प्राथमिकताको सूचीभित्र राखेर योजनाबद्ध ढङ्गले कामलाई अघि बढाउन आवश्यक छ। वर्तमान सत्ताको सांस्कृतिक कवचलाई छियाछिया पार्न तीखो सांस्कृतिक लडाइँको खाँचो छ। यस्तो लडाइँ लड्ने आधार पनि आज विद्यमान छ। पञ्चायतको जस्तो स्थिति आज छैन। लोकतन्त्रका निम्ति आन्तरिक र बाह्य परिस्थिति अनुकूल छ। चेतनाले ऐतिहासिक फड्को मारेको छ। नयाँ संस्कृतिको निर्माणमा अत्यन्त अनुकूल छ, वर्तमान परिस्थिति।

■

# मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर

**गोपीरमण उपाध्याय**

**० माओ त्सेतुङका बारेमा दुई–चार कुरा भन्न सकिन्छ कि ?**

माओ त्सेतुङ चिनियाँ सर्वहारा वर्ग तथा विश्व सर्वहारा वर्गका महान् नेता हुनुहुन्थ्यो। उहाँको जन्म चीनको हुनान प्रान्तमा सन् १८९३ मा भएको थियो। सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना गर्नुभयो। सन् १९२६ मा 'चिनियाँ समाजको वर्ग विश्लेषण' गर्दै अर्धसामन्ती तथा अर्धऔपनिवेशिक चरित्र भएको चिनियाँ समाजमा क्रान्तिको कार्यक्रम 'नयाँ जनवादी' हुन्छ भन्ने आधारमा आफ्ना सही विचारहरू प्रस्तुत गरेपछि चीनको कम्युनिस्ट पार्टीको सन् १९३५ को चुनई सम्मेलनपछि माओ त्सेतुङको नेतृत्व स्थापना भयो। सन् १९२७ मा प्रथम क्रान्तिकारी गृहयुद्धको काल, जापानी साम्राज्यवादविरोधी सङ्घर्ष लम्बे अभियान आदि चिनियाँ क्रान्तिका प्रत्येक चरणमा माओ त्सेतुङले चिनियाँ सर्वहाराको वर्गसङ्घर्षमा नेतृत्व प्रदान गर्नुभयो। सन् १९४० मा नयाँ जनवादी कार्यक्रमको रचना गर्नुभयो भने उहाँले दर्शनका क्षेत्रमा द्वन्द्वात्मक भौतिकवादको विवेचना गर्दै *'अन्तर्विरोधका बारेमा'* र *'व्यवहारका बारेमा'* नामक रचनाहरू लेख्नुभयो। उहाँले खासगरी कम्युनिस्ट पार्टीको सैन्य विज्ञान रणनीति र कार्यनीतिका बारेमा महत्त्वपूर्ण रचनाहरू लेख्नुभयो। उहाँकै नेतृत्वमा सन् १९४९ मा चीनको जनवादी क्रान्ति सम्पन्न भयो र त्यसको राष्ट्रप्रमुख हुनुभयो। चीनमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने सन्दर्भ माओ त्सेतुङ विचारधाराका रूपमा बुझिन्छ। चीनको समाजवादी निर्माणका निम्ति अमूल्य योगदान गर्नुका साथै अर्धसामन्ती-अर्धऔपनिवेशिक चरित्र भएका देशहरूमा क्रान्तिको कार्य, त्यसको नीति र कार्यनीतिको पनि सही समाधान प्रस्तुत गर्नुभयो। सन् १९७६ मा उहाँको निधन भयो।

**० पुष्पलालका बारेमा दुई–चार कुरा भन्न सकिन्छ कि ?**

- कमरेड पुष्पलाल नेपाली सर्वहारा श्रमजीवी वर्गका सच्चा नेता हुनुहुन्थ्यो। उहाँको जन्म विक्रम सम्वत् १९८१ मा रामेछाप जिल्लाको भँगेरी गाउँमा भएको थियो। विद्यार्थी जीवनमा नै राजनीतितर्फ उहाँको ध्यान आकर्षित भएको थियो। वि.सं. १९९७ मा राणाशासकहरूले आफ्ना दाजु गङ्गालालसहित चार जना सहिदहरूलाई मारेपछि उहाँ पूरा रूपले राजनीतिक काममा संलग्न हुनुभयो। ००५ सालमा 'अन्तर्राष्ट्रिय कम्युनिस्ट घोषणापत्रको' नेपाली भाषामा अनुवाद गर्नुभयो। त्यसको भूमिकामा नेपाली समाजको चरित्र निरूपण गर्दै त्यसको सही रूपमा मार्क्सवादी विश्लेषण प्रस्तुत गर्नुभयो। ००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्नुभयो। उहाँले जहिलेसुकै नेपाली कम्युनिस्ट पार्टीको स्थापना गर्नुभयो। उहाँले जहिलेसुकै नेपाली कम्युनिस्टभित्र दक्षिणपन्थी अवसरवादका विरुद्ध सङ्घर्ष गर्नुभयो। नेपाली समाजको वर्ग विश्लेषण गर्दै नेपालमा नयाँ जनवादी क्रान्तिको अपरिहार्यताबारे आफ्ना रचनाहरू प्रस्तुत गर्नुभयो। नेपालको इतिहासलाई ऐतिहासिक भौतिकवादका आधारमा विवेचना गर्ने उहाँ पहिलो नेपाली कम्युनिस्ट हुनुहुन्थ्यो। ०१७ सालमा प्रजातनत्रको हत्या भएपछि शाही अधिनायकवादी पञ्चायती व्यवस्थाका विरुद्ध संयुक्त जनआन्दोलनको अपरिहार्यताबारे बारम्बार कुरा उठाइरहनुभयो, जुन ०४६ सालको जनआन्दोलनपछि मात्र उक्त विचारले साकार रूप लिन पायो। अत्यन्त कठिन परिस्थितिमा जीवनयापन गर्दै वि.सं. ०३५ मा उहाँको निधन भयो। नेपाली कम्युनिस्ट आन्दोलनमा कमरेड पुष्पलालका योगदानको चर्चा गर्नुपर्दा-

(१) नेपाल कम्युनिस्ट पार्टीको संस्थापक,
(२) नेपाली क्रान्तिको रणनीति र कार्यनीतिक विज्ञानका वेत्ता,
(३) संयुक्त जनआन्दोलनका प्रणेता, र
(४) नेपालको इतिहासका मार्क्सवादी व्याख्याकारका रूपमा सदैव स्मरणीय हुनुहुन्छ।

**० कमरेड मदन भण्डारीका बारेमा दुई–चार कुरा भन्न सकिन्छ कि ?**

कमरेड मदन भण्डारी नेपाली कम्युनिस्ट आन्दोलनका दोस्रो पुस्ताका नेताहरूमध्ये सबभन्दा प्रखर र गतिशील नेता हुनुहुन्थ्यो। उहाँको जन्म वि.सं. २००९ मा ताप्लेजुङ जिल्लाको ढुङ्गेसाँघु भन्ने गाउँमा भएको थियो। उहाँले संस्कृत भाषामा उच्चशिक्षा आर्जन गर्नुभएको थियो। विद्यार्थी जीवनदेखि नै राजनीतिमा आकर्षित हुनुभएको हुनाले ०३० सालमा नेपाली जनवादी सांस्कृतिक सङ्घको केन्द्रीय सदस्य हुनुभयो। ०४६ सालमा नेकपा (माले) को चौथो महाधिवेशनपछि त्यस पार्टीको नेता हुनुभयो। ०४६ सालको जनआन्दोलनमा कम्युनिस्टलाई आन्दोलनको प्रमुख शक्तिका रूपमा स्थापित गराउनुमा उहाँको महत्त्वपूर्ण भूमिका थियो। सोभियत सङ्घ र पूर्वी युरोपमा समाजवादले एकपछि अर्को गरेर धक्का खाँदै गएपछि कम्युनिस्ट आन्दोलन रक्षात्मक स्थितिमा पुग्न बाध्य हुनुपऱ्यो। त्यसबाट सही शिक्षा प्राप्त गर्दै नेपाली कम्युनिस्ट आन्दोलनको महान् परम्परा भनेको राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको एकीकृत तथा समष्टिगत आन्दोलनको परम्परा हो भन्ने निष्कर्षका आधारमा जनताको बहुदलीय जनवादको नयाँ विचार प्रस्तुत गर्नुभयो। जुन कार्यक्रम नेपाली क्रान्तिको व्यवहारमा विकसित सिद्धान्तका रूपमा ०४९ को पाँचौं राष्ट्रिय महाधिवेशनले अनुमोदन गऱ्यो। ०५० जेठ ३ गते प्रतिक्रियावादीहरूको षड्यन्त्रले गर्दा दासढुङ्गामा रहस्यपूर्ण ढङ्गबाट उहाँको निधन भयो। कमरेड मदन भण्डारीलाई निम्न कुराहरूका निम्ति सदैव स्मरण गरिनेछ :

(१) नेपाली कम्युनिस्ट आन्दोलनको राष्ट्रियताको सङ्घर्षमा उहाँले दिनुभएको योगदान,

(२) जनताको बहुदलीय जनवादको सैद्धान्तिक कार्यक्रम ।   - *समाप्त*

# देशद्रोहीकी आमा

## म्याक्सिम गोर्की

आमाहरूका बारेमा अनन्त कथा भन्न सकिन्छ ।

केही सातादेखि शत्रुसेनाको घेराउमा परेको थियो सहर; राती आगो बालिन्थ्यो, अग्निज्वालाले कालो अन्धकार छिचोल्दै सहरको पर्खालतिर हजारौँ रक्तिम नयनले जस्तै हेरिरहेको हुन्थ्यो । यी ज्वालाहरू देखेर मनमा घृणा उत्पन्न हुन्थ्यो र तिनका भीषण चम्काइका कारण चक्रव्यूहमा परेको त्यस सहरमा विषाक्त विचार फैलिन्थ्यो ।

पर्खालबाट शत्रुसेनाको फन्दा झन्झन् कसिँदै गएको देखिन्थ्यो । आगोको चारैतिर शत्रुछायाको चमक देखिन्थ्यो, अघाएर सन्तुष्ट भएका घोडाहरूको हिनहिनाहट, हतियारहरूको झङ्कार र विजयमा विश्वस्त मानिसहरूको हर्षपूर्ण गीतहरू सुनिन्थे । यसरी शत्रुको हाँसो र गीत सुन्नुभन्दा पीडादायक अरू के हुनसक्छ र ?

युद्धबाट थाकेका र अर्धभोका सिपाहीहरूको एउटा असन्तुष्ट टोली सहरका जीर्ण सडकहरूतर्फ कदम बढाइरहेका थिए; घरका झ्यालहरूबाट घाइतेहरूको क्रन्दन, विरही आवाजहरू, महिलाका प्रार्थनाहरू एवम् बाल-बालिकाहरूको रुवाई सुनिँदै थियो । मानिसहरू एकअर्कासँग कानाखुसी गर्थे, बोल्दाबोल्दै एकाएक मौन हुन्थे र जतिखेर पनि शत्रुको आक्रमण त भएन भनेर होसियार रहन्थे ।

सुनसान रातमा पीडादायी क्रन्दन अझ स्पष्ट सुनिने भएकाले रात्रिजीवन झन् असैह्य बन्थ्यो । टाढाका पर्वत शृङ्खलाबाट काला छायाहरू शत्रु शिविरका सैनिकहरूलाई लुकाउँदै अर्धनष्ट पर्खालतिर आइरहेका थिए अनि पर्वत-शृङ्खलाका काला चुचुराहरूमाथिबाट तरबारको आघातमा छिन्नभिन्न ढालजस्तै रूप लिएर जून उदाइरहेको थियो । प्रत्येक दिन असहाय र निरास मानिसहरू श्रम र भोकबाट व्याकुल हुँदै गएका थिए । दिनहुँ मुक्तिको आशा घट्दै गइरहेको थियो र अत्तालिएका नागरिकहरू उक्त जून, तीक्षण चुचुराहरू, शृङ्खलाका कालाकाला अनुहार र कोलाहलपूर्ण शत्रु-शिविरतिर हेरिरहेका थिए । हरेक वस्तुबाट उनीहरूलाई मृत्युको आभास आइरहेको थियो र उनीहरूलाई ढाडस दिनका लागि आकाशमा एउटा तारा पनि थिएन ।

नागरिकहरू आफ्नो घरमा बत्ती बाल्नसमेत डराउँथे र सहरका सडकहरू घना अँध्यारोले छोपिएका थिए र नदीको गहिराइमा चक्कर लगाइरहेको माछाजस्तै एउटी महिला सर्वाङ्ग कालो वस्त्र लगाएर निःशब्द हिँडिरहेकी थिई ।

उसलाई देखेर मानिसहरू एकअर्कासँग कानेखुसी गर्न थाले ।

- यो त्यही हो त ?

- अँ, त्यही हो ।

यस्तो संवादपछि केही मानिस फाटकको पल्लामा लुक्न पुगे र कोही निःशब्द त्यो महिलाको छेउबाटै आफ्नो बाटो लागे । गस्तीमा हिँडिरहेको एउटा सेना प्रमुखले त्यस महिलालाई कडा शब्दमा हकार्‍यो :

- तपाईं फेरि बाहिर आउनुभयो, मोन्ना मरिआन्ना ? सावधान हुनु, सम्भव छ कसैले तपाईंलाई मारोस् अनि कसैले पनि त्यस हत्याराको खोजी गर्ने प्रयत्नसमेत नगरोस् ।

ऊ समालिएर उभिरही तर गस्तीका सिपाहीहरू त्यहाँबाट हिँडे । तिनीहरू त्यस महिलामाथि या त हात उठाउने हिम्मत गर्दैन थिए या उनीहरूलाई अत्यन्त घृणा गर्थे । सशस्त्र सैनिक उसलाई प्रेतात्मा ठानेर तर्सिन्थे, अँध्यारोमा ऊ एक्लै हुन्थी र एउटा सडकबाट अर्को सडकमा घुमिरहन्थी । निःशब्द हिँडिरहने यो कृष्णवस्त्रधारिणी महिला सहरमा अपशकुनको प्रतिमा जस्तै थिई, उसको चारैतिरबाट आर्तनादहरूले पछ्याइरहेजस्तै । उसको कर्णपटमा पीडादायी चिच्याहट, रोदन-क्रन्दन, प्रार्थना र पराजित मनस्थितिमा सिपाहीहरूको पागल प्रलापहरू बजिरहन्थे ।

एक नागरिक र एउटी आमाको नाताले ऊ आफ्नो छोरा र देशका बारेमा चिन्तन गरिरहेकी थिई : किनकि सहर ध्वँस गर्ने सेनाको नायक व्यक्ति उसकै प्रसन्न चित्त भएको सुन्दर तर हृदयहीन छोरो थियो । त्यही पनि केही दिनअगाडि उसले आफ्नो छोरालाई गर्वका दृष्टिले हेर्ने गर्थी, उसलाई देशका लागि एउटा मूल्यवान उपहार ठान्थी र के पनि ठान्थी भने जुन सहरमा उसको जन्म भयो, जहाँ उसले पुत्र प्राप्त गरी र उसको पालनपोषण गरी त्यस सहरवासीहरूको सहायताका लागि उसले आफ्नो पुत्रका रूपमा एक महत्त्वपूर्ण शक्ति उपलब्ध गराएकी छ । उसको हृदय हजारौं अदृश्य सूत्रबाट ती प्राचीन प्रस्तरहरूसँग गाँसिएका थिए, जसबाट उसका पूर्वजहरूले त्यस सहरमा गृहनिर्माण मात्र होइन, सहरको रक्षा गर्ने पर्खाल पनि बनाएका थिए । त्यही भूमिसँग उसको साइनो थियो, जसमा उसका सङ्गी-सङ्गातिहरूको अस्थी राखिएको थियो र ऊ त्यहींको लोकगाथा, लोकगीत तथा लोकआशासँग सम्बद्ध थियो । तर, यतिखेर यस हृदयले आफ्नो प्रिय पुत्रलाई गुमाएको थियो र यही कारण ऊ रोइरहेकी थिई । तराजुले जस्तै आफ्नो हृदयमा उसले पुत्रप्रेम र देशप्रेमलाई तौलिरहेकी थिई, यस तौलाइमा दुईमध्ये कुन बढी भारी छ, ठम्याउन उसलाई गाह्रो भइरहेको थियो ।

अनि, यसरी नै ऊ रात्रिकालीन सडकहरूमा भौतारिरहेकी हुन्थी र धेरै मानिसहरू उसलाई नचिनी आफ्नो मृत्युको प्रतीक कालो छायाँ ठानेर तर्सिन्थे र चिनेपछि निःशब्द त्यो देशद्रोहीकी आमाको समीपबाट ढाटिन्थे ।

तर एक दिन नगररक्षक पर्खालबाट टाढा एउटा कुनामा घुँडा टेकेर एउटा शव कुरिरहेकी अर्की महिलालाई उसले देखी । घुँडा टेकेर ऊ यति मौन बसिरहेकी थिई, मानौं ऊ धर्तीमै सामाहित भइसकेकी छ । पीडापूर्ण अनुहारले ताराहरू हेर्दै ऊ प्रार्थना

गरिरहेकी थिई । पर्खालमाथिबाट सुरक्षाकर्मीहरू सुस्त आवाजमा बोलिरहेका थिए, प्रस्तरमा घिस्रिएर तिनका हतियारहरूबाट एक किसिमको कर्कश ध्वनि निस्किरहेको थियो ।

देशद्रोहीकी आमाले सोधी :

- लोग्ने हो ?

- होइन ।

- भाइ ?

- छोरा । तीस दिनअगाडि लोग्नै मारिए, योचाहिँ आज ।

घुँडा टेक्दै उठेर मृतककी आमाले विनम्रभावमा भनी : 'मदोन्नाले सबै देखेकी छन्, सबै थाहा छ उनलाई । म उनीप्रति कृतज्ञ छु ।'

- केका लागि ? पहिली महिलाले सोधी । अर्कीले उत्तर दिई : 'यस घडी जुनबेला मेरो छोराले आफ्नो मातृभूमिका लागि युद्धमैदानमा वीरगति प्राप्त गरेको छ, म के भन्न सक्छु भने म उसका कारण त्रसित थिएँ : उसको हृदय धेरै चञ्चल थियो, ऊ सुखशयलपूर्ण जिन्दगी भनेपछि हुरुक्क हुन्थ्यो र मलाई के कुरामा डर थियो भने कतै उसले मरिआन्नाको छोराजस्तै ईश्वर तथा मानवजातिको त्यस शत्रुसरह, हाम्रो शत्रु नेताले जस्तै, आफ्नो सहरसँग विश्वासघात नगरोस् । धिक्कार छ त्यस देशद्रोहीलाई र त्यसलाई जन्मदिने कोखलाई !'

मरिआन्नाले आफ्नो अनुहार ढाकी र त्यहाँबाट हिँडी । अर्को दिन प्रातःकालमा ऊ नगररक्षकसमीप पुगी र बोली : 'मेरो छोरा तिम्रो शत्रु बनेको छ । अब कि त मलाई मारिदेऊ, होइन भने नगरद्वार खोलिदेऊ, ताकि म उसकहाँ जान सकूँ ...'

उसले जवाफ दियो :

'तिमी मनुष्य हौ र तिम्रा लागि आफ्नो मातृभूमि सर्वोपरी हुनुपर्थ्यो, तिम्रो छोरो तिम्रा लागि पनि त्यतिकै शत्रु हो, जति हामीमध्ये हरेकका लागि छ ।'

- म उसकी आमा हुँ । म उसलाई माया गर्छु र स्वीकार गर्छु कि ऊ मेरै दोषका कारण यस्तो बनेको हो ।

यो सुनेर नगररक्षकहरूले एक-अर्कासँग सरसल्लाह गरेर भने : 'छोराको पापकर्मका लागि तिमीलाई मार्नु ठीक हुन्न । हामीलाई थाहा छ- तिमीले उसलाई यस्तो महापाप गर्ने सल्लाह कहिल्यै पनि दिइनौ र हामीलाई तिमी साह्रै दुःखी भएको कुरा पनि थाहा छ । तर सहरलाई बन्धकका रूपमा पनि तिम्रो शरीरको आवश्यकता छैन, तिम्रो छोरालाई तिम्राबारे कुनै पीर छैन, हाम्रो विचारमा त्यो राक्षसले तिमीलाई बिर्सी पनि सकेको छ र यो नै तिम्रा लागि हदैसम्मको सजाय हो । हामी ठान्छौँ- यो सजाय मृत्युभन्दा भीषण छ ।'

- सत्य हो, उसले भनी । - यो साँच्चै नै बढी भीषण छ ।

उनीहरूले द्वार खोलिदिए र उसले सहरबाट बिदा लिई ।

पर्खालबाट नगर-रक्षकहरूले उसलाई उसकै छोराले रक्ताम्य पारेको मातृभूमिसँग बिदा भएको हेरे । ऊ विस्तारै विस्तारै हिँडिरहेकी थिई किनभने उसका कदमहरूले यस पावनभूमिलाई त्याग्न अप्ठ्यारो मानिरहेका थिए । नगररक्षकका शवहरूलाई उसले निहुरेर प्रणाम गरी र टुक्रिएका शस्त्रहरूलाई घृणाभावले हेरी, किनकि जीवनरक्षक शस्त्रहरूबाहेक सारा शस्त्र आमाहरूका लागि घृणित हुन्छन् ।

ऊ यसरी हिँडिरहेकी थिई मानौँ खास्टोभित्र लुकाएर महँगो पानीको शिशी लगिरहेकी छ, जसबाट एक-दुई थोपा झर्छ कि भनेर उसलाई भय भइरहेको छ । नगररक्षक पर्खालबाट उसलाई हेर्नेहरूका लागि उसको छायाँ जति पनि सानो हुँदै गएको देखिँदै थियो, त्यति त्यति उनीहरूलाई त्यस महिलासँगै उसका निराशा र निरीहपन पनि गइरहेको अनुभूति भइरहेको थियो ।

उनीहरूले उसलाई बीच सडकमा रोकिएको देखे, उसले आफ्नो शिरको वस्त्रलाई पछाडि फ्याँकी र फर्केर धेरै बेरसम्म सहरतिर दृष्टि दिई । शत्रु-शिविरको मैदानमा ऊ एक्लै देखिएकी थिई । अनि, ऊ जस्तै कालो कालो छायाँ होसियारीका साथ विस्तारै विस्तारै उसको समीप आयो । त्यस छायाँले उसलाई को हो, कहाँ हिँडेको भनेर सोध्यो ।

- तिमेरको नेता मेरो छोरा हो, उसले भनी र यसमा कुनै सिपाहीलाई पनि शङ्का भएन । ऊसँग हिँड्दै-हिँड्दै तिनीहरूले उसको छोराको गौरवगाथा गाउन थाले, उसको चतुरता र वीरताको प्रशंसा गर्न थाले । अभिमानका साथ शिर ठाडो पार्दै उसले यी प्रशंसाहरू सुनिरही, उसले किञ्चित पनि आश्चर्य प्रकट गरिन, किनभने उसको छोरो योभन्दा अर्को हुनसक्ने कुरै थिएन ।

र, यस समय ऊ अन्तमा त्यस व्यक्तिका अगाडि उभिएकी थिई, जसलाई उसले गर्भैदेखि चिन्दथी, जसलाई उसले आफ्नो हृदयबाट कहिल्यै भिन्न ठानिन । रेशमी तथा मखमली वस्त्र लगाएको त्यो व्यक्ति उसका अगाडि उभिएको थियो, उसका शस्त्रहरू रत्नजडित थिए । सबै कुरा त्यस्तै थियो, जस्तो हुनु आवश्यक थियो । आमाले कैयौँपटक सपनामा उसको यो सम्पन्न, प्रसिद्ध र प्रशंसनीय रूपलाई देखेकी थिई ।

- आमा ! आमाको हातमा चुम्बन गर्दै उसले भन्यो- तिमी मेरा समीप आयौ ।

आखिर तिमीले मलाई चिन्यौ, अब म भोलि नै त्यस श्रापित सहरमाथि विजय प्राप्त गर्नेछु ।

- अँ, त्यही सहर, जहाँ तिम्रो जन्म भएको थियो, आमाले सम्झना गराई ।

आफ्नो शक्तिबाट बेहोसी भएको घमण्डी छोराले जवानीको जोसिलो उदण्डता देखाउँदै जवाफ दियो : 'म यस संसारमा विश्व हाँक्न जन्मेको हुँ र मेरो चाहना छ- सारा संसार मेरो अद्भुत शक्तिबाट थर्कमान होस् ! आजसम्म मैले यस सहरलाई चकनाचुर पारिन, मात्र तिम्रो कारणले गर्दा । मेरो पाइतालामा यो काँडाजस्तै बिझिरहेको छ र मेरो तीव्र प्रगतिको मार्गमा एउटा तगारो बनेर उभिएको छ !'

- जहाँका प्रत्येक प्रस्तरले तिमीलाई एउटा बालकको रूपमा चिन्दछ र स्मरण गर्छ, आमाले भनी ।

- प्रस्तर त्यसबेलासम्म लाटो हुन्छ, जबसम्म मानिसले त्यसलाई बोली दिँदैन । पहाडले मेरो गौरव-गीत गाओस्, यही छ मेरो चाहना !

- अनि मनुष्यका बारेमा ?, आमाले सोधी ।

- हो, आमा, मैले तिनीहरूलाई बिर्सेको छुइन । मलाई तिनीहरूको पनि आवश्यकता छ, किनकि मनुष्यको स्मृतिमा नै वीर अमर बन्दछ ।

आमाले भनी :

'वीर त्यही हो, जसले मृत्युको सामना गर्दै जीवनको निर्माण गर्दछ, जसले मृत्युमाथि विजय प्राप्त गर्दछ ...'

- त्यसो होइन !, छोराले प्रतिवाद गर्‍यो । - नगरसंहारकको गौरव त्यति नै महान् छ जति कि नगरनिर्माताको । नपत्याए हेर, हामीलाई रोमको निर्माण कसले गर्‍यो थाहा छैन- एनिअसले वा रोमुलसले तर हामीलाई अलारिक र ती अन्य वीरहरूको नाम राम्ररी थाहा छ, जसले रोमलाई चकनाचुर पारेका थिए तर रोमको नाम चिरस्थायी रह्यो, आमाले स्मरण गराई ।

यसरी दुवै सूर्यास्तसम्म कुराकानी गरिरहे; आमाले उसको उदण्ड भाषणको क्रमशः कम प्रतिरोध गर्दै गई र उसको गौरवशाली शिर बिस्तारै-बिस्तारै झुक्दै गयो ।

आमा निर्माण गर्छे, रक्षा गर्छे । उसका अगाडि ध्वँसको कुरा गर्नु उसका विरुद्ध बोल्नु हो तर छोरोलाई यो कुरा थाहै थिएन । जीवनदात्री आमालाई निषेध गरिरहेको कुरा उसलाई थाहा नै थिएन ।

आमा सदा मृत्युका विरुद्ध हुन्छे । जुन हातले मानिसको घरमा मृत्युलाई बोलाएर ल्याउँछ, त्यो हात आमाका लागि तिरस्कारपूर्ण र घृणित हुन्छ तर छोराले यस तथ्यलाई बुझ्न सकेन, किनकि चिसो आत्मगौरवले हृदयहीन भएर ऊ अन्धो भइसकेको थियो ।

उसलाई यो पनि थाहा थिएन- आमा जति निर्भय हुन्छे त्यति नै आफैँद्वारा सिर्जना र पालन गरिएको जीवनमा खतरा आइपर्दा चतुर र कठोर पनि हुन सक्छे ।

शिर निहुराएर बसिरहेकी आमाले शत्रु नेताको वैभवशाली शिविरको खुला भागबाट त्यस सारलाई हेरिरहेकी थिई, जहाँ उसलाई गर्भाधान र प्रसववेदनाको प्रथम अनुभव भएको थियो । र, जसलाई जसले जन्म दिई, त्यही उसको प्रिय पात्र आज विध्वंसका लागि पागल भइरहेको थियो ।

सूर्यका बैजनी किरणहरूबाट सहरका पर्खाल र धरहराहरू रक्तिम भएका थिए र झ्यालका ऐनाहरूमा यस्तो अशुभ चमक फैलिएको थियो, जसका कारण सारा सहर क्षत-विक्षत शरीरजस्तो देखिन थाल्यो, जसको प्रत्येक गहिरो घाउबाट जीवनको रक्तधार बगिरहेको थियो । हेर्दाहेर्दै सहर शवजस्तै कालो भयो । सहरमाथि असङ्ख्य तारागण अन्त्येष्टिकालीन मोमबत्तीहरू जस्तै चम्किरहेका थिए । उसले शत्रुको ध्यान नतानियोस् भनेर आगो बाल्न पनि डराइरहेका ती अँध्यारा घरहरू देखी, उसले ती सडकहरू पनि देखी, जहाँ लासको दुर्गन्ध बोकेर अँध्यारो फैलिएको थियो । मृत्युको प्रतीक्षामा जिन्दगीका अन्तिम पलहरू बिताइरहेका मानिसहरूको धीमा स्वर पनि उसले सुनी- उसले यो सबै देखी, उसका लागि जे-जति आफ्ना तथा प्रिय थिए ती सब उसका अगाडि निर्णायक प्रतीक्षामा निःशब्द उभिरहेका थिए र उसको मनमा यस्तो भाव उत्पन्न भयो, मानौँ ऊ नगरवासी सबैकी आमा हो ।

कालो पर्वत-शिखरबाट एक हुल बादल घाटीमा ओर्लेर आयो र त्यसले मृत्युपूर्वको सहरमाथि बायुपँखी घोडाजस्तै झम्टियो । - हामी सम्भवतः रात नसिद्धिँदै हमला गर्नेछौँ, छोराले भन्यो- रात महाअन्धकारमा गएको समय पारेर ! घाम लागेका बेला आँखा तिरमिराउँछन् र शस्त्रहरूको चमकले सिपाहीहरू अन्धाजस्तै हुन्छन्, यस्तो बेला धेरै प्रहारहरू निस्फल हुन्छन्, आफ्नो तरबार हेर्दै उसले भन्यो ।

आमाले उसलाई भनी : 'आऊ मेरो बाबु, मेरो छातीमा शिर अड्याएर वाल्यकालको खुसी र दयालुपनको स्मरण गर्दै आराम गर, स्मरण गर कसरी तिमीलाई सबैले माया गर्ने गर्थे...।

छोराले आमाको कुरा मान्यो र आफ्नो शिरलाई उसको काखमा राखेर आँखा चिम्लिँदै भन्यो :

'म यश-कीर्तिलाई मात्र माया गर्छु र तिमीलाई यसकारणले माया गर्छु कि तिमीले मजस्तोलाई जन्मायौ ।'

- अनि तिमीले नारीहरूलाई माया गर्दैनौ ?, उसको मुहारमा निहुरिँदै आमाले सोधी ।

- तिनीहरूको के कमी छ र ? तिनीहरूबाट त्यसरी नै वाक्क हुइन्छ, जसरी धेरै मीठो वस्तुबाट ।

- अनि तिमीलाई आफ्ना नानीहरू हुन् भन्ने लाग्दैन ?, आमाले अन्तमा सोधी ।

- किन चाहियो ? उनीहरू मारिऊन् भनेर ? मैले जस्तै तिनीहरूलाई कसैले मार्नेछ; यसबाट मलाई ठूलो चोट पुग्नेछ । त्यसबेलासम्म म यति बृद्ध र कमजोर भइसकेकी हुनेछु कि मैले तिनीहरूको मृत्युको बदला लिन असमर्थ हुनेछु ।

- तिमी सुन्दर छौ तर बञ्जर पनि, चट्याङ जस्तै, आहभरि स्वरमा उसले भनी । उसले मुस्कुराउँदै जवाफ दियो :

- हो, चट्याङजस्तै ...

अनि आमाको छातीमा सानो बालकजस्तै सुस्तायो ।

आमाले छोरालाई आफ्नो कालो खास्टोले ढाकी र उसको मुटुमा छुरा धसी, थरर काम्दै उसले तत्क्षणै प्राण त्याग गर्‍यो । साँच्चै हो, उसलाई आफ्नो छोराको मुटु कहाँ धड्किन्छ राम्ररी थाहा थियो । अनि, आफ्नो काखबाट आश्चर्यचकित भएका सिपाहीहरूको पयरमा शवलाई फ्याँकेर उसले सहरतर्फ सङ्केत गर्दै भनी :

'मनुष्यका रूपमा मैले मातृभूमिका लागि जे सम्भव थियो गरेँ, आमाका रूपमा म आफ्नै छोरासँग छु । अर्को युग जन्माउने मेरो उमेर गइसक्यो, मेरो जीवन कसैलाई आवश्यक छैन ।'

यति भनेर बलिष्ठ हातले उसले अझै तातो रहेको आफ्नै छोरा-आफ्नो रगतले लतपतिएको छुरा आफ्नै छातीमा रोपी- यसपटक पनि ऊ लक्ष्यमा चुकिन- दुखेको मुटुमा निसाना साँध्न सजिलो हुन्छ ।

*अनुवाद : डा. जङ्‌ब चौहान*

# आधा घण्टाका जीवन-गुरु

**' मोदनाथ प्रश्रित**

कुनै गाउँ या ठाउँको नाम कुनै पुराना ऋषिमुनि या देवीदेवतासँग मिल्दोजुल्दो पाइयो भने त्यससँग ऋषि या देवताको नाता जोडिहाल्ने बानी भारत र नेपालका कतिपय पण्डितहरूमा निकै बढ्दो छ । संजोगले एक-दुई कुरा मिल्नासाथ उनीहरू पुराणका दुई-चार श्लोक तानतून पारी त्यसलाई सही सावित गर्न कसरत सुरु गरिहाल्छन् । यस्ता कुरामा सत्यको अंश कति हुन्छ, गम्भीर रूपले सोच्नु आवश्यक छ ।

खिदिमको पूर्वपट्टि पणेना भन्ने गाउँ छ । यो गाउँ महाभारत पर्वत-शृङ्खलाको उत्तरी पाखामा पर्छ । त्यसभन्दा माथि शिखरमा घना जङ्गलका बीच दह भन्ने ठाउँ छ र त्यहाँ सिद्धेश्वर महादेवको थान छ । त्यसको केही कोश पश्चिममा नर्पानी भन्ने डाँडो छ र नर्पानीको दखिनतिरबाट बाणगङ्गा भन्ने सानो नदी निस्की कपिलवस्तु जिल्लातिर जान्छ ।

पणेनाका शालिग्राम पोखरेलले यही पणेना गाउँ नै संस्कृत व्याकरणका प्रसिद्ध स्रष्टा पाणिनि मुनिको तपोभूमि हो भनी लख काट्नुभो र केही विद्यार्थी तथा काशीका पण्डितहरूको सहयोगले 'पाणिनि तपाभूमि' भन्ने किताब तयार पार्नुभयो ।

'कुनै कारणले खिन्न भएका पाणिनि तपस्या गर्न हिमालयतिर गएर महादेवबाट बरदान पाई व्याकरण रचे' भन्ने कथा पनि पुराणमा छ । उहाँले, पाणिनिले बरदान पाई काम सिद्ध गरेको हुनाले नै दहका महादेवको नाम सिद्धेश्वर रहेको हो भन्ने तर्क त्यसमा गाँस्नुभयो ।

'रावणले तपस्या गर्दा खुसी भई शिवले नाचेर बरदान दिए' भन्ने र 'रावणले वाणले हानेर नदी निकाले' भन्ने कथा पनि पुराणमा छ । शालिग्रामले रावणको तपोभूमि र शिव नाचेको नर्तनाचल नै नर्पानी हो र रावणले वाण हानी निकालेको यही नदी वाणगङ्गा हो भन्ने प्रसङ्ग पनि त्यस किताबमा जोड्नुभएको छ । त्यस पुस्तकमा कुरा कतिसम्म सही छ, पछि हुने खोजहरूले प्रमाणित गर्नेछन् ।

जे होस्, त्यो पुस्तक छापिएपछि उहाँमा पाणिनिको तपोभूमिमा पाणिनि संस्कृत विश्वविद्यालयको स्थापना हुनुपर्छ भन्ने धुन चढ्न थाल्यो । उहाँ काशीमा बस्ने हुनाले त्यहाँको संस्कृत विश्व-विद्यालय र मदनमोहन मालवीयले स्थापना गरेको हिन्दू विश्व-विद्यालयबाट निकै प्रभावित भएर नै 'पाणिनि विश्वविद्यालय' को कल्पनामा पुगेको हुनुपर्छ ।

२०१८ सालतिर शालिग्रामजी र म बनारसमा एउटै घरमा बस्यौँ । उहाँ रेलवेको सीसीएस, अफिसमा सानो नोकरी गर्नुहुन्थ्यो । त्यस विश्वविद्यालयको धुन उहाँमा कस्तो चढेको थियो भने जतिखेर भेट भए पनि प्रसङ्ग त्यसैको छेड्नुहुन्थ्यो । मैले आयुर्वेद पढ्न लागेको देख्दा उहाँ अर्को कल्पना जोड्नुहुन्थ्यो, त्यहाँ एउटा भव्य आयुर्वेदिक निर्माणशाला र अस्पताल पनि हुनुपर्छ । त्यसबाहेक गौशाला, यज्ञशाला, पुस्तकालय आदि आदि । अनेकौं कल्पना थिए उहाँका ।

त्यसैताक भैरहवामा राजा महेन्द्र आउने खबरका साथै त्यसैबेला राजालाई एउटा अभिनन्दन पत्र चढाउने र पाणिनि विश्वविद्यालयको माग गर्ने कल्पना बोकेर उहाँ बनारस पुग्नुभयो । अनि मलाई खूब फूलबुट्टा भरेर आफ्नो कवित्व र पाण्डित्याइँको योग्यता झलकाई अभिनन्दन पत्र लेख्न भन्नुभो । उहाँ त्यसताक मलाई- 'बुझ्नुभो, त्यस विश्वविद्यालयको उपकुलपति म तपाईंलाई नै बनाउने विचारमा छु' भनी मेरो पीठ थप्थपाउनुहुन्थ्यो । गधापच्चीसीको कारणले ममा पनि कताकता त्यस कुराले फुर्त्याहट आइहाल्थ्यो ।

'वाह ! राजाको हातमा टक्राइने अभिनन्दन पत्र मैले लेख्न पाउनु, त्यो पनि विश्वविद्यालयको माग गरेर' म खुसीले गजक्क परेँ । कल्पनाको आकाशमा उडेर र अतिशयोक्तिमा डुबाएर लेखिने थुप्रै अभिनन्दन पत्रका नमुनाहरू पढिसकेको थिएँ । म पनि नेपालीमा अभिनन्दनपत्रको नयाँ कीर्तिमान स्थापना गर्छु भन्ने अठोटले कसिएँ । दुई दिन घुँडा धसेर शार्दूलविक्रीडित छन्दमा शब्दहरू चुनीचुनी, अलङ्कारहरू छानीछानी सजाउन थालेँ । म दुनियाँभरको लालित्य त्यसैमा खन्याउन चाहन्थेँ र आफ्नो भएभरको सीप त्यसैमा घोप्टाउन चाहन्थेँ । म चाहन्थेँ, त्यसमा राजाको प्रशंसा र गुणको यति धेरै बखान होस्, जति आजसम्मका कुनै कविले गर्न सकेका छैनन् ।

अहिले मसँग त्यस अभिनन्दन पत्रको नमुना छैन र त्यसको एउटा पङ्क्ति पनि सम्झनामा छैन । तर केही सम्झेअनुसार त्यसमा यस प्रकारको भाव थियो- 'जसको पाउका टल्कने नङहरूमा संसारका राजाहरूले ऐना हेर्छन् र आफ्ना मुकुटका मणिहरूले तिनको चमकलाई दुई गुना पार्छन्, जसका अनुहारको तेज देख्दा सूर्य र चन्द्र पनि लाजले बादलमा लुक्छन्, जसको नाम मात्र सुन्दा पनि शत्रु राजाका रमणीहरूका गर्भहरू तुहुन्छन्, जसका वैभवका सामु इन्द्र र कुवेरहरू पनि झोली पसार्न योग्य छन्, संसारको मुकुटजस्तो नेपालमा विश्वका चक्रवर्तीझैं विराजमान हुने महाराजाधिराजको जय होस् । त्यस्ता सारा गुण, वैभव र कीर्तिले सुसम्पन्न राजाको यशलाई अझ चम्काउने विश्वविद्यालयको हाम्रो माग पूरा होस्' आदि ।

अभिनन्दनका श्लोकहरू सुनेर शालिग्रामजी खुसीले गद्गद् हुँदै भन्नुभो-'हो, मैले तपाईंको यही योग्यता देखेर नै उपकुलपति बनाउने कुरा सोचेको हूँ ।' मैले आफूलाई तीन हात अग्लो भएको अनुभव गरेँ ।

चारैतिर आकर्षक किनारा दिएर सुनौला अक्षरमा अभिनन्दन पत्र छापियो । जीवनमा पहिलोपटक त्यसरी सजिएर छापिएको आफ्नो कल्पनाको चमत्कार अगाडि आउँदा मेरो गर्व र खुसीको कुनै सीमा रहेन । रातो सिल्कमा छापिएको प्रति सुनौला फ्रेम हालेर मडियो । 'अहा ! अब यो अभिनन्दन पत्र राजाका बाहुलीमा पुग्छ, त्यो देखेर मेरो कवित्वले राजाको अनुहार मुस्काउँछ ।

विश्वविद्यालयको स्थापना हुन्छ । म त्यसको उपकुलपति !' यी कुरा सम्झेर मेरो मनको मयूरपङ्ख फिँजाई-फिँजाई नाच्नथाल्यो । म सुनौलो सपनामा रमाएर इन्द्रेणीमा चिप्लेटी खेल्न थालेँ ।

शालिग्रामजीले भन्नुभो- 'हाम्रो अफिसमा एक जना तिवारी भन्ने हाकिम छन् । उनी साहित्यमा पनि दखल राख्छन् र अलिअलि नेपाली भाषा पनि जान्दछन् । एकपटक उनलाई पनि यो अभिनन्दन पत्र सुनाउँ, हेरौँ के सुझाव दिन्छन् ।'

मैले भनेँ- यो छापिएर तयार भैसक्यो, अब कस्तो सुझाव ? र, मनमनै भनेँ- शालिग्रामजी पनि क्या मान्छे हुनुहुन्छ, साहित्यको कुरा हाकिमलाई जँचाउने ! मलाई आफ्नो प्रतिभाको अपमान भएजस्तो लाग्यो तर उहाँको बढी आग्रह हुनाले ती हाकिम भएका ठाउँमा पुग्नैपर्‍यो ।

उहाँले तिवारीसँग मेरो परिचय गराउँदै भन्नुभो- 'ये हैं हमारे नवोदित नेपाल के कवि । पाणिनि विश्वविद्यालय स्थापना की मागको लेकर इन्होने नेपाल नरेश के लिए एक अभिनन्दन पत्र लिखा है । हम चाहते हैं कि आप भी सुनें और सुझाव दें ।'

'अच्छा सुनाइए' तिवारीजी तुरुन्तै सुन्न तयार भए । म श्लोकहरू पढ्न थालेँ । उनी वाह ! वाह गर्न थाले । जब श्लोक समाप्त हुन्थ्यो । उनी भन्थे- 'कैसी सुन्दर लालित्यपूर्ण पदावली है ।' म फेरि अर्को श्लोक भन्थेँ, उनी भन्थे- 'वाह, अलङ्कारोंका भी क्या चमत्कार दिखाया है आपने !' र, बीचबीचमा उनी भन्थे- 'वाह ! वाह ! इसे एकवार फिर दुहराइए ।' आखिरमा उनले भने- 'आपने तो राजाकी प्रशंसा मे, कालीदासको भी माथ कर दिया । शब्दोंकी खूवी ऐसी है की आपमें मै क्या कहूँ । ऐसा कल्पनापूर्ण अभिनन्दन पत्र सायद ही आजतक किसी ने लिखा होगा !'

उनका प्रशंसाले म सातौँ आकाशमा पुगेँ । उनले शालिग्रामजीलाई भने- 'जब आप ऐसा अभिनन्दन पत्र चढाएँगे तो, महाराजा के खुसी की सीमा नहीं रहेगी । आपका विश्वविद्यालय अवश्य स्थापित होगा !' यो एक प्रकारले खिसी गरेर उनले भनेका थिए । तर, मैले त्यसरी बुझिनँ, न त शालिग्रामजीले नै बुझ्नुभयो ।

'हाँ, मै नै कहा था न, देख लिया आपने हमारे कविकी प्रतिभा' भनेर फुरुङ्ग हुँदै शालिग्रामजी आफ्नो कामतिर जानुभो ।

तिवारीजीले भने- 'भाइ प्रश्रितजी, जरा दो मिनट रुकिये, मै आपको चाय पिलाऊँ ।' एकैछिनपछि दुई कप चिया आइपुग्यो । मतिर चिया बढाएर एक-दुई चुस्की लिँदै उनले भने- 'प्रश्रितजी, अगर आप बुरा नमानें तो मै आपसे कुछ वात कहूँ ।'

'हाँ हाँ, निस्सङ्कोच कहिए । बुरा माननेकी वात ही क्या है' मैले भनेँ ।

- हमारे कवि लोग सरस्वतीको 'शुक्ला', 'शुक्ला वसना' कहते हैं न !

- जी हाँ, कहते हैं ।

- मै समझता हूँ, इसका मतलव है- वह सफेद है, अज्ञान के अन्धकारको नाश करनेवाली आलोक है । आप बताइए, वही सरस्वती कवियोंकी आराध्य देवी है कि नही ?

- बिलकुल, इस मे दो राय कहाँ है ?

- तब आप अपनी सम्मान्य उस आराध्य देवीको ऐसी कीचड भरी गन्दी नालीमें क्यों घसीट रहे हैं ?

'मै ..... मैं मतलब नही समझा' मैले केही सक्पकाउँदै भनेँ ।

- ये सामन्ती राजे-रजवाडेलोग कीचड मे रहनेवाले मेढक के समान हैं, कीडे मकोडेके सामने गुर्राते रहते हैं । ये युग-विरोधी अन्धकार के प्रतीक हैं । वैसे राजाका इस तरीकेसे झूठमूठ, आडम्बरौं से भरा गुणगान करना, और मिथ्या प्रशंसा में सातवें आसमान तक पुल बाँधना, यह क्या शारदा का घनघोर अपमान नहीं है ? यह पतीत दास मनोवृत्ति है । यह घोर आत्म-प्रवञ्चना है । क्या आप आधुनिक जाग्रत युगको अन्धकार युग की और धकेलना चाहते हैं ?

म खङ्ग्रङ्ङ भएँ र मिथ्या घमण्डको सातौँ आकाशबाट चट्टाने भुइँमा ड्याम्म पछारिएँ । मलाई लाग्नथाल्यो, यिनको प्रहारले मभित्रको जडता र दासताको चट्टान चर्मराउँदैछ ।

उनी झन् गम्भीर स्वरमा भन्दै गए- क्या दुनियाँमे आपके प्रशंसाके योग्य और कोई नही हैं ? देश और जनताके लिए आत्म-वलिदान करनेवाले कितने बहादुर शहीद है । इस सभ्यताका सृजन करनेवाले लाखौं मजदूर हैं, नये नये आविष्कार करनेवाले कितने वैज्ञानिक और विद्वान् हैं, सबके लिए अन्न उगानेवाले कठोर मेहनती किसान हैं, अनगिन्ती कष्ट सहकर हम सबको पैदा करनेवाली ममतामयी माताएँ है । क्या आप उनलोगों के त्याग, बलिदान, प्रतिभा, परिश्रम और ममता की प्रशंसा मे, उनके अभिनन्दन में कविता नहीं लिख सकते ? प्रिय भाइ, आपको भूतका नही भविष्यका अभिनन्दन करना चाहिए ।

म लाज, आत्मग्लानि र हीनताले आफूलाई आगाका अगाडि हिउँको ढिका गलेझैँ अनुभव गर्नथालेँ । सोचेँ- सकेको हानुन् मलाई, अझै हिर्काउन् यिनी ।

उनले बडो स्नेहालु शब्दमा भने- आप पूरे आदरसाथ अपनी शारदाको उस गन्दी नाली से फौरन उठा लीजिए, इस अपराधके लिए गम्भीरताके साथ उनसे क्षमा याचना कीजिए । उन के गन्दे कपडे धो दीजिए और स्वच्छ हवावाले खुले राजमार्ग से निर्भीकताके साथ उनको आगे बढाइए । बस्, मै इतना ही कहना चाहना हूँ । यदि यस से आपको कुछ तकलीफ हुवा हो तो मुझे क्षमा करें !

मलाई लाग्यो, मभित्र भत्केर धूलो परेका जडताका चट्टानहरूको बीचबाट एउटा नयाँ सूर्य उदाउँदैछ । मैले भनेँ- 'यहाँ पर क्षमा की वात कहाँ आई ! मेरे उपर तो आपको और निर्ममताके साथ हथौडा चलाना चाहिए था । फिर भी आपने जितना चलाया, उससे मेरे मनको जकडने वाली गुलामी की बहुत सी वेडियाँ टूट गई हैं । मै आगे अपनी अराध्य शारदाका जरुर सम्मान करुँगा । आपको बहुत बहुत शुक्रिया !'

आधा घण्टा उनको साथमा बसेर म हिँडे । मलाई लाग्यो, उनले मेरो जीवनको बाटो नै फोरिदिएका छन् र म कुनै महान् मुक्त विश्व-विद्यालयबाट ज्ञानको आलोक लिएर निस्कँदैछु । तर दूर्भाग्य, त्यसपछि निकै प्रयास गर्दा पनि मैले न तिनलाई भेट्नसकेँ, न उनको पूरा नाम र ठेगाना नै थाहा पाउन सकेँ । तर, आधा घण्टामा मलाई नयाँ गोरेटो देखाउने ती व्यक्तिलाई मैले जीवन-गुरु मानेको छु ।

*'अतीतका पाइलाहरू'बाट*